# परिच्छेद-एक

## शोध–प्रबन्ध परिचय

### १.१ शोध शीर्षकः-

प्रस्तुत शोध–प्रबन्धको शीर्षक **“राष्ट्र-निर्माता खण्डकाव्यको कृतिपरक अध्ययन”** रहेको छ ।

### १.२. शोध–प्रबन्धको प्रयोजनः

प्रस्तुत शोध-प्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रा. रा. ब. क्याम्पस जनकपुरको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि लेखिएको छ ।

### १.३. विषय परिचयः

माधव घिमिरे (वि.सं. १९७६) नेपाली साहित्यका सुपरिचित व्यक्तित्व हुन् । गौरीशंकर उपाध्याय र द्रौपदीदेवीका पहिलो सन्तानको रुपमा माधव घिमिरेको जन्म भएको हो । यिनी नेपाली साहित्येतिहासमा दीर्घजीवन र दीर्घसाधना पाउने प्रतिभाको रुपमा चिनिन्छन् ।

यिनले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि मुख्य विधा भने काव्य हो । यिनलाई नेपाली साहित्यमा स्वच्छन्दतावादी र परिष्कारवादी भावधाराका सन्तुलित कविका रूपमा लिइन्छ । घिमिरेले नेपाली खण्डकाव्यका फाँटमा महत्त्वपूर्ण योगदान दिएका छन् । यिनका प्रमुख खण्डकाव्यहरुमा **पापिनी आमा** (२०१३), **नयाँ नेपाल** (२०१३), **गौरी** (२०१५), **राजेश्वरी** (२०१७), **राष्ट्र-निर्माता** (२०२३), **धर्तीमाता** (२०३०), **बोराको परदा** (२०५७), **गौँथली र गजधम्मे** (२०५७), **इन्द्रकुमारी** (२०५७) रहेका छन् । **राष्ट्र-निर्माता** खण्डकाव्य मूलतः ऐतिहासिक युगपुरुष पृथ्वीनारायण शाहप्रति नेपाली हृदयले गद्गदाएर समर्पण गरेको विशेषणलाई नै काव्यको नाम रोजिएको खण्डकाव्य हो । **राष्ट्र-निर्माता** खण्डकाव्य सचेत राष्ट्रवादी चिन्तन प्रवाहकै एक उत्कृष्ट नमूना हो । अखण्ड राष्ट्र प्रेमको ज्यूँदो गीत गाइएको प्रस्तुत काव्य घिमिरेको उत्कृष्ट काव्य हो ।

### १.४. समस्या कथनः

नेपाली साहित्यमा माधव घिमिरेले कविता, खण्डकाव्य, गीत, बालगीत र गीतिनाटकका क्षेत्रमा कलम चलाएका छन् । उनको खण्डकाव्य लेखनले नेपाली खण्डकाव्यलाई अघि बढाउन विशेष सहयोग पुऱ्याएको छ । उनको कविता, गीत, गीतिनाटक र अन्य खण्डकाव्यहरुको अध्ययन भए पनि **राष्ट्र निर्माता** खण्डकाव्यको बारेमा विस्तृत अध्ययन हुन सकेको छैन । यिनै खण्डकाव्यगत विषयलाई यस शोध–प्रबन्धले अध्ययनको केन्द्र बनाएको छ र निम्नलिखित मुख्य शोध समस्याको विवेचनामा केन्द्रित रहेको छ :

क) माधव घिमिरेको परिचय र प्रवृत्ति के कस्तो छ ?

ख). माधव घिमिरेको खण्डकाव्य यात्राको चरण के कति छ ?

ग). **राष्ट्र निर्माता** खण्डकाव्य रचनाको मुख्य प्रेरणा र प्रभावका स्रोत के कस्तो छ ?

घ). नेपाली खण्डकाव्यका फाँटमा घिमिरेको योगदान कस्तो छ ?

ङ). **राष्ट्र-निर्माता** खण्डकाव्यको विधागत स्वरूप कस्तो छ ?

## १.५. शोध–प्रबन्धको उद्देश्यः

यस शोध–प्रबन्धका मूल उद्देश्य समस्याकथनमा उठाइएका सम्पूर्ण समस्याहरु समाधान गर्नु रहेको छ। यस शोध-प्रबन्धका निम्न लिखित उद्देश्य रहेका छन् :

क. माधव घिमिरेको खण्डकाव्य यात्रा प्रस्तुत गर्नु,

ख. **राष्ट्र-निर्माता** खण्डकाव्य रचनाको मुख्य प्रेरणा र प्रभावका स्रोत पहिल्याउनु,

ग. नेपाली खण्डकाव्यका फाँटमा घिमिरेको स्थान अङ्कन गर्नु,

घ.**राष्ट्र-निर्माता** खण्डकाव्यको विधागत स्वरूप पहिल्याउनु ,

## १.६. पूर्वकार्यको समीक्षाः

माधव घिमिरे नेपाली साहित्यमा कवि, खण्डकाव्यकार, गीतकार र गीतिनाटककारका रुपमा चिनिन्छन् । उनको कविता, खण्डकाव्य र गीतिनाटक लेखनले आधुनिक नेपाली साहित्यलाई अघि बढाउन विशेष सहयोग पुऱ्याएको छ । घिमिरेका कविता, विभिन्न खण्डकाव्य र गीतिनाटकको गहन

अध्ययन भए पनि **राष्ट्र-निर्माता** खण्डकाव्यका बारेमा छिटफुट रूपमा मात्र अध्ययन भएको छ । उनको **राष्ट्र-निर्माता** खण्डकाव्यका बारेमा लेखिएका प्रकाशकीय, मन्तव्य, भूमिका, समालोचात्मक पुस्तक र विभिन्न पत्रपत्रिकामा गरिएका सामान्य चर्चा तथा

शोधकर्ताहरूद्वारा दिइएको सामान्य परिचय नै यस शोधपत्रका निम्ति पूर्वकार्यको समीक्षा हुन आएका छन् । तसर्थ माधव घिमिरेको **राष्ट्र-निर्माता** खण्डकाव्यका बारेमा यस शोध–प्रबन्धपूर्व भएका चर्चा परिचर्चाहरूको समीक्षा यहाँ सङ्क्षेपमा कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

क. "**राष्ट्र-निर्माता** खण्डकाव्य घिमिरेले २०३० सालमा रचना गरेका हुन् । यस काव्यको पहिलो प्रकाशन त्यही साल रोयल नेपाल एकेडेमीबाट प्रकाशित 'कविता' पत्रिकाको वर्ष २ अंक ४ को काव्य विशेषाङ्कमा प्रकाशित भई पुस्तकाकार रूपमा २०३० सालमा प्रकाशित हुन आएको छ।" (न्यौपाने,२०३०:२७)

ख. "यस काव्यमा मुख्य रूपले राष्ट्र निर्माणको महायज्ञ दृढ रुपमा एकातिर अविश्रान्त बढेर गइरहेको छ भने सँगसँगै विखण्डनवादी सङ्कीर्ण ईर्ष्या, स्वार्थ, अविवेक र सङ्कुचित अहम् पनि

टाउको उठाउँदै गइरहेको छ । ती सङ्कुचित अवरोधहरुको प्रतिकारमा राष्ट्रिय विशाल आत्मा उत्तेजित भयो र सङ्कल्प र चेतनाहरु जुर्मुराए, यसै चेतना तन्तुलाई प्रस्तुत काव्य कृतिले आत्मसात गरेको छ । " ( भट्टराई, २०३४:७४-७५)

ग. " देशलाई बाँसुरीसित र त्यसमा रहेको सत्तालाई रागसित गरिएको तुलनाले कविको काव्य चातुरीलाई निकै उचालेको छ ।"

( त्रिपाठी, २०३४:६८)

घ. "यस काव्यमा राष्ट्रिय एकताको मात्र होइन विश्व एकताको ध्वनि छ । " ( भट्टराई, २०३५:१४)

ङ. "नेपालको इतिहासको एक खण्डलाई उपजीव्य आधार बनाएर कवि घिमिरेले **राष्ट्र-निर्माता** खण्डकाव्यको रचना गर्नु भएको हो ।" (गौतम२०३७:५२)

च. " जसले सम्पूर्ण राष्ट्रजनको भविष्यभित्र आफ्नो पनि भविष्य देख्छ-त्यही नै स्रष्टा हो र यस्तै स्रष्टाबाट राष्ट्रिय हितको सृष्टि हुन सक्छ ।"
(घिमिरे,२०४९:२)

छ. "यस खण्डकाव्यका माध्यमबाट ऐतिहासिक आदर्श र यथार्थलाई आजको हतास वर्तमान जीवन र जगत्का साम् उभ्याएर घिमिरेले खदिलो काम गरेका छन् ।"
(रिसाल,२०५०:२८६)

ज. "राष्ट्र निर्माता ऐतिहासिक व्यक्तित्व र ऐतिहासिक घटनालाई लिएर लेखिएको हुनाले यो विषय वस्तुका दृष्टिले ऐतिहासिक खण्डकाव्य हो । " (उपाध्याय, २०५६:१५९)

झ. "कवि घिमिरेले पनि यस काव्यको प्रारम्भमा छोटो गद्यांश दिएर यसमा एउटा ऐतिहासिक प्रसङ्ग मात्र रहेको सङ्केत गरेका छन्, कुनै कथा वा कथावस्तु रहेको छ भन्न चाहेका छैनन् । "
(पोखरेल, २०५६: ८४)

ञ) "विशाल र अखण्ड नेपालका स्वप्नद्रष्टा ऐतिहासिक आदर्श पृथ्वीनारायण शाहको राष्ट्र निर्मातारूपी विशेषतालाई खण्डकाव्य 'राष्ट्रनिर्माता'मा अति ओजस्वी रुपमा चित्रण गरिएको छ ।"
(प्रधान,११०:२०६०)

ट. "यदि राष्ट्रलाई खण्ड-खण्ड वा टुक्रा-टुक्रामा विभाजन गरी कसैले राष्ट्र सेवा गरेको बताउँछ भने त्यहाँ राष्ट्रियता त के राष्ट्रवासीको पनि आशय रहँदैन भन्ने आरोप नै यसको मूल प्रतिपाद्य विषय बनेको छ । "
(निरौला,२०६४:१८४)

ठ. इतिहासका पानामा समेत उल्लेख भएका पृथ्वीनारायण शाह र उनका भाइहरूबीच राज्य विखण्डन सम्बन्धी भएको विवादलाई यस काव्यको केन्द्रीय कथ्य बनाएका कारण काव्यमा ऐतिहासिक वस्तुस्रोतको प्रयोग गरिएको छ । "
(पौडेल, २०६८:९८)

यसरी **राष्ट्र-निर्माता** खण्डकाव्यका बारेमा विभिन्न विद्वान्हरुले टिप्पणी गरे पनि विधागत तत्त्वको आधारमा विश्लेषण गर्ने जमर्को कसैले गरेका छैनन् । त्यसैले माधव घिमिरेको **राष्ट्र- निर्माता** खण्डकाव्यको विधागत विश्लेषण तर्फ प्रस्तुत शोध-प्रबन्ध उन्मुख रहेको छ ।

## १.७. शोधकार्यको औचित्य र महत्त्व :

माधव घिमिरे कवि, खण्डकाव्यकार, गीतकार, बालगीत र गीतिनाटककार हुन् । उनको जीवनी व्यक्तित्व, उनका कविता अन्य काव्य र गीतहरुका बारेमा विस्तृत अध्ययन गरिएको भए पनि उनको **राष्ट्र-निर्माता** खण्डकाव्यको विधातत्त्वका बारेमा अध्ययन भएको देखिँदैन । यसर्थ प्रस्तुत शोध-प्रबन्धमा माधव घिमिरेका **राष्ट्र-निर्माता** खण्डकाव्यको विधातत्त्वका आधारमा अध्ययन

५

गरी उनको खण्डकाव्य यात्रा, प्रवृत्ति तथा योगदानका बारेमा वस्तुगत निष्कर्ष स्थापित गरिएको छ । यस शोध-प्रबन्धमा गरिएको अनुसन्धानात्मक अध्ययनले उनको खण्डकाव्यकारिता सम्बन्धमा प्रमाणिक निष्कर्ष प्रस्तुत गर्ने हुनाले यस शोध-प्रबन्धको प्राज्ञिक एवम् अनुसन्धानात्मक औचित्य पुष्टि भएको छ । **राष्ट्र-निर्माता** खण्डकाव्य कविले रच्नुको कारण जान्न एवम् नेपाली साहित्यको इतिहास लेखन तथा साहित्यिक गतिविधिको मूल्याङ्कनमा पनि यस शोधकार्यले सहयोग पुऱ्याएको हुनाले यो शोध-प्रबन्ध उपयोगी बनेकोछ ।

## १.८. शोधकार्यको सीमाङ्कनः

माधव घिमिरेले कविता, खण्डकाव्य, गीत, बालगीत र गीतिनाटक लेखेका भए पनि प्रस्तुत शोध-प्रबन्धमा भने उनको **राष्ट्र-निर्माता** खण्डकाव्यको अध्ययन र विश्लेषण गरी उनको खण्डकाव्य यात्रा र खण्डकाव्यात्मक प्रवृतिको निरुपण गरी उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानका बारेमा अध्ययन गरी उनको **राष्ट्र-निर्माता** खण्डकाव्यको विधागत **तत्त्वको** आधारमा अध्ययन गरिनु यस शोध-प्रबन्धको क्षेत्र बनेको छ ।

## १.९. सामग्री सङ्कलन विधिः

यस शोधकार्यको सामग्री सङ्कलनमा पुस्तकालय विधिको अधिक उपयोग गरिएको छ । त्यसै क्रममा सम्बन्धित विषयका पुस्तक तथा पत्रपत्रिकाहरुको आवश्यक अध्ययन मनन गरी तथ्य सङ्कलन गरिएको छ । यसका खण्डकाव्यकार माधव घिमिरेसँग पनि आवश्यक सल्लाह र सुझाव लिई शोध-प्रबन्धलाई पूरा गरिएको छ । **राष्ट्र-निर्माता** खण्डकाव्यसँग सम्बन्धित अध्येताहरु एवम् विषयविज्ञसँग सुझाव लिइएको छ । त्यस्तै खण्डकाव्यको सैद्धान्तिक अध्ययनका लागि र नेपाली खण्डकाव्यको परम्पराको अध्ययनमा तत् तत् विषय क्षेत्रका सामाग्रीहरु सङ्कलन गरिएका छन् ।

## १.१०. सैद्धान्तिक ढाँचा र विश्लेषण विधिः

**राष्ट्र-निर्माता** खण्डकाव्यको अध्ययन गर्दा मुख्यतया खण्डकाव्यका तत्त्वहरु,आख्यान विधान, भावविधान, केन्द्रीय कथ्य, सर्ग योजना, कथ्य पद्धति, लय विधान, अलङ्कार विधान र भाषाशैलीलाई विश्लेषणको आधार बनाइएको छ । आख्यान विधान अन्तर्गत कथावस्तु, पात्रविधान र परिवेश विधानलाई समेटिएको छ । अन्य तत्त्वहरुको सापेक्षतामा पनि प्रत्येक खण्डकाव्यको छुट्टाछुट्टै शीर्षक-उपशीर्षकमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.११. शोध-प्रबन्धको रुपरेखाः

प्रस्तुत शोध-प्रबन्धको संरचनालाई सन्तुलित र व्यवस्थित बनाउनका लागि छ परिच्छेदमा विभाजन गरी सबै परिच्छेदलाई आवश्यकताअनुसार दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक, उपशीर्षक, उपउपशीर्षकमा विभाजन गरिएको छ । यस शोध-प्रबन्धको मुख्य रूपरेखा सङ्गठन यस प्रकार रहेको छ :

परिच्छेद एक - शोध परिचय
परिच्छेद दुई - खण्डकाव्यको सैद्धान्तिक स्वरूप र विधातत्त्वहरु
परिच्छेद तीन - नेपाली खण्डकाव्यको विकासक्रम र **राष्ट्र-निर्माता** खण्डकाव्यको उदय
परिच्छेद चार - नेपाली खण्डकाव्यमा घिमिरेको योगदान

परिच्छेद पाँच - **राष्ट्र-निर्माता** खण्डकाव्यको अध्ययन र विश्लेषण

परिच्छेद छ - उपसंहार र निष्कर्ष

# परिच्छेद दुई

## खण्डकाव्यको सैद्धान्तिक स्वरूप र विधातत्त्वहरू

## २.१ खण्डकाव्यको सैद्धान्तिक स्वरूप

'खण्डकाव्य' शब्द संस्कृत भाषाबाट लिइएको हो । जीवनको कुनै एक खण्ड विशेषको कविद्वारा रचना गरिएको काव्य नै खण्डकाव्य हो । यो 'खण्ड' र 'काव्य' जस्ता दुई शब्द मिली बनेको छ । खण्डको अर्थ कुनै वस्तुको टुक्रा र 'काव्य' को अर्थ कविको कुशल रचना भन्ने बुझिन्छ । तसर्थ खण्डकाव्य भनेकै कविद्वारा रचना गरिएको जीवनको एक खण्ड विशेष प्रधान कृति हो । काव्यको खण्ड नै खण्डकाव्य हो । प्रारम्भमा काव्यले सम्पूर्ण साहित्यलाई समेट्ने गर्थ्यो तर हाल आएर साहित्यभित्र काव्य पर्दछ । साहित्य र काव्य पर्यायवाची शब्द हुन् । काव्यका विविध रूपहरूमध्ये खण्डकाव्य मध्यम रूप हो । साहित्य एउटा विराट् भाषिक कलाका रूपमा विकसित हुँदै गएको र काव्य चाहिँ साहित्यकै एक भेद विशेषका रूपमा सिमित हुन पुगेको हो । कविताका लघुतम, लघु, मध्यम, बृहत् र वृहत्तर गरी पाँच भेदहरू रहेका छन् र तिनमा मध्यम भेद नै खण्डकाव्य हो ( निरौला,२०६६ ५०) । खण्डकाव्यमा कविताका धेरैजसो गुणहरूको अन्तरप्रभाव पाइने हुँदा कविता वा काव्यसम्बन्धी कतिपय धारणाबारे स्पष्ट हुनु आवश्यक छ । पश्चिमी जगत्मा पनि कविता, काव्य र साहित्यसम्बन्धी खासै भिन्नता पाइन्न ।

ऋग्वेदमा 'कवि' शब्दले विश्वस्रष्टा परमेश्वरलाई र 'काव्य' शब्दले उसको विश्वसृष्टिलाई बुझाउँथ्यो भने  त्यसको अर्थ सङ्कोच हुँदै जाँदा 'काव्य' शब्दले कविकृत भाषिक वा शब्दार्थमय त्यस सृष्टिलाई बुझाउन थाल्यो जसलाई साहित्य भनिन्छ । अर्थसङ्कोचका क्रममै 'काव्य' शब्दले छन्दोबद्ध रूप वा पद्यलाई मात्र बुझाउन थाल्यो र त्यसपछि अझ अर्थसङ्कोच भई यस शब्दले पद्यका पनि मुक्त रूपलाई बुझाउन छाडी कोषकाव्य, लद्युकाव्य, खण्डकाव्य र महाकाव्य जस्ता प्रबन्धात्मक रूपलाई मात्र बुझाउन थाल्यो । (अवस्थी, २०६४:,३९) ।

### २.२.१ पूर्वीय काव्यशास्त्रीहरूका दृष्टिमा खण्डकाव्य

विश्व साहित्यको इतिहास हेर्ने हो भने संस्कृत साहित्य ज्यादै पुरानो रहेको छ । पूर्वीय काव्यशास्त्रीहरूले खण्डकाव्यको अस्तित्वबारे प्रत्यक्ष वा परोक्ष  रूपमा चर्चा गर्दै आएका छन् । पूर्वीय साहित्यमा सर्वप्रथम साहित्य वा काव्यको परिभाषा गर्ने क्रममा नभई नाटकको परिभाषा भरतले गरे । त्यही नाटकको परिभाषा नै पूर्वीय साहित्यमा पहिलो साहित्यिक परिभाषा बन्न पुग्यो । पूर्वीय साहित्यमा देखा परेका विभिन्न आचार्यहरूले साहित्य वा काव्यको परिभाषा गर्छु भनेर गरेको देखिँदैन । उनीहरूले आ-आफूले प्रारम्भ गरेको विभिन्न सम्प्रदाय वा सिद्धान्तको चर्चा गर्ने क्रममा साहित्य वा काव्यको परिभाषा समावेश भएर आएको देखिन्छ ।

संस्कृत साहित्यशास्त्रको परम्परामा सर्वप्रथम रुद्रटले देखाएका प्रबन्धकाव्यको लघु भेद (लघु काव्य) ले खण्डकाव्यका लक्षणलाई निकै मात्रामा प्रष्ट्याएको छ (अवस्थी :ऐजन)।

संस्कृत काव्यशास्त्र परम्परामा सर्वप्रथम आचार्य भामहले काव्यको विधागत वर्गीकरण गरेका हुन् । उनले काव्यको वर्गीकरण छन्द, भाषा, विषय र स्वरूपलाई आधार मानेर गरेका छन् ।

उनका अनुसार छन्दका आधारमा गद्य र पद्य भाषाका आधारमा संस्कृत,प्राकृत र अपभ्रंश, विषयका आधारमा ख्यातवृत, कल्पित, कलाश्रित र शास्त्राश्रित र स्वरूपविधानका आधारमा सर्गबद्ध,अनिबद्ध,कथा,आख्यायिका र अभिनेयार्थ गरी काव्यका पाँच भेद हुन्छन् (अवस्थी :ऐजन)।

भामहको वर्गीकरणमा खण्डकाव्यको बारेमा प्रत्यक्ष रूपमा चर्चा नभए पनि छन्द एवम् स्वरूपविधानका दृष्टिले गरिएको काव्यभेद अन्तर्गत पद्यबद्ध (लयात्मक) रचना र सर्गबद्धता खण्डकाव्यका लागि अनुकूल तत्व मानिन्छ । भामह पछि दण्डी  र वामनका काव्यभेदसम्बन्धी चर्चा परिचर्चा केलाउँदा खण्डकाव्यको स्वरूपबारे प्रशस्त पूर्वसङ्केतहरू देखा परेपनि खण्डकाव्यको स्पष्ट सङ्केत देखा पर्दैन । तसर्थ रुद्रटको प्रबन्धकाव्य भेदसम्बन्धी परिचर्चाबाट खण्डकाव्यबारे विशेष उपलब्धी भएको छ ।

पूर्वीय साहित्यशास्त्र परम्परामै खण्डकाव्य शब्दको स्पष्ट निर्देश वा परिभाषा विश्वनाथको **साहित्य दर्पण** मार्फत भएको हो । विश्वनाथले काव्यको वर्गीकरण गर्नेक्रममा प्रबन्ध विधा अन्तर्गत खण्डकाव्यलाई समावेश गरेका छन् । यसरी हेर्दा भरत हुँदै विश्वनाथसम्मको काव्यशास्त्रीय परम्परामा विश्वनाथ नै

खण्डकाव्य शब्दलाई प्रयोग गर्ने प्रथम आचार्यको रूपमा देखा पर्दछन् । विश्वनाथका अनुसार खण्डकाव्यमा पञ्चसन्धिलाई अस्वीकार जीवन जगत्को समग्रताका स्थानमा एकपक्षीय अभिव्यक्ति हुनुपर्छ । तसर्थ खण्डकाव्य महाकाव्यको तुलनामा अपेक्षाकृत न्यून, अल्प र लघुतालाई वरण गर्ने आफैँमा पूर्ण प्रबन्ध रचना हो । विश्वनाथले महाकाव्यका सापेक्षतामा 'काव्य' लाई चिनाई त्यही काव्यका सापेक्षतमा नै खण्डकाव्यलाई चिनाएका छन् । उनले **भिक्षाटन** र **आर्याविलास** जस्ता काव्यलाई उदाहरणका रूपमा पेस गर्दै 'काव्य'का एक देशको अनुसरण गर्ने काव्य नै खण्डकाव्य हो भनेका छन् । यसरी हेर्दा संस्कृत साहित्यशास्त्रमा कविता विधाको एक उपभेदका रूपमा सर्वप्रथम 'खण्डकाव्य'को नामाङ्कन र लक्षण निर्देश गर्ने काम आचार्य विश्वनाथबाट भएको देखिन्छ ।

भामहदेखि विश्वनाथ सम्मको काव्यशास्त्रीय परम्परामा अन्ततः विश्वनाथको खण्डकाव्यसम्बन्धि चिन्तनमा नै नवीनता र स्पष्टता पाइन्छ तर विश्वनाथको खण्डकाव्यसम्बन्धि चिन्तनका पछाडि पूर्ववर्ती आचार्यहरूको अवधारणा एवम् चिन्तनको व्याख्या प्रमुख रहेको छ । पूर्वीय साहित्यमा महाकाव्य जस्तो खण्डकाव्यले मौलाउने अवसर पाएको देखिँदैन । संस्कृत साहित्य-परम्परामा व्यास, वाल्मीकि, कालिदास तथा अश्वघोष आदि कविभन्दा भामह आदि साहित्यशास्त्रीहरू पछि देखा परेका हुन् । भामह आदिको उदयपूर्व नै कालिदास आदिका रचनाहरू प्रसिद्ध भइसकेको अवस्थामा **मेघदूत** आदिलाई आधार मानेर खण्डकाव्यहरूको लक्षण पनि तयार गरेको देखिन्छ । जेहोस् समयको अन्तरालसँगै साहित्य जगत्मा देखा पर्दै आएको काव्य लेखनको क्रम काव्यप्रतिको लोकप्रियता, शास्त्रीय परम्पराको परिवर्तनशीलता आदिले खण्डकाव्यसम्बन्धि विषयलाई प्राथमिकता दिनु एउटा सान्दर्भिक चरण मान्न सकिन्छ ।

## २.२.२ पाश्चात्य काव्यशास्त्रीहरूका दृष्टिमा खण्डकाव्य

पाश्चात्य साहित्यका प्रथम काव्यशास्त्री एरिस्टोटल हुन् । उनको **पेरिपोयतिकेस** मा साहित्य सिद्धान्तबारे प्रशस्त चर्चा परिचर्चा छ । उनको यस काव्यशास्त्रमा दुःखान्त नाटक, महाकाव्य र सुखान्त नाटक र व्यङ्ग्यका बारेमा केही उल्लेखनीय चर्चा भएपनि काव्यका बारेमा सन्दर्भमात्र उठाएका छन् ।

उनी साहित्यलाई भाषिक अनुकरण मान्छन् जसमा अनुकर्ताको स्वभाव, अनुकार्य नियम र अनुसरण विधिको निश्चित प्रक्रिया एवम् प्रभाव रहेको हुन्छ ।

एरिस्टोटलका काव्यमान्यतालाई विविध पक्षबाट हेर्दा समाख्यानात्मक काव्य अन्तर्गत कविताविधाको मझौला आकारमा आबद्ध व्यङ्ग्यात्मक वा वीरतात्मक प्रस्तुति परक उदात्त, क्षुद्र वा यथार्थ अभिव्यक्ति भएको काव्य नै खण्डकाव्य हो (निरौला,२०६६:५९) ।

एरिस्टोटलपछि पश्चिमी जगत्मा खण्डकाव्यको सैद्धान्तिक चर्चा लामो समयसम्म भएको पाइँदैन । बीसौँ शताब्दीतिर विलियम हेनरी हड्सनको काव्यमान्यता र काव्यवर्गीकरण स्पष्ट रूपमा देखा पर्दछ । उनले कविताका विषयीगत तथा विषयगत वर्गीकरणहरू देखाउने

क्रममा आख्यानात्मक र नाट्यात्मक गरी विषयीगतका अनेकभेद र विषयप्रधान कविताका लिरिक, ओड, एलिज, एपिएटल, सेटाएर, सनेट आदि अनेक उपभेदहरू देखाएका छन् । जुन खण्डकाव्यात्मक अवधारणाका दृष्टिले कुनै न कुनै अंशमा समान रहेका छन् ।

कुनै आत्मीय वा प्रियजनको निधनमा शोकभाव व्यक्त गरी छन्द वा लयमा रचिने आत्मपरक वा भावपरक रचना नै एलिज **शोक काव्य** हो । यसमा सूक्ष्माख्यानद्वारा श्लोकहरूलाई अन्वित तुल्याई प्रबन्धन प्रदान गरिने शोककाव्य भाव बिस्तार र व्यवस्थापनका दृष्टिले खण्डकाव्यसँग मिल्दोजुल्दो ठहरिन्छ । जीवनको अंश विशेषको समग्रतालाई व्यक्त गर्ने आख्यानको उपयोग गरी रचिने खण्डकाव्य र साहित्यिक गाथाका बीचमा निकै नजिकको साइनो देखापर्छ किनभने यी दुवैका आकारप्रकार विषय वा भाव समान हुन्छन् ।

पाश्चात्य कविता जगत्मा परम्परित रूपमा रहे पनि बीसौँ शताब्दीको प्रथम विश्वयुद्ध पछिका प्रयोगवादी कविताक्षेत्रमा बढी प्रचलित र प्रतिष्ठित हुन पुगेको खण्डकाव्यात्मक आयामनजिकको अर्को रूप लामो कविता हो । यो पश्चिमी साहित्यको प्रतीकवादी अभिव्यक्ति-प्रणालीबाट थालिएर अतियथार्थवाद, विसङ्गतिवाद र अस्तित्ववाद समेतलाई आत्मसात् गर्दै अघि बढेको कविता नै लामो कविता हो । पश्चिममा स्वच्छन्दतावादी युगसम्म प्रचलनमा रहेका शोककाव्य, गाथाकाव्य आदिको प्रगीतात्मक तथा आख्यानात्मक काव्य-परम्परालाई भङ्ग गर्दै नवीन प्रयोगशीलताका साथ लामो कविता देखापरेको हो । यसमा अवचेतन मनका भाव प्रवाहको बिस्तारित अमूर्त लेखन पाइन्छ (

अवस्थी:२०६४:४६) । प्रयोगवादी लामा कविताहरू शब्द, वाक्य, अनुच्छेद र प्रकरणका स्तरमा नअर्थिई समष्टि रूपमा अर्थिन्छन् । पाश्चात्य जगत्मा दीर्घ कविता (आख्यानात्मक, आख्यानरहित, प्रयोगवादी लामो कविता) नेपाली खण्डकाव्यका रूपमा अर्थिन्छन् ।

## २.२.३ नेपाली साहित्यशास्त्रीहरूका दृष्टिमा खण्डकाव्य

नेपाली साहित्यको इतिहास अन्य साहित्यको इतिहासभन्दा ज्यादै छोटो छ । वि.स. १८०१ मा श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गरी विशाल नेपालको परिकल्पना

गरेको समयदेखि नै नेपाली इतिहासको गोरेटो कोरिन्छ । यही गोरेटोमा साहित्यका विविध विधाहरूमध्ये खण्डकाव्य पनि देखा पर्दछ । पूर्वीय एवम् संस्कृत साहित्यबाट प्रभावित भएर नै होला नेपाली खण्डकाव्य पनि त्यसैबाट प्रभावित रहेको देखिन्छ । नेपाली खण्डकाव्यको जरो खोज्दै जाने हो भने सोमनाथ सिग्धालको **साहित्य प्रदीप** मा पुग्नु पर्ने हुन्छ । त्यहाँ उनले कविताको उपवर्गीकरण गर्दै मुक्तक र प्रबन्ध गरी वर्गीकरण गरेका छन् । त्यसैगरि प्रवन्धात्मक काव्यभेद अन्तर्गत महाकाव्य, खण्डकाव्य र कोषकाव्य गरी तीन भागमा विभाजन गरेका छन् ।

काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बीचैबाट उठी बीचैमा टुङ्गिएको सर्गबन्धन सन्धिबन्धनहरू नभएको छोटो काव्यलाई खण्डकाव्य भन्दछन् ( अवस्थी:ऐजन) । माधव घिमिरेले फुटकर कविताभन्दा लामो र ललित महाकाव्यभन्दा छोटो आयामको कविताको उपभेदलाई 'लघुकाव्य वा खण्डकाव्य' भनेका छन् ।

वासुदेव त्रिपाठीले कवितालाई आयामगत हिसाबले कविता विधालाई लघुतम

(मुक्तक), लघु (फुटकर), मध्यम (खण्डकाव्य/लामो कविता), वृहत् (ललित वा कलात्मक महाकाव्य) र बृहत्तर वा बृहत्तम (आर्ष महाकाव्य) गरी विभाजन गरेका छन् । यो वर्गीकरण ज्यादै वैज्ञानिक, मौलिक र उपयोगी रहेको छ । त्रिपाठीले पूर्वी-पश्चिमी काव्य-कविताका उपविधागत स्वरूपको सर्वेक्षण गर्दै नेपाली साहित्यमा देखिएका खण्डकाव्यगत विविध प्रयोगमा समेत आफ्नो सूक्ष्म दृष्टि पुऱ्याएका छन् र आयामगत विस्तारका दृष्टिले संस्कृत, अङ्ग्रेजी लगायत नेपाली साहित्यमा खण्डकाव्यलाई चिनाउने

काम समेत गरेका छन्(अवस्थी :ऐजन ) । वासुदेव त्रिपाठीका अनुसार खण्डकाव्य कविताको मझौला आयामको उपभेदमा पर्ने विधा जसमा आख्यान अङ्गाली वा नअङ्गाली जीवनजगत्को एक अंशलाई बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरक्षित गरिन्छ (अवस्थी:ऐजन) । त्रिपाठीको यो परिभाषा नेपाली खण्डकाव्यको पहिलो समान्वित र व्याख्याप्राप्त परिभाषा हो । यस परिभाषामा खण्डकाव्यमा आख्यान हुने पनि नहुने पनि मुक्त वा बद्ध जस्तो पनि हुने कविता विधाको मझौला रूप भनी समग्रतालाई चिनाउने चेष्टा गरिएको छ । यसरी **साहित्य-प्रदीप** का लेखक सोमनाथ सिग्द्यालदेखि खण्डकाव्यको वैज्ञानिक र मौलिक परिभाषा गर्ने वासुदेव त्रिपाठीको परिभाषाले नेपाली खण्डकाव्यको परिभाषालाई अझ प्रष्ट्याएको छ ।

## २.३ खण्डकाव्यका तत्वहरू :

खण्डकाव्य कविताको लघु वा वृहत् रूप नभई मझौला एवं लयात्मक प्रकारको रचना हो ।यसमा जीवनजगत्को क्षणिक वा समग्रताको चित्रण नभई जीवनको खण्डविशेषको चित्रण हुन्छ । खण्डकाव्यमा जीवनजगत्सँग सम्बन्धित खण्डविशेषसँगको प्रसङ्ग अवचेतन मनद्धारा प्रस्तुत गरिन्छ । मझौला प्रकारको रचना जसमा जीवनजगतसँग सम्बन्धित खण्डविशेषको प्रस्तुति, जो स्वयंमा पूर्ण अभिव्यक्ति हुन्छ र भाषाका माध्यमद्धारा लयात्मक रूपमा प्रस्तुत गरिन्छ । खण्डकाव्य सर्गरहित वा सर्गसहित विस्तारमा पूर्ण हुने खण्डविशेषको चित्रण हो । यसमा आख्यानात्मक वा विषयगत अवचेतनमूलक भाव प्रवाहमय हुन्छ । विभिन्न विद्वानहरूले खण्डकाव्यको तत्व आ-आफ्नै ढङ्गले प्रस्तुत गरेका छन् । कविता विद्याको मध्यम रूपका विविध ढाँचा र कविताकै आधारभूत विद्यागत तत्वलाई समेत ध्यानमा राख्दा खण्डकाव्यका तत्वहरू शीर्षक, भाषाशैली, लयविधान भाव वा भावको आख्यानीकरण, सर्गबद्धता, भावविद्यान, उक्तिढाँचा, बिम्ब-प्रतीकविधान र अलङ्करण प्रविधि र आयाम रहेको देखिन्छ । नेपालीमा आख्यान, आख्यानरहित र प्रयोगवादी लामो कविता गरी कविताका तीन ढाँचा छन् । नेपालीमा आख्यान र आख्यानरहित खण्डकाव्यमा भावात्मक लयबद्ध अभिव्यक्ति हुन्छ । प्रयोगवादी लामो कविता अर्न्तसंरचनामा निहित हुन्छ । यसरी हेर्दा उपकरणहरूलाई विशेष गरी कविताकै सापेक्षतामा लिने गरेको पाइन्छ । तापनि यसका लागि विशेष गरी शीर्षक, आख्यान, रस वा भाव, केन्द्रिय कथ्य, लय र भाषाशैलीजस्ता उपकरण वा तत्वहरूको आवश्यक्ता टड्कारो रूपमा रहेको हुन्छ।

## २.३.१ शीर्षक

शीर्षक सबै साहित्यिक विद्याका कृतिहरूको आङ्गिक तत्व हो । साहित्यका सबै विद्याका कृतिहरूको कुनै न कुनै नामकरण गरिएको हुन्छ  र त्यही नामकरण नै सम्बन्धित साहित्यिक कृतिको 'शीर्षक' हो । 'शीर्षक' शब्द संस्कृतको 'शीर्ष' शब्दमा 'क' प्रत्यय लागेर बनेको हुन्छ,

जसले टाउको फेटा, पगरी वा शिरमा राखिने वस्तुलाई बुझाउँछ अथवा खण्डकाव्य, कविता, लेख, निबन्ध आदि जुनसुकै रचनाको शिरमा रहने नामलाई बुझाउँछ (निरौला,२०६६:६०) । यसले रचनाको सारभूत कुरालाई सङ्केत गर्ने अथवा कथ्य विषयलाई उद्घाटित गर्न सक्ने प्रमुख घटकका रूपमा यसको महत्वपूर्ण भूमिका रहने हुँदा यसलाई खण्डकाव्य, कविता, निबन्धजस्ता साहित्यिक विधा-उपविधा आदिको प्रमुख तत्वका रूपमा लिइन्छ ।

छोटो, छरितो शब्द वा पदावलीको तहमा आएको शीर्षक उपयुक्त मानिन्छ । खण्डकाव्यका सन्दर्भमा शीर्षकको अभिप्राय खण्डकाव्यात्मक रचनाको अभिधेय, संज्ञा वा नाम हो । यसकै आधारमा सम्पूर्ण खण्डकाव्यको पहिचान हुने हुँदा यो कुतूहलता पूर्ण हुनुपर्छ । खण्डकाव्यको शीर्षक चयन पात्रका नाम, खण्डकाव्यको विषयवस्तु वा भाव, पात्रको नाम वा विषयवस्तु मिश्रण र यी सबैलाई मिलाएर पनि गरिन्छ ।

## २.३.२ आख्यान

आख्यान भन्नाले कथानक बुझिन्छ । साहित्यमा कथा वा कहानीका रूपमा भनिने वा वर्णन गरिने कुरालाई आख्यान भनिन्छ  (निरौला,२०६६:६१) । कथा वा उपन्यासका निम्ति आख्यान अनिवार्य तत्व भए पनि कविता विद्याका निम्ति सहायक तत्व मात्र हो र आख्यानको प्रधानता भएको कृतिचाहिँ 'खण्डकाव्य' नबनी कविताख्यान बन्न जान्छ (अवस्थी:२०६४:५०) । खण्डकाव्यमा खण्डकाव्यकारले आख्यानको प्रयोग गर्न पनि सक्छन् र नगर्न पनि सक्छन् । खण्डकाव्यमा आख्यानको चाप हुनुहुँदैन । खण्डकाव्यमा प्रयोग गरिएको कथानकमा आदि,मध्य र अन्त्यको भागमा कार्यकारण कार्यका शृङ्खलामा

उनिएका घटनाहरूका योगबाट विकसित बनेको कथावस्तु, नायक-नायिका-खलनायक, सहायक पात्र-पात्री आदिको चरित्रयोजना र देशकाल-वातावरणको झलक दिने परिवेश विद्यान हुनु जरूरी छ ( अवस्थी:ऐजन) । खण्डकाव्यकारले रचना गरेको खण्डकाव्यको विषयवस्तुको स्रोत प्राकृतिक, पौराणिक, ऐतिहासिक, सामाजिक, दार्शनिक जुनसुकै प्रकारको हुन सक्छ । यसरी विषयवस्तु लिँदा ती खण्डकाव्यहरूको कथानक पुष्ट र अपुष्ट के हो त्यो भने पाठकले मात्र निर्क्यौल गर्ने कुरा हो ।

खण्डकाव्यमा आख्यानको प्रयोग गर्दा एउटा निश्चित क्रम निर्धारण गरिन्छ । अर्थात आदि, मध्य र अन्त्यको संरचना अपनाइन्छ । खण्डकाव्यमा मूलतः व्यक्तिकेन्द्री र विषयकेन्द्री घटनाहरूको क्रमिक विन्यासबाट आख्यानप्रवल खण्डकाव्यहरू निर्मित हुन्छन् । कतिपय अवस्थामा पुष्ट आख्यानको प्रयोगबिना नै वैकल्पिक रूपमा केवल मझौला आयामको भाव वा विषयवस्तुको अर्न्तगुम्फनबाट पनि खण्डकाव्यले निर्माण गरिने हुँदा आख्यान तत्व अत्यन्त सुक्ष्म रुपमा र केवल भाव वा विषय तत्त्व नै प्रबल रूपमा उपस्थित हुने गरेको पाइन्छ (निरौला:२०६६:६२) । यसरी हेर्दा खण्डकाव्यमा आख्यानको प्रयोग पुष्ट वा सूक्ष्म रूपमा भएकै हुन्छ तर आख्यानको चापले पाठकलाई निसास्सिने किसिमको खण्डकाव्य चाहिँ हुनु हुँदैन ।

## २.३.३ पात्र

पात्र भन्नाले काव्य कृतिमा प्रयुक्त गरिने मानवीय वा मानवेत्तर चरित्र हो । खण्डकाव्यमा झिनो आख्यान भने पनि प्रयोग गरिँदा त्यहाँ पात्रको उपस्थिति हुन्छ नै । पात्रका माध्यमले कथानकले गतिशीलता प्राप्त गर्दछ । पात्र त्यो तत्व हो जसद्वारा कार्यव्यापार अघि बढ्छ वा गति पाउन सफल हुन्छ  (नेपाल :ई.१९८७:२३१) । पात्रको माध्यमद्वारा खण्डकाव्यले यथार्थताको परिचय प्राप्त गर्छ । खण्डकाव्यमा प्रयोग गरिने चरित्रहरू मानवीय वा मानवेत्तर दुवै वर्गका हुन्छन् । **मुनामदन** खण्डकाव्यमा प्रयुक्त चरित्र 'मुना र मदन' मानवीय चरित्र हुन् भने **ऋतुविचार** मा प्रयोग गरिएका ६ ऋतुहरू मानवेत्तर चरित्र हुन् । मानवीय चरित्रहरू लिङ्गका आधारमा पुरूष र स्त्री, भूमिकाका आधारमा मुख्य र सहायक, आवद्धताका आधारमा बद्ध र मुक्त, चरित्रका आधारमा गतिशील र स्थीर गरी विभिन्न भागका वर्गीकरण गर्न सकिन्छ । अत्यन्त न्यून आख्यान भएका खण्डकाव्यका लागि पात्रहरूको प्रयोग-

सर्न्दभभन्दा कविको निजि वैचारिक अभिव्यक्ति कै प्रधानता हुन्छ  र त्यहाँ पात्रहरूको औचित्य सूच्य रूपमा मात्र रहन सक्छ ।

## २.३.४ परिवेश

देश, काल र वातावरणको सिङ्गो रूप नै परिवेश हो । वस्तुको भविता र समय, स्थिति एवम् घटनाको विघटनाका निम्ति चाहिने भाँडो हो प्रष्ट्याएको छ - परिवेश वा पर्यावरण । परिवेशले प्रासङ्गिक वस्तु वा घटनालाई घेरेर बस्ने प्रत्येक तत्वलाई समेट्छ - मूर्त, अमूर्त सबैलाई  (नेपाल:ऐजन)। पात्रले आफ्नो चरित्र निर्वाह गर्ने स्थान नै परिवेश हो । खण्डकाव्यकारले खण्डकाव्यको रचना गर्नुभन्दा पहिले एउटा कृतिको मानसिक रेखा कोर्दछ । त्यो रेखा पौराणिक, ऐतिहासिक, सामाजिक जुनसुकै हुन सक्दछ । पौराणिक छ भने  खण्डकाव्यमा त्यही परिवेशलाई प्रस्तुत गरिएको हुनुपर्छ । अर्थात खण्डकाव्यमा प्रयुक्त विषयवस्तुको स्रोतले नै परिवेश निर्धारण गर्छ । साथै परिवेश लेखकको समाजका साथै उसले आधार मानेको विषयवस्तुको स्रोतमा पनि आश्रित हुन्छ । कथावस्तु र पात्रले अपेक्षा गरेअनुरूप नै परिवेशको चित्रण खण्डकाव्यमा हुन्छ । आख्यानात्मक खण्डकाव्यमा परिवेशको महत्व बढी हुन्छ भने आख्यानेत्तर खण्डकाव्यमा परिवेशको कम महत्व हुन्छ । खण्डकाव्यमा औचित्यलाई ध्यानमा राखेर मात्र परिवेशको उपयोग गरिने हुँदा महाकाव्यजस्तो व्यापक र विस्तृत परिवेशविद्यान गरिदैँन र स्थान-विशेष, समय-विशेष र वातावरण विशेषको स्पष्ट वर्णन हुनै पर्छ भन्ने मान्यता छैन । खण्डकाव्यमा तत्कालीन रीतिस्थिति, धर्मसंस्कृति, चालचलन एवम् राष्ट्रिय सन्दर्भ आदिको सूक्ष्म सङ्केत हुन पनि सक्छ र नहुन पनि सक्छ (निरौला:२०६६:६२) । खण्डकाव्यमा परिवेश मुख्य वा गौण जे रूपमा भए पनि रहन्छ नै ।

## २.३.५ रस वा भाव

साहित्यले मानवजीवनलाई रसिलो वा आनन्दमय तुल्याउने भएकाले खण्डकाव्यको एउटा उल्लेखनीय तत्वका रूपमा रस पनि पर्दछ । भाव भन्नाले यस प्रसङ्गमा कृतिको मूल चुरोलाई नमानेर रसका स्थायिभाव र अस्थायी भावहरू एवम् रसास्वादनका आधारशीलाका रूप बुझिन्छ । रति आदि

स्थायिभावहरूले पाठकलाई काव्यानुशीलताका क्रममा दीर्घकालसम्म रसास्वादनको पक्रियामा समाहित गर्दछन्  भने दीनता, हर्ष श्रम आदि सञ्चारी भावहरू क्षणिक

रूपमा उत्पन्न भई विलीन हुँदै जान्छन्  (निरौला:२०६६:६३) । रस नौ प्रकारका हुने भएकाले ती नवरसहरू मध्ये कुनै एक रसलाई  अङ्गीरस र अन्यलाई सहायक मानेर खण्डकाव्य लेखिन्छ भने त्यो काव्य अङ्गीरस प्रधान काव्य बन्दछ । रसले मानव मनलाई उद्धीप्त तुल्याउँछ । मनभित्र सुपुप्त रहेका भावहरूलाई उद्धीप्त बनाउने गरी नेपाली खण्डकाव्य परम्परामा रसभावद्वारा  अभिसिञ्चित खण्डकाव्यहरू प्रशस्त मात्रामा देखा परेका छन् । **गौरी** करुण रस प्रधान, **राष्ट्र-निर्माता** वीर रस प्रधान **उर्वशी** शृङ्गार रस प्रधान खण्डकाव्यका नमूना हुन् ।

## २.३.६ केन्द्रीय कथ्य

बनौटले घेराबन्दी गरी राखेको मुख्य अभिप्राय नै कृतिको केन्द्रीय कथ्य हो । खण्डकाव्यकारका अनुभूतिबाट उत्पन्न हुने सत्यतथ्य नै खण्डकाव्यको केन्द्रिय कथ्य हो । समाज संस्कृति, इतिहास, पुराण, राजनीति आदि जीवनजगत्का यावत् विषयहरूमध्ये कुनै पनि विषयलाई आधार बनाई एकदेशीय सन्दर्भसँग जोडेर कलात्मक रूपमा जुन कुरा भन्न खोजिएको छ , त्यही नै खण्डकाव्यको केन्द्रीय कथ्य हुन्छ । खण्डकाव्यमा जीवनको एकदेशीयता चित्रण हुन्छ । यस क्रममा आर्दशवादी, यथार्थवादी, प्रगतिवादी एवम् मानवतावादी लगायत विभिन्न किसिमका जीवनदृष्टिको प्रभाव हुने भएकाले खण्डकाव्यमा केन्द्रीय कथ्य हुन्छ ।

## २.३.७ लय

काव्य विधाको मुख्य चिनारी नै लयात्मकता हो । साहित्यका अन्य विधाभन्दा कविता विधालाई पृथक तुल्याउने आधारभूत तत्व लय नै हो । त्यसैले लय कविता विधाका साथै त्यसका एक उपविधाका रूपमा रहने खण्डकाव्यको पनि एक मुख्य तत्व हो । कवितामा प्रयोग गरिने सौन्दर्यपूर्ण भाषाका वर्णगत र पंक्तिगत एवम् अनुच्छेद गत बनोटबाटै लय उत्पन्न हुने र समृद्ध हुने गर्दछ । खण्डकाव्य एउटा मझौला आकारको कविताकृति भएकाले त्यसमा सर्ग, उपसर्गको विभाजन हुन वा नहुन पनि सक्ने हुँदा

अद्योपान्त एउटै लय ढाँचा वा भिन्न-भिन्न लयढाँचाको प्रयोग हुन सक्छ । नेपाली खण्डकाव्यमा बद्धलय र मुक्तलय ढाँचा देखिन्छ ।

बद्धलय समानुपातिक चरणहरूको आवृत्ति हो जुन स्वयम् श्रुतिमधुर हुन्छ । यसलाई छन्द पनि भनिन्छ । यस्ता बद्धलय वार्णिक, मार्त्रिक र वर्णमात्रिक गरी तीन किसिमका छन् । मुक्त लयमा वर्णहरूको असमानुपातिक वितरण हुन्छ तर पनि त्यहाँ लयको सिर्जना भने भई नै रहन्छ । मुक्त वा बद्ध जे भए पनि भावनात्मक आख्यानीकरण र विषयगत भावप्रवाह हुनु पनि पर्छ । अनुभूति वा भाव खण्डकाव्यको सन्तुलनका लागि आवश्यक छ । सन्तुलन नभए आख्यान कथनको प्रधानता नभएमा कथा वा उपन्यास हुन्छ । नेपाली खण्डकाव्य परम्परामा वर्णमात्रिक छन्दमा **'राजेश्वरी'** मात्रिक छन्दमा **'उर्वशी'** लोकलयमा **'मुनामदन'** मुक्तलयमा **'आगो र पानी'** खण्डकाव्यहरू रचना भएका छन् ।

## २.३.८ कथन पद्धति

कृतिको समग्र भाषा नै कथन पद्धतिमा आधारित हुने भएकाले खण्डकाव्यात्मक तत्वका रूपमा कथनपद्धतिको भूमिका विशिष्ट रहेको छ । स्रष्टाका मनमा उब्जिएका अनन्त आन्तरिक विचारहरू वा स्रष्टाले ग्रहण गरेका जीवनजगत्सँग सम्बन्धित यावत् विषयहरूलाई कलात्मक रूपमा निश्चित काव्यात्मक ढाँचा अन्तर्गत प्रस्तुत गर्न अपनाइने तरिकालाई कथनपद्धति भनिन्छ (निरौला, २०६६:६४) । खण्डकाव्य जीवनजगत्का कुनै विषयविशेषकै भाषिक लयात्मक कथन वा उक्ति हो । खण्डकाव्यको कथनपद्धतिलाई कवि उक्ति ( कविनिबद्ध प्रौढोक्ति वा प्रथम पुरूष दृष्टिविन्दु) र कविनिबद्ध पात्रोक्ति ( कविनिबद्धवक्तृ प्रौढोक्ति वा कवि कल्पित पात्रको उक्ति) गरी दुई भागमा विभाजन गरिन्छ ।

कवि उक्तिलाई सोझो कथन र कविनिबद्ध पात्रोक्तिलाई आख्यानीकृत र नाटकीकृत कथन गरी २ वर्गमा विभाजन गरिन्छ । यी ढाँचाहरूमध्ये कुनै एक वा तीनै थरी ढाँचाको प्रयोग खण्डकाव्यमा हुन्छ । नेपाली खण्डकाव्यको क्षेत्रमा कविको कथनमा आख्यानीकृत र नाटकीकरणको मिश्रण भएको खण्डकाव्य उत्कृष्ट भएको पाइन्छ । खण्डकाव्यमा आत्मलापीय तत्व अलि सीमित रहन्छ र यसमा उक्ति वा कथनमा दृष्टिविन्दुका हिसाबले ज्यादा जसो तृतीय पुरूष कथयिताको प्रयोग हुने गर्दछ भने विभिन्न सन्दर्भमा

प्रथम पुरूषात्मक वा द्वितीय पुरूषात्मक पद्धति पनि बाह्य तलमै मिश्रित हुने गरेको पाइन्छ अनि नाटकीकृत पात्रीय

संवादात्मक ढाँचामा पनि प्रथम र द्वितीय पुरूषको समेत अन्तर्विनियम हुने गरेको देखिन्छ ।

## २.३.९ बिम्बप्रतीक विधान :

खण्डकाव्यमा कथन गरिएको मुख्य भाव विचारकै सहचर छाँया जस्तो भई आउने अर्को अर्थलाई बिम्ब भनिन्छ । बिम्बको योजनालाई बिम्बविधान वा अर्थालङ्कार भनिन्छ । उपमान र उपमेय, रूप्य र रूपक आपसमा सम्बन्धित हुन्छ, त्यसैले यी बिम्बविधान हुन् । स्थानिय स्तरमा र सिङ्गो कृतिमा पनि यस्ता बिम्बहरू आउँछन् । कृतिमा कथित अर्थभन्दा अर्कै आहलादकारी अर्थको अभिव्यक्ति गर्छ भने त्यसलाई प्रतीक भनिन्छ । प्रतीक र व्यञ्जनाले कृतिको गहिराइको आयाम बढाउँछ । बिम्बविधानसँग अभिव्यक्तिका अन्य प्रविधिहरू जोडिएर आउँछ । मङ्गलाचरण, आदिकथन र भूमिकाकथन पनि आउँछ । सूक्तिहरूको प्रयोग पनि विधानसँग सम्बन्धित छ । उखान र टुक्काको प्रयोगले साहित्य कृतिमा अर्थ सौन्दर्य बढाउँछ । व्यक्तिविधान वा मानवीकरण पनि खण्डकाव्यमा गरिएको हुन्छ ।यसरी भाषामा शब्दगत चारूताका पक्षमा होस् वा अर्थगत चारूकता पक्षमा होस, चारूतको पर्यायवाचीका रूपमा अलङ्कारलाई नै लिने गरेको पाइन्छ । त्यसैले खण्डकाव्यमा अलङ्कारलाई पनि एउटा प्रंमुख तत्वका रूपमा लिइन्छ ।

## २.३.१० भाषाशैली :

साहित्य भाषिक तत्व भएकाले भाषामा नै शैली आधारित हुन्छ । भाव विचार अनुकूल त्यसको भाषिक चयन लेखकले गरी त्यसको विचलनपूर्ण प्रयोग गर्छ । लेखकले भाषाको विचलन पूर्ण रूपमा देखाएको चातुर्यता नै शैली हो । वर्णगत पुनरावृतिबाट सिर्जितम सौन्दर्य खण्डकाव्यमा हुन्छ जुन श्रुतिमाधुर्यको व्याप्ति हुन्छ । कथ्य भावअनुरूपको भाषाशैलीको प्रयोग खण्डकाव्यमा अपेक्षित हुन्छ । त्यसै कथ्य भावअनुरूप कोमल र कठोर दुवै किसिमको भाषाशैली खण्डकाव्यमा हुन्छ । सरल, मध्य र उच्चमध्ये तीनवटै भाषिक प्रयुक्तिमध्ये एक प्रयुक्ति खण्डकाव्यमा हुन्छ । लयगत पंक्ति संरचना र अनुच्छेद संरचनाका क्रममा आन्तरिक अनुप्रास र अन्त्यानुप्राससमेतको माधुर्य पनि शब्दालङ्कारका सन्दर्भमा भाषाशैलीकै एक उल्लेख पक्ष हुने गर्दछ ।

## २.३.११ सर्गबद्धता

खण्डकाव्यलाई अरूभन्दा बेग्लै तुल्याउने तत्त्व नै सर्गबद्धता हो । खण्डकाव्यमा जीवनका एकांशतालाई झल्काउने खालका भावका आख्यानीकरण वा आख्यानविकल्पी विषयगत शृङ्खलाबद्ध भाव प्रवाहात्मक अभिव्यक्तिको प्रबन्ध-विधानसँग सम्बद्ध सर्गयोजना श्लोक वा अनुच्छेदबाटै थालिन्छ । कुनै खण्डकाव्यमा सर्ग हुन्छ भने कुनैमा हुँदैन । खण्डकाव्य अधिकतम सात सर्गसम्म विभाजित हुन्छ । खण्डकाव्यमा  एउटै मूल प्रवाह वा अनेक विश्रामयुक्त अवस्थाहरू रहन पनि सक्छन् र नरहन पनि सक्छन् । खण्डकाव्यमा विषयवस्तु सुहाउँदो विश्रामको आवश्यक्ता पर्दछ तर यसका लागि एउटा निश्चित किटान गरिएको सर्ग वा विश्राम हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यताचाहिँ छैन ( निरौला,२०६६,६६) । नेपाली खण्डकाव्यमा **राजेश्वरी**, **ऋतुविचार, आगो र पानी**, **मुनामदन** मा आयामको विविधता र विश्रामको अनेकता पाइन्छ ।

## २.४. खण्डकाव्यको वर्गीकरणका आधारहरू :

हरेक कृतिको वर्गीकरणका आधार आ-आफ्नै रहेका हुन्छन् । खण्डकाव्यको वर्गीकरण गर्दा मुख्य र गौण गरी दुई प्रकारले गरिन्छ ।

## २.४.१ खण्डकाव्यको मुख्य वर्गीकरण

खण्डकाव्यको मुख्य वर्गीकरण गर्दा मुख्यतया आख्यानको प्रयोग वा अप्रयोग र रूपाकृतिगत लमाइको आधारमा गरिन्छ ।

## २.४.१.१ आख्यान प्रयोग र अप्रयोगका आधारमा

खण्डकाव्यमा जीवनको एक अंशको प्रयोग हुन्छ । यसरी जीवनको एकाशंताको प्रयोग गर्ने क्रममा खण्डकाव्यकारले त्यहाँ आख्यानको प्रयोग गर्न पनि सक्छन् र नगर्न पनि सक्छन् । यही कारण आख्यानका हिसाबले खण्डकाव्यलाई तीन भागमा वर्गीकरण गरिन्छ । ती हुन् :

### क) आख्यानात्मक

खण्डकाव्यमा खण्डकाव्यकारले आख्यानको प्रयोग सूक्ष्म र स्थूल रूपमा गरेको हुन्छ । सानो कथावस्तु लिएर जीवनको  एक क्षणलाई प्रस्तुत गरिएको खण्डकाव्य सूक्ष्म आख्यानात्मक खण्डकाव्य हो, माधव घिमिरेको **गौरी** खण्डकाव्यलाई यस वर्गमा राखिन्छ । त्यसैगरी कथानकले आदि, मध्य र अन्त्यको प्रष्टता पाएको खण्डकाव्यलाई स्थूल आख्यानात्मक खण्डकाव्य भनिन्छ,  देवकोटाको **मुनामदन** यस वर्गमा पर्दछ ।

### ख) कोषात्मक वा आख्यानेत्तर विषयवस्तुगत भाव शृङ्खलात्मक खण्डकाव्य

नेपाली भाषामा **कोषकाव्य** भन्ने प्रचलन त्यति चलेको पाइँदैन र यस्ता काव्यलाई पनि खण्डकाव्य नै भनिन्छ । कुनै स्थान प्रसङ्ग, घटना विशेष, व्यक्ति विशेष, भाव विशेष वा विचार विशेषलाई केन्द्रविन्दु बनाई लयबद्ध गरी रचिएको मध्यम प्रकारको आकारप्रकार र आयाम भएका काव्य नै कोषकाव्य हो (अवस्थी :ऐजन ४७) । लेखनाथ पौड्यालको **ऋतुविचार** समको **आगो र पानी** यस वर्गमा पर्दछन् ।

### ग) अवचेतन भावप्रवाहात्मक लामो कविता

अवचेतन लेखन-प्रवाहमा आधारित 'संरचनाविहीन संरचना' भएका पाश्चात्य प्रयोगवादी धारामा देखिएका कविता नै लामो कविता हो । मोहन कोइरालाको **लेक** यस वर्गमा पर्दछ ।

### २.४.१.२ रूपाकृतिगत लमाइका आधारमा खण्डकाव्यको वर्गीकरण :

यस आधारमा खण्डकाव्यलाई खण्डकाव्यमा देखा परेका श्लोक वा अनुच्छेदका रूपमा वर्गीकरण गरिन्छ । अपुष्ट वा कृश खण्डकाव्य र प्रष्ट वा स्थूल खण्डकाव्य गरी रूपाकृतिगत आधारमा खण्डकाव्यलाई वर्गीकरण गरिन्छ ।

## क) अपुष्ट वा कृश खण्डकाव्य :

यस्ता खण्डकाव्यहरू मुख्यतया २० श्लोक देखि ९९ श्लोक / अनुच्छेद सम्मको लमाइ भएका हुन्छन् । कृश खण्डकाव्यलाई कृशतर र कृश गरी दुई भागमा बाँडिन्छ । ४९ श्लोक वा अनुच्छेदका खण्डकाव्य कृशत्तर र ९९ श्लोकसम्मका खण्डकाव्य कृश खण्डकाव्य हुन् । मोतीराम भट्टको **पिकदूत** कृशतर र देवकोटाको **नयाँ सत्यकलि संवाद** कृश खण्डकाव्य हुन् ।

## ख) पुष्ट वा स्थूल खण्डकाव्य :

सय श्लोक/अनुच्छेद देखि ९९९ श्लोक/अनुच्छेद सम्मको खण्डकाव्य पुष्ट वा स्थूल खण्डकाव्य हो । यस खण्डकाव्यलाई पनि स्थूल र स्थूलतर गरी दुई वर्गमा बाँडिन्छ । १०० श्लोक देखि ४९९ श्लोक सम्मको लमाइ भएका खण्डकाव्य स्थूल खण्डकाव्य हो, देवकोटाको **मुनामदन** यसमा पर्दछ ।५०० श्लोक देखि ९९९ श्लोक सम्मको खण्डकाव्यलाई बढी पुष्ट वा स्थूलतर खण्डकाव्य भनिन्छ । पौड्यालको **ऋतुविचार** स्थूलतर खण्डकाव्यको नमुना हो ।

## २.४.१.३ खण्डकाव्यको गौण वर्गीकरण :

खण्डकाव्यको गौण वर्गीकरणका आधारहरू विभिन्न छन् । तिनलाई तल प्रस्तुत गरिएको छ ।

## क) विषयवस्तुको स्रोत

विषयवस्तुको स्रोतका हिसाबले खण्डकाव्यलाई प्रसिद्ध, उत्पाद्य र मिश्रित गरी तीन भागमा बाँडिन्छ । जनमानसलाई थाह भएको विषयलाई प्रसिद्ध विषयवस्तु स्रोत भएको खण्डकाव्य भनिन्छ । **सीताहरण, राजेश्वरी** र **उर्वशी** प्रसिद्ध विषय स्रोतका खण्डकाव्य हुन् । अप्रसिद्ध एवम् स्रष्टाका निजी अनुभूति घटना वा कल्पनासँग सम्बद्ध विषयको प्रधानता रहने खण्डकाव्य उत्पाद्य खण्डकाव्य हो । **'कुञ्जिनी, गौरी** र **आगो र पानी** यसका उदाहरण हुन् । प्रसिद्ध र उत्पाद्य दुवै किसिमको विषयलाई मिसाएर निर्माण गरिएका खण्डकाव्यलाई मिश्रित विषयप्रधान खण्डकाव्य भनिन्छ । **राष्ट्र- निर्माता** यसको उदाहरण हो ।

## ख) विषयवस्तुको स्वरूप

यस आधारमा खण्डकाव्यलाई प्राकृतिक, पौराणिक, ऐतिहासिक, सांस्कृतिक-धार्मिक, सामाजिक र दार्शनिक गरी छ वर्गमा विभाजन गरिन्छ (अवस्थी,२०६४:५३) । प्राकृतिक एवम् प्रकृति नै विषयवस्तु भएको खण्डकाव्य प्राकृतिक खण्डकाव्य हो । **ऋतुविचार** यही प्राकृतिक खण्डकाव्य हो । पुराण प्रसिद्ध विषयवस्तु भएको खण्डकाव्य  पौराणिक खण्डकाव्य हो, **सीताहरण** यही खण्डकाव्यको कोटिमा पर्दछ । ऐतिहासिक विषयवस्तु भएको खण्डकाव्य  ऐतिहासिक खण्डकाव्य हो जस्तैः- **राजेश्वरी, राष्ट्र-निर्माता** आदि । धर्म तथा संस्कृतिलाई विषयवस्तु बनाएर लेखिएको खण्डकाव्य धार्मिक तथा सांस्कृतिक खण्डकाव्य हो, **रामगीता र गजेन्द्रमोक्ष** यसै वर्गमा पर्दछन् । सामाजिक विषयवस्तुलाई टिपेर लेखिएको खण्डकाव्य सामाजिक खण्डकाव्य हो । **मुनामदन, गौँथली र गजधम्मे** यस वर्गमा पर्दछन् । विचार र दर्शनको चाप प्रचुर मात्रामा भएको खण्डकाव्य नै दार्शनिक खण्डकाव्य हो । समको **आगो र पानी** दार्शनिक खण्डकाव्यको नमुना हो ।

## ग) लयप्रयोग

लयप्रयोगका दृष्टिले खण्डकाव्य बद्धलयात्मक र मुक्तलयात्मक

पर्दछ । बद्धलयात्मक खण्डकाव्यमा वार्णिक, मात्रिक र वार्णमात्रिक गरी तीन प्रकारको देखा पर्दछ । वर्णको गणना गरी लेखिएको खण्डकाव्य वार्णिक लोकलय खण्डकाव्य हो । **मुनामदन** वार्णिक एवम्

लोकलयमा आधारित खण्डकाव्य हो । मात्राको गणना गरी रचिएको खण्डकाव्य मात्रिक खण्डकाव्य हो, **सीताहरण, उर्वशी** मात्रिक खण्डकाव्य हो । वर्णमात्रिकमा वर्ण र मात्र दुवैको मिश्रण हुन्छ । **गौरी र राजेश्वरी** वर्णमात्रिक खण्डकाव्य हो । वर्ण, मात्रा आदि नभई स्वतन्त्र लय भएको खण्डकाव्य बद्धलयात्मक खण्डकाव्य हो । **आगो र पानी, लेक** र **मायाविनी सर्सी** मुक्त लयात्मक खण्डकाव्यका उदाहरण हुन् ।

## घ) सर्गयोजना

खण्डकाव्यलाई सर्ग वा विश्राम योजनाका आधारमा सर्गबद्ध र सर्गमुक्त गरी २ भागमा बाँडिन्छ । सर्गबद्ध भन्नाले छाल, विश्राम र थोपा भन्ने बुझिन्छ । यस्ता खण्डकाव्यमा बीच-बीचमा विश्राम हुन्छ । **राष्ट्र-निर्माता , राजेश्वरी** र **मुनामदन** सर्गबद्ध खण्डकाव्य हुन् । खण्डकाव्यमा विश्राम एवम् छाल नहुने खण्डकाव्य सर्गमुक्त खण्डकाव्य हुन् । **गौथली र गजधम्मे, पापिनी आमा** र **नयाँ सत्यकलि संवाद** सर्गमुक्त खण्डकाव्य हुन् ।

## ङ) रस

रस नौ प्रकारको भएकाले खण्डकाव्य पनि रसका आधारमा नौ प्रकारकै छन् । खण्डकाव्यमा जुन रसलाई अङ्गीरस मानेर लेखिएको छ ,काव्य त्यही रस प्रधान हुन्छ । नेपालीका **पिकदूत, शृङ्गार, राष्ट्र-निर्माता** वीर, **राजेश्वरी** करुण रस प्रधान काव्य हुन् ।

## च) शीर्षक प्रयोग

शीर्षक प्रयोगका दृष्टिले खण्डकाव्य घटना, चरित्र, विषयवस्तु र काव्यढाँचा गरी चार प्रकारका छन् । घटनालाई प्रधानता दिएर लेखिएको काव्य घटना प्रधान हो, **रावण-जटायुयुद्ध** र **सीताहरण** यसका उदाहरण हुन् । चरित्रलाई प्रधानता दिएर लेखिने खण्डकाव्य चरित्रप्रधान

खण्डकाव्य हो । **मुनामदन र लुनी** चरित्रप्रधान काव्य हुन् । विषयवस्तुलाई प्रधानता दिएर लेखिएको खण्डकाव्य विषयवस्तु प्रधान खण्डकाव्य हो । **कटक** विषयवस्तु प्रधान खण्डकाव्य हो । काव्यढाँचाका आधारमा खण्डकाव्यलाई कोशकाव्य, शोककाव्य, दूतकाव्य, शतककाव्य, लहरीकाव्य, सवाईकाव्य,

बाह्रमासाकाव्य, व्यङ्ग्यकाव्य, गीतिकाव्य, पत्रकाव्य, रोमाञ्चककाव्य र लामो कविताका रुपमा विभाजन गर्न सकिन्छ ।

## छ) परिणति

विषयवस्तुको समाप्तिका आधारमा खण्डकाव्य सुखान्त र दुःखान्त गरी दुई प्रकारका हुन्छन् । कथावस्तुको अन्त्य मिलनमा हुन्छ भने त्यो सुखान्त खण्डकाव्य हो । **लुनी** सुखान्त खण्डकाव्यको नमूना हो । खण्डकाव्यको अन्त्य विछोडमा हुने काव्य दुःखान्त खण्डकाव्य हो । **कुञ्जिनी र राजेश्वरी** दुःखान्त खण्डकाव्य हुन् ।

## ज) धारा वा प्रवृति

धारा वा प्रवृतिका आधारमा खण्डकाव्य परिष्कारवादी -**ऋतुविचार**), स्वच्छन्दतावादी (**मुनामदन**), प्रगतिवादी (**शान्तिसन्देश**), प्रयोगवादी (**सूर्यदान र लेक**) गरी ४ प्रकारका देखा पर्दछन् ।

## झ) शैली

कथनपद्धति वा शैलीका आधारमा खण्डकाव्यलाई कविप्रौढोक्ति, कविनिबद्धवक्तृ-प्रौढोक्ति र कविनिबद्धवक्तृकथन गरी तीन भागमा विभाजन गरिन्छ । कवि स्वयम्का कथनहरू प्रस्तुत भएका खण्डकाव्य कविप्रौढोक्ति खण्डकाव्य हुन् । **पापिनी आमा** , **ऋतुविचार** कविप्रौढोक्ति खण्डकाव्य हुन् । कविकल्पित पात्रकथन भएका खण्डकाव्य कविनिबद्धवक्तृ-प्रौढोक्ति खण्डकाव्य हुन् । **राजेश्वरी र राष्ट्र-निर्माता** कविनिबद्धवक्तृ-प्रौढोक्ति शैलीमा लेखिएका खण्डकाव्य हुन् । कविकथन र कविद्धारा कल्पित पात्र दुवैको सम्मिश्रण गरी लेखिएको काव्य मिश्रित शैलीको खण्डकाव्य हो । **मुनामदन, उर्वशी** र **आगो र पानी** मिश्रित शैलीका खण्डकाव्य हुन् (निरौला, २०६६:६८) ।

## २.५ निष्कर्ष

यस परिच्छेदको शीर्षक खण्डकाव्यको सैद्धान्तिक स्वरुप र विधातत्त्वहरु रहेको छ । यस परिच्छेदमा खण्डकाव्यको सैद्धान्तिक स्वरुप देखाइएको छ । यसमा पूर्वीय काव्यशास्त्रीहरुका दृष्टिमा खण्डकाव्यको परिभाषा प्रस्तुत गरिएको छ । त्यसैगरी पाश्चात्य काव्यशास्त्रीहरुका साथै नेपाली साहित्य शास्त्रीहरुका आधारमा खण्डकाव्यको परिभाषा प्रस्तुत गरिएको छ । त्यसैगरी यस परिच्छेदमा खण्डकाव्यलाई मुख्य रुपमा वर्गीकरण गर्ने आधारहरु प्रष्ट पारिएको छ । यसमा खण्डकाव्यलाई गौण रुपमा पनि वर्गीकरण गरेर देखाइएको छ । खण्डकाव्यका तत्त्वहरुलाई प्रष्ट रुपमा प्रस्तुत गर्नुका साथै निष्कर्ष लेखी यस परिच्छेदलाई टुङ्याइएको छ ।

# परिच्छेद-तीन

## नेपाली खण्डकाव्यको विकासक्रम र 'राष्ट्र-निर्माता'को उदय

### ३.१ नेपाली खण्डकाव्यको विकासक्रम

कविता विधाका तीनवटा प्रमुख उपभेदअन्र्तगत मझौला आयाम भएको एउटा प्रमुख उपभेद खण्डकाव्य भएकाले नेपाली कविताविधाको विकास-परम्परासँगै नेपाली खण्डकाव्यको विकास प्रक्रिया पनि प्रारम्भ भएको मानिन्छ । नेपाली कविताको पृष्ठभूमि लोकगीत, लोकगाथा, चैत भएझैँ खण्डकाव्यको पृष्ठभूमि पनि त्यही नै देखा पर्दछ । वि.स.१८०१ मा 'नेपाल' नामक राज्यको जग वसेपछि नै नेपाली साहित्यको पनि जग बस्यो र यसै जगमा कविता विधा पनि उभियो । नेपाली कविताको लेखन भने वि.स.१८२६ को शक्तिवल्लभ अर्यालको पृथ्वीनारायण कविताबाट भयो । यही कविता नै प्रथम नेपाली कविता एवम् प्राथमिक कालको पहिलो कविता बन्न पुग्यो । नेपाली खण्डकाव्यको इतिहास वि.स.१८२६ देखि २०७० (हालसम्म) हेर्दा प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन भागमा बाँड्नु उपयुक्त हुन्छ ।

### ३.१.१ नेपाली खण्डकाव्यको प्राथमिक काल

नेपाली खण्डकाव्यको प्राथमिक कालको सिमाङ्कन वि.स.१८२५ मा देखापरेको सुवानन्द दासको पृथ्वीनारायण कवितालाई आधार मानेर गरिन्छ । प्राथमिककालीन नेपाली कविताको विकास परम्परामै खण्डकाव्य विधा पनि हुर्कदै गएको छ। वि.स.१८२५ देखि वि.स.१९४० को कविता एकसय चौध वर्षे युग नेपाली कविता, खण्डकाव्य एवम् महाकाव्यको प्राथमिककाल हो । यस युगमा मुख्यतया वीर र भक्तिधारा देखा पऱ्यो । वीर धारामा उल्लेख्य एवम् खण्डकाव्य आयामका रचनाहरू देखा परेनन् तर पनि लेखनका प्रयासहरू भने भएको देखिन्छ । यसै नेपाली खण्डकाव्य परम्पराको प्राथमिक कालको उपलब्ध पहिलो खण्डकाव्य वि.स.१८७२ तिर कवि उदयानन्द अर्यालले रचेको **वेताल पच्चीसी** शिष्ट लेख्य नेपाली साहित्यिक परम्पराको प्रथम खण्डकाव्यात्मक कृति ठहर्छ (अवस्थी,२०६४:७३)। यसपछि प्राथमिक कालीन परम्परामा अन्य खण्डकाव्यकारहरूको उदयले नेपाली खण्डकाव्यले अझ मुहार फेर्ने मौका पाउँछ । यसै क्रममा रामचन्द्र जोशीको **हरिशचन्द्रविलाप**, वसन्त शर्माको **कृष्णचरित्र**,

**समुन्द्रलहरी** भानुभक्त आर्चायको **प्रश्नोत्तरी, वधुशिक्षा, भक्तमाला,** रघुनाथ पोखरेलको **सुन्दरकाण्ड रामायण,** ज्ञान दिलदासको **उदयलहरी**, लाबहादुर आउँमासीको **भोटको लडाइँको सवाई** र नरबहादुर रानाको **जङ्गबहादुरको सवाई** उल्लेखनीय छन् । यी खण्डकाव्यहरूमा नेपाली लोकपरम्पराका लहरी सवाई जस्ता ढाँचाका साथै संस्कृत परम्पराका शास्त्रीय छन्दोबद्ध आख्यानात्मक खण्डकाव्य ढाँचा र कोषकाव्यढाँचाको सह-उपस्थिति रहेको देखिन्छ (अवस्थी, २०६४:७३) । यी खण्डकाव्यहरूलाई हेर्दा मूलत तिनको विषयवस्तु स्रोत, ऐतिहासिक घटना, सामाजिक साँस्कृतिक ढाँचा, युग प्रभावित व्यक्तित्व देखिन्छन् । सर्गबद्धता र सर्गरहित किसिमको खण्डकाव्य पनि देखा पर्दछ । यस युगका खण्डकाव्यमा विधागत सचेतता नदेखिनु, गुणवत्तातर्फ चासो नदिनु, संस्कृत साहित्य र पौराणिक ग्रन्थबाट प्रभावित हुनु र लेखोटमै सीमित रहनु, मूल विशेषताहरू देखा पर्दछन् । यस  चरणका केन्द्रीय प्रतिमा भानुभक्त आचार्य हुन् ।

## ३.१.२ नेपाली खण्डकाव्यको माध्यमिक काल

नेपाली खण्डकाव्यको माध्यमिक कालको समयावधि भनेको वि.स.१९४१ देखि १९७२ सम्मको हो । यस चरणमा भक्तिधारा र शृङ्गारधाराका खण्डकाव्यहरू रचिए । यस समयमा देखा परेका खण्डकाव्यहरू आख्यानात्मक तया कोषकाव्यात्मक ढाँचाकै देखा परे । मोतीराम भट्टको **प्रह्लादभक्ति कथा, पिकदूत, गजेन्द्रमोक्ष, उषाचरित्र**, राजीवलोचन जोशीको **पतिव्रताचरित्र**, लक्ष्मीदत्त पन्तको **श्री सत्यहरिश्चन्द्रवर्णनक्रम.**, शम्भुप्रसाद ढुङ्गेलको **चन्द्रवदनी**, तीर्थराज पाण्डेको **उपदेश मञ्जरी** यस चरणका उल्लेख्य खण्डकाव्यहरू हुन् । यस चरणमा सवाई काव्य, स्तुतिकाव्य, ऋतुकाव्य, दूतकाव्य, लहरी काव्यहरू प्रकाशनमा आए । यस चरणका खण्डकाव्य लेखनको मुख्य स्रोत **रामायण, महाभारत** जस्ता पौराणिक ग्रन्थ हिन्दी र फारसीका प्रेमाख्यान मुख्य रुपमा देखा पर्दछन् । त्यसैगरी यस चरणमा चरित्रविशेष, व्रत विशेष, स्थान विशेष, विषय विशेष र व्यक्ति विशेष आदिको चित्रण गरिएका खण्डकाव्यहरू लेखिए । यस चरणमा देखा परेका खण्डकाव्यहरूमा शास्त्रीय छन्द र नेपाली लोकछन्दको प्रयोग पाइन्छ । काव्यमा शृङ्गारिक एवम् शृङ्गारशिलष्ट देखापर्ने यस चरणको अर्को प्रवृत्ति हो । यस वेलाका खण्डकाव्यलाई प्रत्यक्ष वा परोक्ष रुपमा भारतीय भाषा-साहित्यले प्रभाव पारेको देखिन्छ । यस समयको खण्डकाव्य लेखन परम्पराले तत्कालिन समयको नेपालको शासन व्यवस्थामा देखा परेको परिवर्तनलाई समेत प्रतिबिम्बित गरेको देखिन्छ । राणाहरूको भोगविलासी प्रवृत्तिका कारण यस समयमा

शासक अनूकुलका नेपाली खण्डकाव्य लेखिए । यस चरणमा देखा परेका खण्डकाव्यमा ढाँचागत प्रयोगविविधता,युगगत व्यावसायिक अपेक्षानुरुपको परिमाण-प्रचुरता र एक सर्गबद्धता जस्ता प्रवृतिहरू देखा पर्नुका साथसाथै व्यवसायिक दृष्टिले रम्य प्रेमाख्यान एवम् पद्यवद्ध धार्मिक आख्यान भएको खण्डकाव्य देखा पर्दछ ।

समग्रगमा हेर्दा यस चरणको खण्डकाव्यमा शृङ्गारिकता नै केन्द्रविन्दुमा रहेको देखिन्छ । लहरी, सवाई, बाह्रमासे, बालुन, शतक र चाँचरी जस्ता अनेक रुपबाट मध्यमस्तरको कविताको विकास भएको काल नै माध्यमिक काल हो (निरौला,२०६६:८२) । मौलिकतामा व्यापक वृद्धि,खण्डकाव्यमा सैद्धान्तिक सचेतता हुनु यस चरणको मूल उपलब्धी हो भने संरचनागत शैथिल्य, कवित्व र अनुभूतिको असन्तुलन एवम् भाषाशैलीगत अस्पष्टता भने दूर्बलता नै हो ।

## ३.१.३ नेपाली खण्डकाव्यको आधुनिककाल

लोक परम्पराका साथसाथै प्राथमिक र माध्यमिककालीन खण्डकाव्यको परम्परा नै आधुनिक नेपाली खण्डकाव्यको पृष्टभूमि हो । संस्कृत, फारसी, उर्दु, हिन्दी आदि भाषामा रचिए जस्ता मौलिक गुणवत्तायुक्त कविता काव्य नेपाली भाषामा रचिन नसकेको बोध त्यति बेलाका नेपाली कवि लेखक तथा पाठकहरूले गर्न पुगे । फलस्वरुप लेखनाथ पौड्यालले यही कुरालाई मनन गरी प्रथमतः **वर्षा विचार** (१९६६) र पछि **ऋतुविचार** (१९७३) जस्ता परिस्कारवादी काव्य रची प्रकाशनमा ल्याए । नेपालमा छापाखानाको विकास, पत्रपत्रिकाको प्रकाशन, विश्वमा भएका कतिपय नवीनतम आन्दोलन, वनारसमा अध्ययन गर्न गएका युवा पुस्ताका कारणले गर्दा नै नेपाली खण्डकाव्यमा आधुनिककालको सूत्रपात हुन पुग्यो । वि.स.१९७३ मा प्रकाशित लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्यदेखि हालसम्म (२०७०) सम्मको खण्डकाव्यको युग नै नेपाली खण्डकाव्यको आधुनिक काल हो । यो ९५ वर्षे खण्डकाव्य लेखनको समयमा विभिन्न प्रवृत्तिहरू देखा परे । त्यही प्रवृत्तिहरूलाई क्रमशः तल चर्चा गरिएको छ ।

### ३.१.३.१ परिष्कारवादी धारा

आधुनिक नेपाली खण्डकाव्यको जेठो धारा परिस्कारवादी धारा हो । यो चरणको अवधि १९७६ देखि १९९० सम्म हो । लेखनाथ पौड्यालको वि.स.१९७९ मा प्रकाशित **ऋतुविचार** खण्डकाव्यद्वारा नै

आधुनिक नेपाली खण्डकाव्यको सूत्रपात भएको हो । पौड्यालको **ऋतुविचार, बुद्धिविनोद, सत्यकलिसंवाद** यस चरणका प्रतिनिधि रचनाहरू हुन् । त्यसैगरी यस चरणका अन्य खण्डकाव्यकार र खण्डकाव्यहरूमा चक्रपाणि चालिसेको **मछिन्द्रनाथको कथा** विनाकीप्रसाद आचार्यको **बुद्धिविनोद** प्रेमप्रसाद भट्टराईको **विरक्त पुष्पाञ्जली**, तारानाथ नेपालको **राधवविलाप** पर्दछ । वि.स.१९९० पछिको युग गौण परिष्कारवादी युग हो । यस युगमा बालकृष्ण समको **आगो र पानी** (२०११), **अवतार दर्शन**, माधवप्रसाद देवकोटाको **हुस्सूपथिक** र **रुरुगौरव** बद्रीनाथ भट्टराईको **सिन्धुलीको झलक** भीमनिधि तिवारीको **तर्पण, यशस्वी शव** , भरतराज पन्तको **उर्लेको आँशु, दिनेश चन्द्रहाँस, मेरो राम** जस्ता खण्डकाव्य देखिए । यस चरणको अभिलक्षण भनेको आख्यानरहित विषयवस्तुको प्रयोग हुनु हो । पौराणिक, धार्मिक

विषयवस्तुको प्रयोग, सामाजिक सांस्कृतिक सचेतता, सामाजिक भक्ति र वैराग्यको बोध, नीति सदाचारको अभिव्यक्ति नै यस चरणका खण्डकाव्यका मूल प्रवृत्ति हुन् । जीवन जे जस्तो हुनुपर्छ भन्ने आर्दशको अभिव्यक्ति पनि यस समयमा पाइन्छ । पूर्वीय दर्शनका आध्यात्म दर्शन, प्रकृतिपरक विषयवस्तुको प्रयोग पनि छ । लघु र मानक आकारका खण्डकाव्यहरू पनि यस चरणमा लेखिएका छन् । ज्यादा जसो संस्कृत स्रोतको शास्त्रीय छन्दको प्रयोग छ । उक्ति ढाँचाका दृष्टिले वस्तुगत र वर्णनात्मक ढाँचाको प्रयोग छ । लेखनाथ पौड्याल, बालकृष्ण सम, महानन्द सापकोटा र भरतराज पन्त यस चरणका प्रतिनिधि खण्डकाव्यकार हुन् ।

## ३.१.३.२ स्वच्छन्दतावादी धारा

लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** (१९९२) खण्डकाव्यबाट स्वच्छन्दतावादी धाराको सूत्रपात भयो । त्यसैगरी यस चरणका अन्य खण्डकाव्यहरूमा सिद्धिचरण श्रेष्ठको **उर्वशी, ज्यानमारा शैल, मङ्गलमान, भीमसेन थापा** भवदेव पन्तको **वनबाला ,वीर अभिमन्यु** ,केदारमान व्यथितको **मेरो पृथ्वी, मेरी प्रेयसी, प्रजातान्त्रिक स्वतन्त्रता,** माधव घिमिरेको **गौरी**, **राजेश्वरी, पापिनी आमा**, अगमसिंह गिरीको **युद्ध र योद्धा**, मोदनाथ प्रश्रितको **आमाको आँसु, बुवा खै** पर्दछन् । मूलत आख्यानात्मक किसिमका कृति रच्नु र केही मात्रामा सूक्ष्माख्यानात्मकता हुनु यस चरणका खण्डकाव्यका विशेषताहरू हुन् । यस चरणमा सामाजिक, पौराणिक लगायत मिश्रित विषयवस्तुको प्रयोग गर्दै मौलिक काव्यहरूको रचना पनि भएको देखिन्छ । प्रकृतिपरक, सामाजिक, सांस्कृतिक किसिमका विषयवस्तुको प्रयोग पनि पाइन्छ । साथै यस चरणका खण्डकाव्यमा शारीरिक भोगेच्छा नभई

आत्मतृप्ती प्रणयमूलक श्रृङ्गारिक चेत पाइन्छ । यस चरणका कविहरूले आफ्ना खण्डकाव्यमा सामाजिक, आर्थिक, राजनैतिक, प्रकृति, मानवता, विश्व-बन्धुत्वको भावलाई पनि विषयवस्तु बनाएका छन् । त्यसैगरी यस चरणमा उक्तिको अनेक ढाँचा,कविका एकालाप सम्बोधनात्मक, वर्णनात्मक अभिव्यक्तिका साथ साथै कवि निबन्ध पात्रका श्रृङ्खलाहरू पनि भेट्न सकिन्छ । बद्ध र मुक्त दुवै लय ढाँचाको प्रयोग यसै चरणमा भएका छन् । त्यसैगरी यस चरणका काव्यहरूमा सरल, सहज, रोचक, प्रसन्नका साथै जटिल वा क्लिष्ट ओजस्वी पाराको प्रदिप्तीमूलक र उच्च बौद्धिकमूलक भाषाको प्रयोग पनि पाइन्छ । यस चरणका कविहरूले लघु विम्बको प्रचुर प्रयोग गर्दै आफ्नो काल्पनिक अर्थलाई पनि प्रयोग गरेका छन् । यस चरणका काव्यहरू प्रतिकात्मक व्यञ्जनात्मक दृष्टिले सबल छन् । लक्ष्मी प्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे र अगमसिंह गिरी यस चरणका प्रतिनिधि खण्डकाव्यकार हुन् ।

## ३.१.३.३ प्रयोगवादी धारा

अवचेतनमूलक लेखनको विस्तार नै यस कालको उपलब्धी हो । लामा कविताबाट सिर्जित सेरोफेरो नै प्रयोगवादी धारा हो । यस धाराका प्रवर्तक र सम्बर्द्धक मोहन कोइराला हुन् । लामा कविताका प्रवर्तक जगदीशशमशेर राणाको **कान्छी शहर जान्छे** र मदन रेग्मीको **आज जुजे, पहाड र घाउको आँखा** र मोहन कोइरालाको **लेक** र **सूर्यदान** बाट यस धाराको प्रवर्द्धन भयो । ईश्वर वल्लभ, गुमानसिंह बस्नेत, जनार्दन जोशी, वानिरा गिरी यस चरणमा सशक्त रुपले कलम चलाउने कवि हुन् । ईश्वर वल्लभका **मेरी आमाले आत्महत्या गरेको देश**, **एउटा शहरको किनारामा**, **अग्निद्धीप**, गुमानसिंह चामलिङ्को **कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको** रत्न शमसेर थापाका **क्षितिजको भुत्ला आज बोकाको सपनामा** बानिरा गिरीको **मेरो अविष्कार**, युद्धवीर रानाको **चिहान नपाएका तक्माहरू,** सरुभक्तको **बोक्सीको अह्वान र घोषणापत्र**, शैलेन्द्र साकारको **नाङ्गो तार, आयुषाको देशमा** उल्लेख्य खण्डकाव्य हुन् । जीवनका विसङ्गतिप्रतिको साक्षात्कारको अभिव्यक्ति प्रयोगवादी लामा कविताको प्रवृत्ति हो । अस्तित्ववादी पराजयको अभिव्यक्ति लामा कविताको प्रयोगवादी चरणको प्रवृत्ति हो । यस चरणका काव्यमा दूर्वोध्य, क्लिष्ट र अर्थ बुझाइमा दोसाधता छ । प्रयोगवादको समय पछि लेखिएका रचनामा सूक्ष्म र स्थूल दुवै किसिमका आख्यानको प्रयोग पाइन्छ । प्रकृतिदेखि व्यक्ति मनुष्यताको सेरोफेरोको प्रयोग गरेको पाइन्छ ।

## ३.१.३.४ प्रगतिवादी धारा

लक्ष्मीप्रसाद देवकोटाले वि.स.२००३ पछि रचेका कतिपय कविता र २००५ मा रचेको **पहाडी पुकार** लघुकाव्यबाट प्रगतिवादी चेत सुरु गरे पनि नेपाली समालोचकहरू त्यस कुरालाई

मान्न तत्पर रहेको देखिन्न । साम्यवादी दलप्रति प्रतिवद्ध रही युद्धप्रसाद मिश्रले वि.स.२०२४/२५ साल पछि स्वच्छन्दतावाद पछि प्रगतिवादलाई वरण गर्दै दुईवटा खण्डकाव्य **मुक्ति रामायण अरण्डकाण्ड** र **मुक्त सुदामा** रचे । नेपाली खण्डकाव्यको प्रगतिवादी धारालाई अगाडि बढाउने अरु उल्लेखनीय प्रतिभा र तिनका रचनाहरू यस प्रकार छन् :जनकप्रसाद हुमागाइँको **गोरे धर्तीको सवाई**, रामचन्द्र भट्टराईको **बोइ**, विक्रम सुब्बाको **शान्तिको खोजमा**, गोविन्द भण्डारीको **फिलिङ्गो**, मोहन विक्रम सिंहका **झिम्रुक नदी र चिबे चराको कथा**, **आदिज विद्रोह**, ऋषिराम न्यौपानेको **विजयका बाँसुरी**, रामप्रसाद ज्ञवालीको **एकादेशमा** धनश्याम कँडेलको **देवयानी**, कृष्णसेन इच्छुकको **वन्दी र चन्द्रागिरि**, सुकुम शर्माको **आगोको यात्रा** । यस चरणका खण्डकाव्यकारहरूले नेपाली समाजमा विद्यमान आर्थिकका साथै जातीय विषयलाई काव्यको विषयवस्तु बनाउनुका साथै सामाजिक उत्पीडन र आर्थिक दुराचारलाई पनि आफ्नो मूलविषय बनाएका काव्य हुन् । रामचन्द्र भट्टराईको **बोइ** उत्कृष्ट काव्य हो । यस चरणका काव्यको व्यञ्जनागम्य अर्थ हेर्दा सरल नै छन् ।

## ३.१.३.५ उत्तरप्रयोगवादी धारा

यस चरणमा प्रयोगवादी जटिलताका विरुद्ध पाठकप्रति सचेतता देखाएको पाइन्छ । यस चरणमा बहुविचारहरू प्रस्तुत हुन थाले । यस समयदेखि कुनै एक कवि मात्र मुख्य केन्द्रका रुपमा रहेनन् र केन्द्र विघटन भएको पाइन्छ । यस समयमा परम्परागत खण्डकाव्य पनि रच्ने र प्रयोगवादी धाराका बीचमा पनि सरल कविताहरू रचिदै छन् । यस्तो सन्निग्ध कालमा काव्य रच्ने अग्रणि व्यक्तित्व हरिभक्त कटुवाल हुन् । उनको **सुधा** खण्डकाव्य नै परम्परागत स्वच्छन्दतावादी खण्डकाव्य हो । त्यस्तै यसै समयमा परिष्कारवादी स्वच्छन्दतावादी प्रकृति भएको कृष्णप्रसाद पराजुलीको **कथा आँशुको** भरतराज मन्थलीयकै परिष्कारवादी चेत भएको

**गिरीवाला**, परिष्कारवादी प्रवृत्ति भएकै अर्को काव्य वासुदेव त्रिपाठीको **राजकुमारी वासवदत्ता**, भानुभक्त पोखरेलको परिष्कारवादी स्वच्छन्दतावादी प्रवृत्ति भएका **राष्ट्रमाता, मान्छेको म, मेरी देवयानी**, रामलाल अधिकारीको **छोराछोरी भएको घर** (स्वच्छन्दतावादी) सरुभक्तको **झुमा**, **ज्यानमाया**, **भेडीगोठ**, दिनेश अधिकारीको **इन्द्रजात्रा** (स्वच्छन्दतावादी-प्रगतिवादी) उल्लेख्य कृति

मानिन्छन् । उत्तरआधुनिकतावादी रङ्गमञ्चको प्रयोग गरी धर्मेन्द्रवीक्रम नेम्बाङ्ले **ढुङ्गा कि त भगवान्को आत्महत्याको देश** खण्डकाव्य लेखे । मोहन कोइराला,वासुदेव त्रिपाठी, भानुभक्त पोखरेल, दिनेश अधिकारी, सरुभक्त र रमेश श्रेष्ठ यस चरणका उत्कृष्ट खण्डकाव्यकार हुन् ।

## ३.२ नेपाली खण्डकाव्यमा 'राष्ट्र–निर्माता' को उदय

कुनै पनि एक साहित्यकार र एक साहित्यिक रचनाले एउटा सहित्यलाई पूर्ण बनाउन सक्दैन । बगैँचामा अनेक फूलका कारण बगैँचा सुन्दर भए झैँ अनेक साहित्यकारका साहित्यिक रचनाले त्यो साहित्यले झाङ्गिने र सबैको हृदयमा बस्ने अवसर पाउँछ । नेपाली खण्डकाव्यलाई हेर्दा नेपाली कविताको उदयसँगै भएको चर्चा अघि गरियो । लोक परम्पराका साथसाथै प्राथमिक र माध्यमिककालीन खण्डकाव्यको परम्पराले नै आधुनिक नेपाली खण्डकाव्यको गोरेटो कोर्ने काम गऱ्यो । वि.स.१९७३ मा लेखनाथ पौड्यालको 'ऋतुविचार' बाट आधुनिक नेपाली खण्डकाव्यको सूत्रपात भएको हो । आधुनिक नेपाली खण्डकाव्यको दोस्रो चरणमा स्वच्छन्दतावादी पवृति देखा पऱ्यो । यो चरणका सूत्रपातकर्ता लक्ष्मीप्रसाद देवकोटा हुन् । देवकोटाको **मुनामदन** खण्डकाव्यद्वारा नै यो चरण प्रारम्भ भएको हो । मनभित्र उठेका स्वस्फूर्त भावलाई प्रस्तुत गर्ने वाद नै स्वच्छन्दतावाद हो । स्वच्छन्दतावादी खण्डकाव्यात्मक प्रवृतिलाई आत्मसाय गरी यस वादलाई अघि बढाउने क्रममा सिद्धिचरण श्रेष्ठ, भवदेव पन्त, केदारमान व्यत्तित जस्ता खण्डकाव्यकार देखा परेकै क्रममै माधव घिमिरे उदाएका हुन् ।

पत्नी वियोगका कारण पीडित बनेका माधव घिमिरेले २००४ सालदेखि नै **गौरी** खण्डकाव्यको फुटकर अंशको प्रकाशन गराएका थिए । यही प्रकाशनबाट घिमिरे खण्डकाव्यकारका रुपमै उदाँउदै जान्छन् । वि.स.२०१३ सालमा प्रकाशित **पापिनी आमा**, नै घिमिरेको पहिलो खण्डकाव्य हो । घिमिरेले पत्नी वियोगका कारण **गौरी** खण्डकाव्य पनि लेखे । **राष्ट्र-निर्माता** खण्डकाव्य माधव घिमिरेले वि.स.२०२३ सालमा रचना गरेका हुन् । यस काव्यको

पहिलो प्रकाशन त्यही साल रोयल नेपाल एकेडेमीबाट प्रकाशित ‘कविता’ पत्रिकाको (वर्ष२,अङ्‌ ४)काव्य विशेषाङ्कमा प्रकाशित भई पुस्तकाकार रुपमा वि.स.२०३० मा प्रकाशित भएको हो (न्यौपाने, २०३०:.२७) । आफ्नी पत्नीको मृत्युमा लेखिएको उत्कृष्ट कारुणिक शोक काव्य **गौरी,**

त्यसपछि ऐतिहासिक विभूतिलाई लिई मानवीय मूल्यको खोजीमा लेखिएको करुणा-प्रधान प्रसिद्ध खण्डकाव्य **राजेश्वरी** र सामाजिक घटनालाई लिई महत्वपूर्ण सुधारात्मक लोकलयमा आश्रित खण्डकाव्य **पापिनी आमा** भन्दा पछिको ऐतिहासिक वीर रस प्रधान खण्डकाव्य **राष्ट्र-निर्माता** हो ( न्यौपाने,२०३०:२५) ।

**राष्ट्र-निर्माता** खण्डकाव्यमा घिमिरे ऐतिहासिक व्यक्तित्व एवम् नेपाल राष्ट्रका निर्मातालाई नायक बनाएर काव्य रचना गर्नु आफैँमा ठूलो कुरा हो, त्यसैले यसको महत्व आफैमा छ । वि.स.२०१९ सालमा कवि घिमिरे इण्डियन दूतावासमा आयोजित भोज कार्यक्रममा जादा राजा महेन्द्रले उठाएको मन्त्री परिषद्मा जातीय सहभागिता सम्बन्धी अवधारणालाई यस **राष्ट्र-निर्माता** खण्डकाव्यको प्रेरणा स्रोतका रुपमा लिइन्छ (पौडेल,२०६८:९३) । त्यस कार्यक्रममा राजा महेन्द्रले टङ्कप्रसाद आचार्यको नेतृत्वमा बन्ने नयाँ मन्त्रीमण्डलमा राई,लिम्बू र गुरुङ्ग आदि विभिन्न जातहरूको समावेश र प्रतिनिधित्व हुनुपर्ने कुरा गरे । यसबाट कवि मनमा नेपाल जातीय आधारमा खण्डित हुन्छ भन्ने लाग्यो र कविले नेपालको अखण्डताको पक्षमा लडेर ऐतिहासिक पात्र र सन्दर्भलाई लिएर यस काव्यको रचना गरे ( पौडेल:ऐजन) । वाइसी-चौविसी राज्यमा विभक्त खण्डित नेपालका लागि एउटा शक्तिशाली र एकताको महत्वलाई बुझ्ने महान् पुरुषको आवश्यकता रहिरहेको तत्कालीन अवस्थामा पृथ्वीनारायण शाह एक्काइस वर्षको उमेरमा नै त्यस महत्वलाई बुझ्ने ऐतिहासिक वीर पुरुषका रुपमा उदाए र ती टुक्रा राज्यहरू जोडेर विशाल नेपालको स्वरुप तयार पार्न पनि सफल भए । यस काव्यमा पृथ्वीनारायण शाहले राज्य विस्तारमात्र गरिरहेका छैनन् मूलत:हिमवत् खण्डको ऋग्वैदिक कालदेखिको स्वप्न, निजत्व वा स्वकीय आर्ष परम्परा बचाउने उद्देश्यले शक्ति संचय गरिरहेका छन् (पोखरेल,२०५६:८५) । यस खण्डकाव्यका माध्यमबाट ऐतिहासिक आदर्श र यथार्थलाई आजको हतास वर्तमान जीवन र जगत्का सामु उभ्याएर घिमिरेले खदिलो काम गरेका छन् (रिसाल,२०५०:२८६) ।

ऐतिहासिक व्यक्तित्व र ऐतिहासिक घटनालाई लिएर घिमिरे आधुनिक नेपाली खण्डकाव्यको दोस्रो चरणमा देखा परेका हुन् । फूल जसरी अनेकता एवम् पत्रपत्रमा सुन्दर देखिन्छ ठीक त्यसैगरी राज्य पनि विविधतामा अनेकता रहँदा राज्य सदा सबल रहने भाव यस काव्यमा

कविद्धारा व्यक्त भएकाले त्यो नेपालीका लागि सदा मार्गदर्शक बनेको छ । पृथ्वीनारायण शाहले

नेपालको अस्तित्व संरक्षण र सम्बर्द्धनका लागि नेपालीहरूलाई जुन सामर्थ्य र सचेतना दिए यसै उच्चतम् ऐतिहासिक प्रदानको गौरवगान यस काव्यको वर्ण्य विषय हो (भट्टराई,२०३४:७७) ।

## ३.३. निष्कर्ष

यस परिच्छेदमा मुख्य शीर्षक नेपाली खण्डकाव्यको विकासक्रम र **राष्ट्र-निर्माता** को उदय रहेको छ । यस परिच्छेदमा नेपाली खण्ड काब्यको विकास कममा प्राथमिक काल, माध्यमिक काल, आधुनिक कालको चर्चा गर्नुका साथै आधुनिक कालमा देखा परेका परिष्कारवादी धारा  स्वच्छन्दतावादी धारा प्रयोगवादी धारा, प्रगतिवादी धारा  र उत्तरप्रयोगवादी धाराको चर्चा गरिएको छ ।  यसै परिच्छेदमा नेपाली खण्डकाव्यमा **राष्ट्र-निर्माता** को उदय कसरी भयो भन्ने कुरालाई प्रष्ट पार्दै निष्कर्ष लेखी टुङ्गयाइएको छ ।

# परिच्छेद-चार

## माधव घिमिरेको खण्डकाव्य यात्रा र योगदान

## ४.१. घिमिरेको जीवनको सङ्क्षिप्त रुपरेखा

### ४.१.१. जन्म र अक्षरारम्भ

माधव घिमिरेको जन्म वि. सं १९७६ साल आश्विन ७ गते हालको गण्डकी अञ्चल लमजुङ्ग जिल्लाको बाहुन डाँडा गा.वि.स ५ मा भएको थियो । उनको बुवाको नाम गौरीशंकर घिमिरे थियो भने आमाको नाम द्रौपदी घिमिरे थियो ।

अढाई वर्षका छँदा माधव घिमिरेकी आमाको मृत्यु भएकोले आमाको न्यानो मायाबाट बञ्चित भएपनि बाबुको लालन - पालनमा नै हुर्किएको पाइन्छ । ब्राह्मण कूलमा जन्मिएकाले कूलको रीतिरिवाजअनुसार घरैबाट अक्षर आरम्भ गरी रुद्री, धार्मिक ग्रन्थको अध्ययन गरेको पाईन्छ ।

### ४.१.२ किशोरावस्था र प्रारम्भिक कवि जिवन

घिमिरेको किशोरावस्था खुदीवेनी पाठशालामा वित्यो । उनले संस्कृत वाङ्मयको अध्ययन गरेर जीवन व्यतित गर्ने सोमनाथ सिग्द्यालको ‘ विरत्त पुष्पाञ्जली ’ नामको कृतिको अध्ययन र पत्र पत्रिकाको अध्ययन गरेकाले पनि कवि जिवनको उक्त सङ्केतलाई प्राप्त गरेको पाइन्छ । वि.स १९९१

सालमा पन्ध्र वर्षकै उमेरमा ‘ ज्ञानपुष्प’ नामक कविता लेखर प्रारम्भिक कवि जिवनको थालनी गरे भने वि.सँ १९९४ सालमा नौ वटा कविताका सङ्ग्रह नवमञ्जरी’ को प्रकाशन पछि कवि माधव प्रसाद घिमिरेको रुपमा स्थापित समेत भए ।

## ४.१.३ शिक्षा - दीक्षा

मातृवात्सल्यविहिन कवि माधव प्रसाद घिमिरेको औपचारिक शिक्षा वाराणसीबाट भएको पाइन्छ । काठमाण्डौँस्थित रानीपोखरी मै अध्ययन गर्दै वाराणसी गएर सम्पूर्ण मध्यमा र दर्शनजस्तो गहन विषयमा शास्त्री पास गरे । त्यसकै प्रतिफल कविव्यक्तित्व पनि हो ।

## ४.१.४ आजीविका

घिमिरेको जीवकोपार्जनको मूल केन्द्रविन्दु जागिर नै हो । उनले वि.स. १९९८ मा नेपाली भाषनुवाद परिषद्मा जागिरे जीवनको अनुभव गरेको पाइन्छ भने २००१ साल देखि गोर्खा पत्रका सह - सम्पादक , २००५ देखि यशोव्रह्म शाहको आधार शिक्षा मा.वि का प्रधानाध्यापक , वि.स २००९ देखि वि.स २०१४ सम्म कलेज अफ एजुकेशन ’ मा नेपाली विषयको प्राध्यापक , २०१४ साल देखि २०२८ सालसम्म नेपाल राजकिय प्रज्ञा- प्रतिष्ठानका सदस्य गरी २०२८ साल देखि उक्त प्रतिष्ठानकै आजीवन सदस्य भएर रहेको पाइन्छ । २०३८ साल तिर त्यसै प्रतिष्ठानका उपकुलपति जस्तो गम्भीर पददायित्व वहन गर्दै जीवन व्यतित गरेको पाइन्छ ।

## ४.१.५ पारिवारिक जीवन

घिमिरेको पारिवारिक प्रपञ्च जुटाउने खुदीवेनी पाठसाला हो । स्कूले जीवन र बडो बुद्धिमत्तापूर्ण व्यवहारदेखि प्रसन्न भएर ‘तराजु’ गाउँका पोखेलकी छोरी गौरीसँग वैवाहिक जीवनमा बाँधिए पनि वि.स. २००१ सालमा गोरखापत्रमा जागीरे भएपछि मात्र पारिवारिक जीवनको सूत्रपात भएको पाइन्छ । दुई छोरी शान्ति र कान्तिको जन्म भयो । केहि वर्ष पछि २००४ सालमा २० वर्षको रहर लाग्दो

उमेरमा आफ्नी पत्नी गौरीको असामयिक निधनले व्यथित घिमिरे करुणरसका सशक्त कवि पनि बन्न पुगेको पाइन्छ । वि.सं २००५ सालमा लमजुङ जिल्लाको डुराडाँडामा बस्ने अधिकारीकी छोरी माहाकालीसँग घिमिरेको दोश्रो विवाह भयो । उहाँबाट पनि ४ छोरी र दुई छोराको जन्म भएको देखिन्छ । उनी पारिवारिक जीवनमा धेरै दु :ख खप्दै हाल पारिवारिक वातावरणमा नै लैनचौरस्थित आफ्नै धरमा बसको पाइन्छ ।

## ४.१.६ सामाजिक जीवन

गौरीको मृत्यु पछि भौँतारिएका घिमिरे वि.स २००५ सालमा लमजुङ्गतर्फ नै फर्कनु भएबाट सामाजिक जीवनको सूत्रपात हुन्छ । उनले वि.सं २००५ देखि २००८ सम्म आधार शिक्षा मा.वि.मा प्रधनाध्यापक हुँदा सामाजिक र शैक्षिक सेवामा महत्त्वपूर्ण योग्दान पुऱ्याएका छन् । विद्यालयका प्रधनाध्यापक हुँदा सामाजिक र शैक्षिक सेवामा महत्वपूर्ण योग्दान पुऱ्याएका छन् । विद्यालयका प्रधानाध्यापक रहँदा पनि गाउँ - गाउँ डुली सफाइ आन्दोलनमा सरिक हुनुका साथै बाटो-घाटोको मर्मत सुधार गर्ने , केटाकेटीलाई सफा सुग्घर गराउने जस्ता कार्यमा सलग्न रही सामाजिक व्यक्तित्वको परिचय पनि प्रदान गर्नु भएको पाइन्छ । शिक्षातर्फको नवीन व्यवस्थामा योगदान पुऱ्याउनुभएको पाइन्छ भने सामाजिक सेवाका कार्यमा पनि उत्तिकै उत्साह रहेको पाइन्छ । विशेष गरेर उनको शैक्षिक सेवा नै प्रभावकारी छ । प्रजातान्त्रिक विचारधारामा उभिएका घिमिरेले ७ दिन सम्मको जेल जीवनसमेत भोगी समाजिक व्यक्तित्वको परिचय दिनुभएको पाइन्छ ।

## ४.१.७ साहित्यिक जीवन

वि.स. १९९२ मा ज्ञानपुष्प नामक कविताबाट साहित्यिक जीवनको प्रारम्भ हुन्छ भने त्यसको निरन्तरता १९९४ को नवमञ्जरी कवितासङ्ग्रहबाट हुन्छ तर साहित्यक जीवनको खास सूत्रपात भने '**गौरी**' ( २००४) खण्डकाव्यकै माध्यमबाट नै हुन्छ । घिमिरेको साहित्यिक जीवनको निश्चित गति प्रदान गर्ने मूख्य कृति नै ' **गौरी** ' खण्डकाव्य हो । राष्ट्रिय र सामाजिक भावनाबाट प्रेरित ' **पापीनी**

**आमा**', '**राष्ट्र-निर्माता**', **राजेश्वरी** जस्ता खण्डकाव्य अमूल्य छन् भने फुटकर रचना र गीत पनि लेख्दै रहनु भएको पाइन्छ तर जे होस घिमिरेको साहित्यिक जीवनको वृहत उपलब्धि नै कवि जिवन हो ।

## ४.२. पुरस्कार तथा सम्मान

कवि, साहित्यकार, कलाकार वा विशिष्ट व्यक्तित्वहरुलाई समाज, राष्ट्र तथा अन्तराष्ट्रिय जगत्‌बाट बेलाबेलामा पुरस्कार तथा सम्मान गर्ने परम्परा रहिआएको छ । यसै क्रममा कवि माधव घिमिरेको कवित्वको पहिचान गरी बाल्यकालमा स्थानीय साहूको प्रशंसामा लेखिएको कविताका आधारमा गाउँलेहरुद्धारा उनलाई प्रशंसित गरिएको थियो । त्यसपछि २००४ मा काठमाण्डौमा सम्पन्न कविता प्रतियोगितामा उनी प्रथम पुरस्कारबाट र २०२२ सालमा विशिष्ट एकेडेमी पदकबाट समेत सम्मानित विभूषित हुन पुगेका थिए । त्यसरी नै उनलाई २०३२ सालमा विशिष्ट गोरखा दक्षिणबाहु द्धितीय र २०३३ सालमा त्रिभुवन प्रज्ञा पुरस्कारबाट पनि सम्मानित गरिएको थियो । त्यस्तै बेलाबेलामा प्रसिद्ध गितीनाटक '**मालती–मंङ्गले**' का लागि विषेश नगद पुरस्कारद्धारा पनि सम्मानित गरिएको थियो । उनलाई २०५१ सालमा सीताराम साहित्य पुरस्कार, २०५१ मा सिलसिला साहित्य परिवारद्धारा रथयात्रा, २०५२ सालमा आदिकवि भानुभक्त पुरस्कार, २०५३ सालमा सार्वजनिक अभिनन्दन, २०५५ र २०५८ सालमा साझा पुरस्कार, २०५६ मा भूपालमानसिंह प्रज्ञा पुरस्कार, २०५६ मा सुप्रबल गोरखा दक्षिण बाहु प्रथम, २०५७ मा बसुन्धराश्री पुरस्कार, २०५८ मा श्री वीरेन्द्र ऐश्वर्य सेवा पदक र २०५९ मा राष्ट्रिय प्रतिभा पुरस्कार आदिले पनि पुरस्कृत र सम्मानित गरिँदै आएको देखिन्छ । त्यसैगरी

जीवनको उत्तरार्द्धमा आएपछि उनलाई २०६० मा राष्ट्रिय अभिनन्दन र राष्ट्रकविको उपाधिसमेत प्रदान गरिएको छ । साथै सार्वजनिक अभिनन्दन र सम्मान आदिको  क्रम निरन्तर रुपमा भइरहेको पाइन्छ ।

उनी नेपाली साहित्य परिषद् बेलायत, नेपाली साहित्य समाज वासिङ्टन डिसी र अमेरिका नेपाल फ्रेन्डसिप सोसाइटी न्यूयोर्क आदिबाट पनि सम्मानित भएका छन् । यी बाहेक पनि हालमा आएर नेपालभित्रकै विभिन्न संघसंस्था आदिबाट निरन्तर अभिनन्दीत र सम्मानित हुँदै आएका छन् । यसरी राष्ट्रकवि माधव घिमिरे समय-समयमा विभिन्न क्षेत्रबाट पुरस्कृत तथा सम्मानित हुँदै आएका छन् तापनि जीवनको ९५ वर्षीय लामो समयभित्रको लगभग ८ दशक लामो समय साहित्य सृजना र

साहित्य सेवामा संलग्न भएका व्यक्तित्वलाई जीवनको पूर्वार्द्धमा भने यथोचित मूल्याङ्कनसहित पुरस्कार तथा सम्मान गरिएको पाइदैन तर हाल केही समयदेखि उनको मूल्याङ्कन हुन थालेको अनुभव हुन्छ ।

## ४.३ घिमिरेको व्यक्तित्वको संक्षिप्त रुपरेखा

### ४.३.१ फुटकर कवि व्यक्तित्व

वि.स १९९२ मा पहिलो कविता **ज्ञानपुष्प** का माध्यमबाट नेवाली साहित्यमा प्रवेश गर्नुभएका घिमिरेले १९९४ मा फुटकर नौ कविताहरुको सङ्ग्रह ' नवमञ्जरी' को प्रकाशन गर्नुभएको छ भने विभिन्न पत्र- पत्रिकामा अद्यावधि फुटकर रचना प्रकाशित रहेकोले उनी फुटकर कविव्यक्तित्व हुन् ।

### ४.३.२ गीतकार व्यक्तित्व

घिमिरेको बहुमुखी व्यक्तित्वभित्र गीतकार व्यक्तित्व पनि पर्दछ । वि.स २००३ देखि २०३३ सम्म पत्रपत्रिकामा प्रकाशित १५० गीतहरुको सङ्ग्रह ' **किन्नर किन्नरी** हो । गाँउ छ गीत नेपाली जस्ता कतिपय गीतहरु रेडियो नेपालबाट प्रसारित छन् भने **मनको वाघ** मा पनि घिमिरेका मार्मिक गीतहरु प्रस्तुत भएका छन् । धिमिरेका गीतहरुमा चिन्तनशीलता , राष्ट्रिय

संस्कृति र गौरवको अभिव्यक्ति सामाजिक अनुभूति प्रशस्त गीतहरु पाइने हुनाले उनी सफल गीतकार व्यक्तित्व हुन् ।

### ४.३.३ निबन्धकार व्यक्तित्व

बहुमुखी व्यक्तित्व घिमिरे निबन्धकारका रुपमा पनि परिचित छन् । यद्यपि निबन्धसम्बन्धी कुनै खास महत्वपूर्ण पुस्तकाकार कृति नभए पनि निजात्मक अभिव्यक्तिलाई साहित्य रुपमा भने दिएका छन् । एघारवटा शीर्षकमा व्यक्तिएका उनका निजी सिद्धान्तको सँगालो आफ्नै बाँसुरी आफ्नै गीत हो तर पूर्णतया निबन्धात्मक सङ्ग्रह भने नभए जस्तो देखिन्छ । जेहोस् घिमिरे साहित्यिक धरातलमा निबन्धकारका रुपमासमेत परिचित छन. ।

## ४.३.४ बालसाहित्यकार व्यक्तित्व

नेपाली साहित्यकारका बालसुलभ कथाहरु धेरै प्राप्त भएपनि बालगीतहरुको अभावग्रस्त अवस्थामा घिमिरेको ' **घामपानी** ( २०१२) , **बाललहरी** (२०२५) प्राप्त हुनु एउटा महत्वपूर्ण प्राप्तिको विषय हो । यी दुई  कृतिका सेरोफेरोभित्र घिमिरेको बाल साहित्यकार व्यक्तित्व पनि प्रतिबिम्बित छ ।

## ४.३.५ अनुवादक व्यक्तित्व

घिमिरेको कवितात्मक अभिव्यक्तिको आभ्यासी चरणमा अनुवादतर्फ पनि उनले आफ्नो कलम दौडाएको पाइन्छ । सस्कृत साहित्यका सुप्रसिद्ध कवि श्रीहर्षद्वारा लेखिएको **'नागानन्द'** नामक संस्कृत नाटकको अनुवाद गरी सरल , सहज र बोधगम्य बनाउने महत्वपूर्ण कार्य पनि घिमिरेबाट भएको छ । अत :उनी अनुवादक व्यक्तित्व पनि हुन् ।

## ४.३.६ खण्डकाव्यकार व्यक्तित्व र खण्डकाव्यकार प्रवृत्ति

एउटा सानो सरल कृतिमा पूर्ण संसारको अपेक्षा राख्ने घिमिरे विशिष्ट कवि व्यक्तित्व हुन् । नेपाली खण्डकाव्यको भण्डारमा घिमिरेका काव्य महत्वपूर्ण वैभवका रुपमा रहेका छन् । **गौरी**

खण्डकाव्यबाट बहुचर्चित बन्न पुगेका घिमिरेका प्रकाशित खण्डकाव्यहरु **गौरी** , **राजेश्वरी** , **पापीनी आमा** , **राष्ट्र-निर्माता** हुन् । बहुचर्चित खण्डकाव्यकार घिमिरेको खण्डकाव्यगत प्रवृतिलाई केहि संक्षिप्त बुँदागत रुपमा तल देखाइन्छ ।

### ४.३.६.१ लयगत प्रवृत्ति

लयको दृष्टिले उनका खण्डकाव्य वर्णमात्रिक छन्द र लोकलय दुवै उत्तिकै सशक्त छन् । उनका लय प्रयोग निकै मिठासयुक्त र श्रुतिरम्य छ ।

### ४.३.६.२ संरचनागत प्रवृति

उनको आख्यानात्मक संरचना प्रयोग मुख्य प्रवृति हो भने एकै शोकप्रवाहमा रचिएको **गौरी** को संरचना पनि विशिष्ट नै छ ।

## ४.३.६.३ विषयवस्तुका स्रोतगत प्रवृति

यिनका खण्डकाव्य विविध विषयवस्तुमा समेटिएका छन् । कुनै लोकप्रसिद्ध विषयवस्तु छन् भने कुनै उत्पाद्य पनि छन् । इतिहासप्रसिद्ध र लोकप्रसिद्ध विषयवस्तुमा आधारित खण्डकाव्यभित्र **'राजेश्वरी'** र **'मालती मङ्गले'** पर्दछन् । पृथ्वीनारायण शाहको ऐतिहासिक घटनामा आधारित ऐतिहासिक विषयवस्तु भएको खण्डकाव्य **'राष्ट्र-निर्माता'** हो । व्यक्तिगत विषयलाई आधार बनाएर लेखिएको **'गौरी'** शोकपरक खण्डकाव्य हो भने मौलिक विषयवस्तुमा आधारित **'पापिनी आमा'** खण्डकाव्य हो । विविध विषयवस्तुमा आधारित भएर खण्डकाव्यको रचना गर्ने घिमिरे जीवनजगत्का शास्वत सत्यको अभिव्यक्ति पनि दिन्छन् ।

## ४.३.६.४ स्वरगत प्रवृत्ति

स्वच्छन्दतावादी मानवताबाद उनका खण्डकाव्यको मुख्य स्वर हो ।

## ४.३.६.५ रसभावगत प्रवृति

घिमिरेका खण्डकाव्यको मुख्य रसभावगत प्रवृति करुण रसको सशक्त व्यञ्जना हो । उनका खण्डकाव्यमा वीर, शान्त, शृङ्गार जस्ता रसभावको अभिव्यक्ति पनि उत्तिकै प्रवल देखिन्छ । उनको **'राजेश्वरी'** खण्डकाव्यमा मुख्य रस करुणका रुपमा व्यक्त भएको छ भने 'राष्ट्र-निर्माता' मा वीर रस व्यक्त भएको छ । **'गौरी'** करुण रसको परिपाक भएको एक अर्को उत्कृष्ट कृति हो । कालिदासको रसवादी चिन्तनबाट प्रभावित भएकाले पनि उनले खण्डकाव्यमा रसलाई परिपक्व बनाएर उत्कर्षमा पुऱ्याएका छन् ।

## ४.३.६.६ शैलीशिल्पगत प्रवृत्ति

सरल, सुकोमल, ध्वन्यात्मक शब्दहरुको प्रयोग, अनुप्रासशब्दालङ्कारको प्रयोगबाट प्राप्त हुने मिठास, सङ्क्षिप्तता, सरलता, परिष्कारपूर्णता, जीवनजगत्का विविध क्षेत्रबाट टिपिएका सशक्त,

भाववाही लघुबिम्ब, विविध अर्थालङ्कारको प्रभाववादी प्रयोग, तीव्र व्यञ्जना शक्ति र सशक्त प्रतीक विधान घिमिरेका शैलीशिल्पगत प्रवृति हुन् ।

### ४.३.६.७ भाषिक प्रवृत्ति

घिमिरेद्वारा संरचित खण्डकाव्यमा तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दको संयोजन छ भने अनुकरणात्मक शब्द प्रयोगको चमत्कार पनि उत्तिकै प्रबल छ । उनी कवितालाई सुन्दर बनाउन नेपाली झर्रा शब्दको प्रयोग गर्दछन् भने भावलाई मार्मिक बनाउन तत्सम शब्दको योजना गर्दछन् । सङ्क्षिप्त सघन भावमय भाषिक प्रयोग घिमिरेको भाषिकप्रयोगको मुख्य विशेषता हो । घिमिरेका भाषिक प्रयोग गेयात्मक छ भने त्यो प्रशस्त सरल, सुबोध, हृदयगम्य मधुर र हृदयस्पर्शी पनि छ ।

## ४.४ माधव घिमिरेको खण्डकाव्य यात्रा

वि.स.१९९२ देखि प्रारम्भ भएको माधव घिमिरेको काव्य लेखन हालसम्म पनि निरन्तर अघि बढिरहेको छ । यस ७६ वर्षे काव्य लेखनलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले

वर्गीकरण गरेका छन् । उनको कविता यात्रालाई वासुदेव त्रिपाठीले पाँच चरणमा वर्गीकरण गरेका छन् । जसलाई यसरी देखाउन सकिन्छ :-

| | |
|---|---|
| पहिलो चरण | – १९९२-२००३/२००४ |
| दोस्रो चरण | – २००४-२०१६ |
| तेस्रो चरण | – २०१७-२०२२ |
| चौथौ चरण | – २०२३-२०३६ |
| पाँचौ चरण | – २०३७-२०५७ (त्रिपाठी र अन्य सम्पा.) |

२०६०:२३१

महादेव अवस्थीले घिमिरेको कविता यात्रालाई दुई चरणमा पस्केका छन् :-

| | |
|---|---|
| पूर्वार्द्ध चरण | – १९९२-२०२२ |
| उत्तरार्द्ध चरण | –२०२३-हाल(२०६८)(अवस्थी,२०६४:१९७) |

भरत कुमार भट्टराईले माधव घिमिरेको खण्डकाव्ययात्रालाई दुई चरणमा बिभाजन गरेका छन् :-

| | |
|---|---|
| पूर्वार्द्ध चरण | – १९९५-२०२२ |

उत्तरार्द्ध चरण –२०२३-हालसम्म(भट्टराई,२०५३:८७)

यसरी विभिन्न विद्वानहरूले घिमिरेको खण्डकाव्य यात्रालाई आ-आफ्नै तरिकाले वर्गीकरण गरेको देखिन्छ ।घिमिरेका प्रकाशित खण्डकाव्यहरू र तिनमा पाइने प्रवृतिगत भिन्नताका आधारमा उनको खण्डकाव्य यात्रालाई निम्नलिखित पाँच चरणमा विभाजन गरिएकोछ :-

| | |
|---|---|
| पहिलो चरण | – १९९२-२००३ |
| दोस्रो चरण | – २००४-२०१६ |
| तेस्रो चरण | – २०१७-२०२२ |
| चौथौ चरण | – २०२३-२०३७ |
| पाँचौ चरण | – २०३८-हाल (२०७० सम्म) |

**१. प्रथम चरण (वि.स.१९९२-२००३)**

यो चरण घिमिरेको काव्यतिरको साधनाका दृष्टिले खण्डकाव्यको पृष्ठभूमिका रुपमा रहेको छ । मूलरुपमा खण्डकाव्य लेखन वि.स. १९९५ तिर भएको स्वीकारोक्ति खण्डकाव्यकार घिमिरेको रहेको छ । वि.स.१९९२ देखि १९९४ सम्म खण्डकाव्य लेखनको पूर्व अभ्यासको समय देखिन्छ । संस्कृत र नेपाली भाषाका आधा दर्जन काव्यकृति रचेको सूचना पाइन्छ । महाकाव्यांश रचेको सूचना पाइए पनि प्रकाशन भएको देखिन्न । खण्डकाव्य पनि सूचनामै सीमित छ । वि.स.१९९५ मा संस्कृतमा **रामविलास** खण्डकाव्य लेखेको सूचना पाइन्छ । **कृष्णभक्ति** १९९६ सालमा लेखेको भनिए पनि फेला परेको छैन । उषा चरित्र'१९९८ मा लेखेको चम्पूकाव्य भनिए पनि सूचनामै सीमित छ । **जीवन संगीत** ( १९९८) , **सुदामा चरित्र** (१९९९) पनि लेखेको पाइन्छ । यिनै खण्डकाव्यको सचेतताबाट **गोबिन्द** महाकाव्यांश २००३ मा लेखेको र प्रकाशन गरेको पाइन्छ । यस पृष्ठभूमिकालमा घिमिरे बढी परिष्कारवादी र स्वच्छन्दतावादी भावधाराबाट प्रभावित छन् । पहिलेका तीन काव्यमा परिष्कारवादी चेत र पछिल्लामा स्वच्छन्दतावादी भावधाराबाट प्रभावित थिएँ भन्ने स्वीकारोक्ति घिमिरेको छ । यस चरणमा घिमिरे शास्त्रीय र लोकछन्दबाट बढी आकर्षित थिए । यस चरणको यिनै लेखन भित्रबाट काव्यसाधनालाई घिमिरेले निरन्तरता दिएको पाइन्छ । खण्डकाव्यकार घिमिरेको उदयका लागि भूमि, क्षेत्र र व्यक्तित्व निर्माणका लागि यो आभ्यासिक चरण महत्वपूर्ण छ । भाव र शैलीको परिष्कारका लागि साधना गर्ने मौका यही आभ्यासिक चरणले दिएको छ ।

## २. दोस्रो चरण (वि.स.२००४-२०१६)

वि.स.२००४ असार मसान्तताका घिमिरेकी पत्नीको देहान्त भएपछि उनी शोकमा डुब्छन् । उनी पत्नी गौरीकै नामबाट **गौरी** खण्डकाव्यको फुटकर अंश प्रकाशन गर्न थाल्छन् । यही खण्डकाव्यांशको प्रकाशन देखि नै दोस्रो चरणको सुरु हुन थालेको हो । कविको वैयक्तिक जीवनको घटना र त्यसको आघात नै **गौरी** खण्डकाव्यको विषयवस्तु हो । अर्थात कवि घिमिरेकी पत्नी गौरीको मृत्युले कविमा परेको क्षतिको उपज नै **गौरी** काव्य हो । यस समयमा घिमिरेमा वंगाली साहित्यकार रविन्द्रनाथको र नेपाली लोकगीतको प्रभाव पाइन्छ । यसरी हेर्दा

पत्नी विछोड, रविन्द्रनाथ, नेपाली लोकगीत आदिको प्रभावबाट घिमिरेले कविता साधना गरेको पाइन्छ । यस चरणको घिमिरेको पहिलो खण्डकाव्य **पापिनी आमा** (२०१३) जुन **राजेश्वरी** (२०१७) सँगै गाँसिएर आयो । **नयाँ नेपाल** (२०१३) पनि यसै चरणमा आएको खण्डकाव्य हो ।

**गौरी** (२०१५) यस चरणमा देखापरेको घिमिरेको उत्कृष्ट काव्य हो । २०१४ देखि घिमिरेले **कान्तिमति** लेख्न प्रारम्भ गरेपनि त्यो पूरा भएको देखिँदैन । यस चरणमा घिमिरेका काव्यशैलीमा प्राञ्जल संरचनागत मितव्ययीपन र आफ्नै निजी शैली देखापर्छ । काव्यिक सौन्दर्य तर्फ विशेष प्रयोग घिमिरेले यसै चरणदेखि गरे । **गौरी** काव्यमा अन्तर्मुखी प्रवृत्ति छ । सरस भए पनि हृदयस्पर्शी छ । केही स्वच्छन्दतावादीपन भए पनि परिष्कारवादी चेतना पनि पाइन्छ । यही चरणमा घिमिरे खण्डकाव्यकारका रुपमा स्थापित हुन पुग्छन् । करुण रसलाई सर्वोपरी महत्त्व दिने कवि घिमिरेले शोक काव्यमा आफ्नो उपस्थिति बनाउनु ठूलो उपलब्धि हो ।

## ३. तेस्रो चरण (वि.स.२०१७-२०२२)

**राजेश्वरी** को प्रकाशनसँगै घिमिरेको खण्डकाव्य यात्राको तेस्रो चरण प्रारम्भ हुन्छ । यही चरण देखि घिमिरेको प्रौढ खण्डकाव्य लेखन प्रारम्भ हुन्छ । यस चरणदेखि उनले नाट्य लेखनमा पनि हात हालेको पाइन्छ । यस चरणको **राजेश्वरी** घिमिरेको उत्कृष्ट काव्य हो । गौरीसँगको वियोग केही मथ्थर भए पनि केही मर्म भने भित्रै घिमिरेमा दविएको पाइन्छ । नारी मर्मभित्र रही सिङ्गो मानवजीवनलाई यस खण्डकाव्यमा घिमिरेले प्रस्तुत गरेका छन् । मानव जीवनका विविध पक्षको सूक्ष्म ढङ्गले प्रस्तुत गरेको काव्य नै **राजेश्वरी** हो । वैयक्तिक मर्मबाट माथि उठी सामाजिक मर्मको संश्लेषण गर्दै विश्वमानको उद्घाटन **राजेश्वरी** मा गरिएको छ । अन्तर्जगत् र बहिर्जगतको चित्रण गर्नु यस चरणको घिमिरेको

प्रमुख काव्यिक वैशिष्ट्य हो । यस चरणका काव्यमा भाव र शैली पक्षको समन्वयपन आएको देखिन्छ । तत्सम् शब्दको सहज प्रयोग र नेपाली शैलीका प्रयोगका दृष्टिले घिमिरेको यो चरण उत्कृष्ट छ । **राजेश्वरी** खण्डकाव्य हेर्ने हो भने शब्द र अर्थालङ्कारका दृष्टिले महत्वपूर्ण छ । प्रतिकात्मकता हिसाबले पनि उत्कृष्ट छ । परम्परागत संरचनाभन्दा भिन्न भइकन पनि विशिष्ट छ । जीवनमूल्यको सकारात्मक खोजी छ । एउटी विराङ्गनाको चित्रण छ । एउटी विराङ्गनाको भोगेच्छा र जीवनइच्छाका दृष्टिले पनि यो काव्य र यो सिङ्गो चरण महत्त्वपूर्ण छ ।

## ४. चौथो चरण (वि.स.२०२३-२०३७)

वि.स.२०२३ सालमा **'कविता'** पत्रिकामा पहिलो पल्ट प्रकाशित **राष्ट्र-निर्माता** खण्डकाव्यबाटै घिमिरेको खण्डकाव्ययात्राको चौथो चरण सुरु भएको पाइन्छ । राष्ट्रियताका सन्दर्भले यो खण्डकाव्य महत्त्वपूर्ण छ । पृथ्वीनारायण शाहको गुणगानका साथै राष्ट्रिय धरातलीय यथार्थ यस खण्डकाव्य भित्र छ । यस चरणमा घिमिरे केही खण्डकाव्यको साथै महाकाव्य लेखनतिर आकर्षित र गीतिनाटकमा विशेष साधनारत भएको देख्न सकिन्छ । वि.सं. २०२३ मा **भीम मल्ल** नाटक घिमिरेले लेखेको भए पनि उपलब्ध भने हुन सकेको छैन । यसै चरणमा **धर्तीमाता** (२०३०) खण्डकाव्य पनि यिनले रचे । **इन्द्रकुमारी** (२०३०) र **शकुन्तला** (२०३१) लेखे पनि प्रकाशन भने २०३७ तिर भएको पाइन्छ । यस चरणमा घिमिरेले थुप्रै कृतिहरू लेख्न खोजे पनि त्यो सफल हुन सकेन । यिनको काव्य साधना नाटक, गीतिनाटक हुँदै महाकाव्यसम्म फैलिएको पाइन्छ । तर महाकाव्य लेखन भने अपूर्ण नै रह्यो । यिनले यस चरणका खण्डकाव्यमा जीवनजगत्को व्याख्या पूर्वीय दर्शनको आधारबाट गरेका छन् । वैदिक उपनिषद्बाट प्रभावित घिमिरेको छन्द, अलङ्कार, भाषा र लयको प्रयोगमा बढी प्रखर र सूक्तिमय बन्दै गएको चरण हो यो । खण्डकाव्यका दृष्टिले भने **राष्ट्र-निर्माता** महत्त्वपूर्ण छ ।

## ५. पाँचौ चरण (वि.स.२०३८-हालसम्म)

घिमिरेको यो चरण गीति नाटकमा केन्द्रित भएर अघि बढेको देखिन्छ । गीतिनाटक लेखनमा आख्यानको प्रयोग घिमिरेले यस चरणदेखि नै गरे । गीतिनाटकमा काव्यशैलीको प्रयोग छ । **शकुन्तला** (२०३८), **मालतीमङ्गले** (२०३९), **विषकन्या** (२०५०), **अश्वत्थामा** (२०५३), **देउकी** (२०५६) **इन्द्रकुमारी** (गीतिकाव्य र खण्डकाव्य २०५७) जस्ता गीतिनाटकहरू बढी मात्रामा प्रकाशनमा आएको पाइन्छ । उत्कृष्ट खण्डकाव्य यस चरणमा प्रकाशित छैन । यस चरणमा घिमिरेले गीति कवित्त्वबाट बढी प्रभावित भई नाटकीकरणबाट आख्यानलाई प्रस्तुत गरेको पाइन्छ । यस चरणमा उनले सामाजिक, साँस्कृतिक र मानवतावादी पक्षलाई नै आफ्नो काव्यको साधन बनाएको देखिन्छ ।

यसरी माथि चर्चा गरिएका घिमिरेका खण्डकाव्य यात्रालाई हेर्दा घिमिरेमा निम्नलिखित प्रवृत्तिहरू रहेको निष्कर्षका रुपमा देखाउन सकिन्छ :-

– शृङ्गारिक र कारुणिक भावमा नै आफ्ना अभिव्यक्ति प्रस्तुत गर्ने कवि,

– छन्दमा बद्ध भएर सघन भावप्रवाह गर्न सक्ने,

– काव्यगत संरचनाका दृष्टिले सन्तुलित संरचनामा काव्य प्रस्तुत गर्ने कवि,

– शिल्पगत परिष्कार, पद लालित्यमा सचेत र मर्यादित भएर काव्य सिर्जना गर्ने ,

– सांस्कृतिक परिवेश, राष्ट्रिय गौरव बोध, सूक्ष्म जीवनबोध, प्राकृतिक रम्यता भित्र मानवताको गायन गर्ने कवि पौड्याल, देवकोटा र समले बनाएको खण्डकाव्यको धरातलमा उभिन सक्ने कवि,

## ४.५ नेपाली खण्डकाव्यमा घिमिरेको योगदान

वि.स.१९७६ मा जन्मिएका माधव घिमिरे जीवनको ९५ वसन्त पार गरेर पनि साहित्यलेखनमा लागिरहेका छन् । वि.स.१९९२ मा **ज्ञानपुष्प** कविता लेखेर घिमिरे नेपाली साहित्यमा उदाएका छन् । घिमिरेले २००४ साल अघि नै कैयौं नेपाली र हिन्दी भाषामा खण्डकाव्यहरू लेखेका थिए तर उनले ती खण्डकाव्यहरूलाई प्रकाशनमा ल्याएका थिएनन् । उनको खण्डकाव्य लेखन वि.स.२००४ सालमा **गौरी** खण्डकाव्यका फुटकर रचनाहरू प्रकाशन गरेबाट भए पनि समग्रतालाई निल्यादा उनको खण्डकाव्य लेखनको यात्रा १९९२ को कविता यात्रालाई केन्द्रविन्दु मान्नु पर्ने हुन्छ । त्यही बेलादेखि हाल (२०६८) सम्मलाई आधारमान्दा उनको खण्डकाव्ययात्रा पाँच चरणमा विभाजित रहेको छ । यस पाँच चरणमा

उनको **पापिनी आमा, नयाँ नेपाल, गौरी, बोराको पर्दा, राजेश्वरी, राष्ट्र-निर्माता, धर्तीमाता, इन्द्रकुमारी, गौंथली र गजधम्मे** जस्ता नौवटा कृतिहरू प्रकाशनमा आएको देखिन्छ । यी कृतिहरूमा **पापिनी आमा, बोराको परदा, गौंथली** र **गजधम्मे** सामाजिक विषयवस्तुमा आधारित छन् भने **राजेश्वरी**, **राष्ट्र-निर्माता**, **इन्द्रकुमारी** ऐतिहासिक विषयवस्तुमा आधारित छन् । त्यसैगरी शोककाव्य अन्तर्गत **गौरी** खण्डकाव्य पर्दछ भने वैदिक सूक्तकाव्य अन्तर्गत **धरतीमाता** लाई राखिएको छ ।

यिनै प्रकाशित खण्डकाव्यका आधारमा घिमिरेको योगदानलाई चर्चा गर्न सकिन्छ । योगदान भन्ने वितिकै थपदान भन्ने बुझिन्छ । माधव घिमिरेले आधुनिक नेपाली खण्डकाव्यको इतिहासमा सङ्ख्यात्मक र गुणात्मक रुपमा दिएको नेपाली खण्डकाव्यलाई हेरेर उनको योगदानलाई अझ केलाउन सकिन्छ । त्यसैगरी उनीपूर्व उनका समकक्षी र उनी पछिका खण्डकाव्यकारलाई वीचमा राखेर पनि घिमिरेको योगदानलाई प्रष्ट पार्न सकिन्छ । नेपाली खण्डकाव्यको इतिहास हेर्दा घिमिरे आधुनिक नेपाली खण्डकाव्यको दोस्रो धारा स्वच्छन्दतावादी धारामा उदाएका हुन् । यस धाराका सूत्रपातकर्ता लक्ष्मीप्रसाद देवकोटा हुन् । **ऋतुविचार** खण्डकाव्यद्वारा परिष्कारवादी धारा हुँदै आधुनिक नेपाली खण्डकाव्यको सूत्रपात भयो । घिमिरेले लगभग नौवटा जति खण्डकाव्य प्रकाशन गर्नु आफैमा ठूलो कुरा हो । खण्डकाव्य लेखन आफैँमा ठूलो कुरा भएकाले यी नौ वटा खण्डकाव्यले नेपाली खण्डकाव्यको भण्डार भर्ने कार्य गर्नु ठूलो कुरा हो । सङ्ख्यात्मक रुपमा देवकोटाका डेढ दर्जन र पौड्यालको नौ वटा खण्डकाव्य पछि घिमिरे नै देखा पर्छन् । सङ्ख्यात्मकताका दृष्टिले यो नेपाली साहित्यका निम्ति ठूलो कुरा हो । घिमिरेभन्दा अघि देखा परेका पौड्याल र देवकोटा पछि नेपाली खण्डकाव्यमा यिनै देखा पर्दछन् । त्यसैगरी समकक्षी एवं खण्डकाव्यकारहरूमा घिमिरे सिद्धिचरण श्रेष्ठ,केदारमान व्यथित भन्दा अघि छन् । श्रेष्ठका सात र व्यथितका दुईवटा खण्डकाव्य छन् । यी खण्डकाव्यकार भन्दा घिमिरे सङ्ख्यात्मक रुपमा अघि नै छन् । घिमिरे पछि नेपाली खण्डकाव्य परम्परामा मोदनाथ प्रश्रित, जगदीश शमशेर राणा, मोहन कोइराला भन्दा धेरै माथि छन् ।

विषयवस्तुका हिसाबले घिमिरेले आफ्नो खण्डकाव्यको विषयवस्तु ऐतिहासिक र सामाजिकलाई बढी लिएका छन् र विषयवस्तुको स्रोत प्रसिद्ध, उत्पाद्य र मिश्रित तीन किसिमको प्रयोग छ । यो प्रयोग देवकोटा पछि घिमिरेले नै गरेका छन् । शास्त्रीय छन्द एवम् उपमाको कुशल प्रयोग गर्ने लेखनाथको काव्यलेखनबाट प्रभावित घिमिरे पौड्यालको परिस्कारवादी प्रवृत्तिबाट प्रभावित भए तर क्लिष्ट एवम्

तत्सम शब्द र र संस्कृत छन्दको कठोर नियममा बाँधिएनन् । त्यसैगरी देवकोटाको स्वच्छन्दतावादी प्रवृतिबाट पनि प्रभावित भएकाले उनी देवकोटाभ्कै भावको वेगलाई खण्डकाव्यमा पोख्ने खण्डकाव्यकार पनि होइनन् । पौड्याल र देवकोटाको मध्यममार्गी भएर देखा परेका घिमिरे स्वच्छन्दतावादी भावमा परिस्कारको प्रयोग

गर्छन् जसले गर्दा त्यो भावमा बग्न पाठकलाई मद्दत पुग्छ । अर्थात विचारका ज्वारभाटाले पाठकलाई निस्सासिने पार्ने स्वभाव नभएकाले मनका भावलाई परिमार्जन गर्दै खण्डकाव्य लेख्ने सचेतता यिनले अपनाएको देखिन्छ । परिस्कारवादी र स्वच्छन्दतावादको मध्यमवर्गी भएर देखा पर्ने खण्डकाव्यकार नेपाली साहित्यमा माधव घिमिरे वाहेक कोही पनि देखा पर्दैनन् ।

माधव घिमिरे खण्डकाव्यमा आख्यान, चरित्राङ्कन परिवेश र कवित्वका दृष्टिले पौड्याल भन्दा अघि छन् । घिमिरेको सबैभन्दा उच्चकोटिको खण्डकाव्य **राजेश्वरी** हो । **राजेश्वरी** खण्डकाव्य बाहेक अन्य खण्डकाव्यले देवकोटाको खण्डकाव्यलाई पछि पार्न नसके पनि उनी देवकोटाको पछि देखा पर्ने उल्लेख्य स्वच्छन्दतावादी खण्डकाव्यकार हुन् । सिद्धिचरण श्रेष्ठले लगभग सातवटा खण्डकाव्य लेखे पनि कवित्व शक्तिका कारण **उर्वशी** बाहेक अरु खण्डकाव्य अघि आउन सकेका छैनन् । मानसिक अन्तर्द्धन्द्धको खापखाप **उर्वशी** मा छ । यस्तो मनोद्वन्द्व घिमिरेको **पापिनी आमा** खण्डकाव्यमा पाइन्छ । माघव घिमिरे रसभाव सिद्ध गर्ने एक उल्लेख कवि भएकाले यस्तो रस भाव सिद्ध गर्ने खण्डकाव्यकार नेपाली साहित्यमा पाइन मुस्किल छ । अन्य खण्डकाव्यकारका तुलनामा पनि घिमिरे ज्यादै अघि छन् । भीमनिधि तिवारीको **यशस्वी शव** खण्डकाव्य हेर्दा राजा त्रिभुवनको मृत्युलाई विषय वनाएर त्रिभुवनको दाहसंस्कार गरिएसम्मको सामान्य अवतरणिकाभन्दा माथि उठ्न सकेको छैन (पोखरेल,२०५८:१३६) । यसर्थ पनि घिमिरे तिवारी भन्दा अघि नै देखा पर्छन् । अगम सिंह गिरीको **युद्ध र योद्धा** सफल काव्य भएपनि कवित्व र रसभावका दृष्टिले घिमिरेका अघि फिक्का छन् । प्रयोगवादी कविताका सूत्रपात कर्ता मोहन कोइरालाका लामा कविताहरू रसभावार्द्ताको उल्टो शृङ्खलाहीन विकर्ण, बौद्धिक चिन्तन, व्यर्थता, निरर्थकता र विसङ्गति, भाषा शैलीमा अभिव्यञ्जना दिने खालका छन् (पोखरेल,२०५८:१३८) । मोहन कोइरालाका लामा कविताहरूमा **सूर्यदान ,लेक, पलङ नं.२१** मा क्षीण कथातन्तु र एकै विषयमा केन्द्रित भएर आफ्ना भावानुभूति,कल्पना र चिन्तनहरू पोखिएका तर आख्यान योजना र पात्रमयी सङ्ग्रहथिति हेर्दा घिमिरेसँगै कुद्न खोजेको देखिन्छ । कोइरालाको खण्डकाव्य विधान अव्यवस्थामूलक

संरचनाहीन वा छरपस्ट असङ्गत प्रणालीमा आधारित छ । कोइरालाका  खण्डकाव्यका पात्रहरू सृष्टिको महाश्रृङ्खलामा अनुस्थूल भइरहन बाध्य भएको विशुद्ध मानवचेतना हो (पोखरेल :ऐजन) । मोहन कोइरालाका लामा कवितालाई

खण्डकाव्य भन्न हिच्किचाउने कारण र क्लिष्टताका कारण घिमिरे ज्यादै अघि छन् ।

माधव घिमिरेले मूलत स्वरुप लक्षण वा सैद्धान्तिक मर्यादा कायम राखेर खण्डकाव्य लेखे । विधागत सचेतता अपनाएर यिनले खण्डकाव्य लेखे जुन उल्लेख्य प्राप्ति हो । **पापिनी आमा, नयाँ नेपाल, गौरी, राजेश्वरी** र **राष्ट्र निर्माता** यसका सफल उदाहरण छन् । गुणात्मकता दृष्टिले यिनका खण्डकाव्यलाई उच्च,मध्यम र निम्नमध्यम गरी तीन भागमा बाडेर हेर्नु उपयुक्त हुन्छ । यिनको **गौरी** र **राजेश्वरी** उच्चस्तरको खण्डकाव्य हो । पत्नी वियोगका कारण मानसिक पीडामा रहेका घिमिरेले प्रयोग गरेका पंक्तिहरूले जो कोही पाठकको मनलाई चसक्क छुन्छ । त्यसैगरी भर्खर वैंशालु उमेरमा पुगेकी इतिहासप्रसिद्ध व्यक्ति **राजेश्वरी** लाई चित्तामा जलाउन अनेक षड्यन्त्र गर्ने अमानवीय व्यवहार र हृदयविदारक चित्रण गरिएका कारण **राजेश्वरी** उच्च कोटिको खण्डकाव्य हो । त्यसपछि **राष्ट्रनिर्माता, इन्द्रकुमारी, नयाँ नेपाल** खण्डकाव्यलाई मध्यम खालका खण्डकाव्य भनिन्छ । यी खण्डकाव्यहरूमा जीव आख्यानका साथसाथै विधातत्त्वका आधारमा त्यति परिपाक स्थिति देखा नपरेकाले मध्यम स्तरको खण्डकाव्य भन्दा राम्रो हुन्छ । यी बाहेक अन्य चार खण्डकाव्यहरू **पापिनी आमा, धर्तिमाता, गौँथली र गजधम्मे, बोराको पर्दा** निम्न मध्यम स्तरको खण्डकाव्य हो । यिनले विधागत संरचना, खण्डकाव्य लेखनमा त्यति सचेतता अपनाएको देखिँदैन ।

सङ्ख्यात्मक र गुणात्मकताका दृष्टिले माधव घिमिरेले जेजति खण्डकाव्यहरू रचेर नेपाली साहित्यको भण्डारन गरे , ती रचनाहरू नेपाली साहित्यका मणितुल्य छन् । पछिल्ला दिनमा घिमिरेपछि परिस्कारवादी र स्वच्छन्दतावादी प्रवृतिको मध्यममार्गीमा खण्डकाव्य रच्ने खण्डकाव्यकार जन्मनै मुस्किल  देखिन्छ । संस्कृतको शास्त्रीय छन्दलाई नेपाली छन्द बनाउने कोशिस घिमिरेका खण्डकाव्यबाट भएको छ जुन उल्लेख्य योगदान हो । रस प्रयोगका दृष्टिले यिनी अग्रणी छन् भने छन्द प्रयोजन दृष्टिले पौड्याल र देवकोटा परि देखा पर्दछन् । माधव घिमिरेद्धारा नेपाली साहित्यले जेजति खण्डकाव्य पाएको छ त्यो आफैमा ठूलो कुरा हो । हालसम्म पनि घिमिरे नेपाली साहित्यमा लगनशील छन् । उनीबाट आगामी दिनमा अझ धेरै कृति पाउने आशा गरिन्छ ।

## ४.६. निष्कर्ष

यस परिच्छेदको मुख्य शिर्षक माधव घिमिरेको खण्डकाव्य यात्रा र योगदा रहेको छ । यस परिच्छेदमा  माधव घिमिरेको परिचय अन्तर्गत जन्म र जन्मस्थान, पारिवारिक पृष्टभुमी शिक्षा, वंशवृक्ष, सम्मान र पुरस्कार, व्यक्तित्वकको चार्चा  गरिएको छ । साथै यस परिच्छेदमा माधव घिमिरेको खण्डकाव्य यात्रा अन्तर्गत पहिलो चरण, दोस्रो चरण, तेस्रो चरण, चौथो चरण र पाँचौ चरणको व्याख्या गरिएको छ । त्यसैगरि नेपाली खण्डकाव्यमा घिमिरेले पुरयाएका योगदानको चर्चा गरी निष्कर्षका साथ यस परिच्छेदलाई टुङ्गयाइएको छ ।

# परिच्छेद- पाँच

## 'राष्ट्र-निर्माता' खण्डकाव्यको अध्ययन र विश्लेषण

## ५.१ 'राष्ट्र-निर्माता' खण्डकाव्यको परिचय

**राष्ट्र-निर्माता** खण्डकाव्यका लेखक माधव घिमिरे हुन् । आधुनिक नेपाली खण्डकाव्यको विकास प्रक्रियाको क्रममा स्वच्छन्दतावादी युगमा वि.स.२०२३ सालमा **राष्ट्र-निर्माता** खण्डकाव्यको उदय भएको हो । वि.स.१९९२ सालमा देवकोटाको 'मुनामदन' खण्डकाव्यले आधुनिक नेपाली खण्डकाव्यको श्रीगणेश गर्ने काम मात्र गरेन यसले त पाश्चात्य जगतमा मौलाउँदै गएको रोमान्टिसिज्मलाई नेपाली काव्यमा पदार्पण गर्ने काम पनि गऱ्यो । नेपाली खण्डकाव्यको इतिहासमा देवकोटाको **मुनामदन** स्वच्छन्दतावादी खण्डकाव्य भएर देखा पऱ्यो । देवकोटाको यसै स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसाथ गरी अघि बढ्ने खण्डकाव्यकारहरूमा सिद्धिचरण श्रेष्ठ, भवदेव पन्त, केदारमान व्यथितको उदय सँगसँगै खण्डकाव्यकार माधव घिमिरेको पनि उदय हुन्छ ।

वि.स.२००४ साल आषाढ मसान्तमा माधव घिमिरेकी पत्नीको मृत्युपछि घिमिरेले **गौरी** खण्डकाव्यका केही अंशहरू प्रकाशित गरेर खण्डकाव्य प्रकाशन गर्न थाले पनि वि.स.२०१३ सालमा प्रकाशित **पापिनी आमा** खण्डकाव्यद्वारा मात्र खण्डकाव्यकार घिमिरेको औपचारिक खण्डकाव्ययात्रा प्रारम्भ हुन्छ । वि.सं.१९९२ मा **ज्ञानपुष्प** कविता लेखेर नेपाली साहित्यमा भित्रिएका घिमिरेको खण्डकाव्य यात्रा १९९२ लाई नै आधार मानेर अघि बढ्दा जम्माजम्मी हालसम्म ७८ वर्षे अवधि देखिन्छ । यस खण्डकाव्यको लेखन अवधिलाई पाँच चरणमा विभाजन गर्दा खण्डकाव्यको चौथो चरणमा उनको **राष्ट्र-निर्माता** खण्डकाव्य देखा पर्दछ । **राष्ट्र-निर्माता** अघि उनका **पापिनी आमा, नयाँ नेपाल, गौरी** र **राजेश्वरी** जस्ता चारवटा खण्डकाव्यहरू देखा परेका छन् ।

ऐतिहासिक विषयवस्तुमा आधारित प्रस्तुत खण्डकाव्य माधव घिमिरेको उत्कृष्ट खण्डकाव्य हो । उनीद्वारा वि.सं.२०२३ सालमा संरचित र २०२३ सालमै रोयल नेपाल एकेडेमीद्वारा 'कविता' ( वर्ष२,अङ्क४) पत्रिकाको प्रकाशित **राष्ट्र-निर्माता** खण्डकाव्यको पुस्तकाकारका रुपमा पहिलो प्रकाशन

२०३० सालमा भएको हो (न्यौपाने २०३०,२७) । यस खण्डकाव्यमा विशाल नेपालको एकीकरण सम्बन्धी सन्दर्भ प्रस्तुत भएको छ र यहाँ टुक्रा- टुक्रामा विभक्त हिमवत्खण्ड नेपालको एकीकरणमा जुटेका राष्ट्र-निर्माता पृथ्वीनारायण शाहको सुनौलो स्वप्ना पाइन्छ (भट्टराई,२०३४:७२) । प्रस्तुत खण्डकाव्यमा जम्मा पाँच सर्ग र १२८ श्लोकहरू छन् । श्री ५ पृथ्वीनारायण शाहका उदात्त, पारदर्शी र महान् विचारहरूप्रति असहमति जनाउने उनकै भाइ दलमर्दन शाहका क्षुद्र,अपारदर्शी र क्षणिक भोगवादी विचारहरूको अन्तर्द्वन्द्व स्वरुप प्रस्तुत काव्यको संरचना तयार भएको छ (निरौला,२०६६:१७३) । इतिहासका पृथ्वीनारायण शाहलाई हुबहु नउतारिएको यस काव्यमा खण्डकाव्यकारले आफ्ना मनका पृथ्वीनारायण शाहलाई उतारेका छन् (पौडेल,२०६८:९३) । शास्त्रीय छन्दको उपेन्द्रबज्रा र इन्द्रबज्रा छन्दबाट बनेको उपजाति छन्दको प्रयोग यस काव्यमा छ । वि.स.२०१९ सालमा भारतीय दुतावासमा भएको एउटा कार्यक्रममा राजा महेन्द्रले टङ्कप्रसाद आचार्यको नेतृत्वमा बन्ने नयाँ मन्त्री मण्डलमा राई, लिम्बू र गुरुङ्ग जातको प्रतिनिधित्व हुनुपर्ने कुराबाट कविमा जातीय आधारमा अब नेपाल खण्डित हुन्छ भन्ने लाग्यो र कविले नेपालको अखण्डताको पक्षमा लडेका ऐतिहासिक पात्र र सन्दर्भलाई लिएर यस काव्यको रचना गरे (पौडेलःऐजन) । वि.स.१८२५ तिर पृथ्वीनारायण शाह र उनका भाइ दलमर्दन शाहबीच राज्यविवादको

समयाबधिलाई परिवेश बनाएको यस खण्डकाव्यमा इतिहासप्रसिद्ध विषयवस्तुको प्रयोग छ ।

## ५.२ 'राष्ट्र-निर्माता' खण्डकाव्य रचनाको प्रेरणा र प्रभाव

नेपाली साहित्यका विशिष्ट प्रतिभा माधव घिमिरेले विभिन्न प्रकारले रहस्यमय र आश्चर्य लाग्दो ढङ्गबाट साहित्यिक प्रेरणा र प्रभाव प्राप्त गरेका देखिन्छन् । उनी नेपालको पहाडी प्राकृतिक सम्पदा सम्पन्न गाउँ घरमा जन्मिएर त्यही सेरोफेरोमा लगभग बाह्र वर्षसम्मको बाल्यकाल बिताउने साहित्यकार हुन् । नेपाली लोकगीतका सुमधुर भाकाले गुञ्जायमान हुने पहाडी परिवेश, निश्छल र मर्मश्पर्शी वातावरण एवम् बाक्लो जङ्गलको अनौठो दृश्य नै बालक घिमिरेका लागि साहित्यिक प्रेरणाको एउटा प्रमुख पक्ष मानिन्छ । "मनचुलीको काखमा रहेको पुस्तुन गाउँ, निगालोको छायाँ, छहराको गर्जन तथा मर्स्याङ्दीको अविरल गाउँसँगै लेकबेसी गर्दै खाईखेली हुर्केका माधव घिमिरेका हृदयमा प्राकृतिक सुन्दरताको अमिट छाप पर्नु स्वभाविक छ (नेपाल,२०६१:२) । विशाल हिमशृङ्खलाहरूका बीचमा लमजुङ हिमालले झलक्क आफ्नो मुहार दक्षिणतर्फ फर्काएर मुसुक्क मुस्काएको देख्ता कुन

सौन्दर्यप्रेमीको मन मनमुग्ध हुँदैन र ? त्यसैले उनको पनि मन मुग्ध भएको देखिन्छ । त्यसैगरी अध्ययनको क्रमसँगसगै उनले तीर्थराज पाण्डेको **उपदेश मञ्जरी**, भानुभक्तको **रामायण**, प्रेमप्रसाद भट्टराईको **विरक्त पुष्पाञ्जली**, चक्रपाणीको **संक्षिप्त रामायण**, लेखनाथको **वसन्तकोकिल** आदि काव्यकृतिहरूको अध्ययन एवम् अनुशीलनबाट साहित्यिक प्रेरणा प्राप्त गरेको बुझिन्छ । संस्कृत साहित्यका कविकुलगुरु कालिदास उनका लागि विशेष आदर्श मानिन्छन् । साहित्यिक रचनाकै क्रममा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटा र बङ्गाली ख्यातिप्राप्त साहित्यकार रवीन्द्रनाथ टैगोरबाट पनि साहित्यिक प्रेरणा र प्रभाव बटुल्दै जान्छन् । यसका अतिरिक्त उनी आफू भारतका तत्कालिन राष्ट्रपति डा.राधाकृष्णन, चीनका तत्कालीन संसद उपाध्यक्ष (भ्रमणका क्रममा), श्री ५ महेन्द्र (उपकुलपति हुँदा बैठकका क्रममा) र श्री ५ विरेन्द्रबाट समेत प्रभावित भएको र उहाँहरूबाट अनेक प्रकारको प्रेरणा तथा प्रभाव ग्रहण गरेको बताउँछन् (निरौला,२०६६:१२) । वि.स.२००४ सालको असार महिनामा आफ्नी पत्नी प्रियतमा गौरीको स्वर्गारोहणका कारण कवि घिमिरे अत्यन्त मर्माहत शोकाकुल वा भावविह्वल

हुन्छन् । त्यही शोक सन्तप्त अवस्थामा कविद्वारा **गौरी** शोककाव्य लेख्ने प्रेरणा जागृत भएको देखिन्छ । उनले कविताको शैली, लेखनको अभ्यास, कल्पनाको प्रयोग,सौन्दर्य चेतनाको प्रयोग,सरलता तथा मार्मिकता क्रमश: कालिदास, लेखनाथ, देवकोटा, रवीन्द्रनाथ टैगोर एवम् लोकसाहित्यबाट ग्रहण गरेका हुन् ।

प्रस्तुत खण्डकाव्य **'राष्ट्र-निर्माता'** एक ऐतिहासिक खण्डकाव्य हो । यस काव्यको प्रेरणा स्रोतका रुपमा कविले वि.स.२०१९ सालमा इण्डियन एम.वी.सी.मा आयोजित भोज कार्यक्रममा राजा महेन्द्रले उठाएको मन्त्री परिषद्मा जातीय सहभागिता सम्बन्धि अवधारणालाई लिएका छन् । त्यस कार्यक्रममा राजा महेन्द्रले टङ्कप्रसाद आचार्यको नेतृत्वमा बन्ने नयाँ मन्त्री मण्डलमा राई, लिम्बु र गुरुङ्ग आदि विभिन्न जातहरूको समावेश र प्रतिनिधित्व हुनुपर्ने कुरा गरे । यसबाट कविमनमा गहिरो प्रभाव पर्‍यो । अब नेपाल जातीय आधारमा खण्डित हुन्छ भन्ने लाग्यो र नेपालको अखण्डताका पक्षमा लडेका ऐतिहासिक पात्र र सन्दर्भलाई लिएर यस काव्यको रचना गर्ने प्रेरणा मिलेको देखिन्छ ।

## ५.३ 'राष्ट्र-निर्माता' खण्डकाव्यको विश्लेषण

## ५.३.१ बाह्य संरचनाका आधारमा 'राष्ट्र-निर्माता' खण्डकाव्य

प्रस्तुत राष्ट्र-निर्माता खण्डकाव्यको बाहिरी संरचना हेर्दा लघु आकारको रहेको छ । बाहिरी गाता रहेको यस कृतिमा **'धरती माता'** खण्डकाव्य पनि समावेश गरिएको छ । वाहिरी आवरणमा नीलो गाता खण्डकाव्यको शीर्षक र त्यसका लेखकको नाम छ । त्यसपछिको पृष्ठमा पुनः शीर्षक रचनाकारको नाम छ । त्यसपछिको देब्रे पृष्ठमा प्रकाशन एवम् संस्करण मिति राखिएको छ । त्यसपछिको पृष्ठमा पुनः खण्डकाव्यको शीर्षक र रचनाकाल २०२३ साल भनी राखिएको छ । त्यसपछिको पृष्ठमा लेखकद्वारा कृतिको सामान्य भूमिका पाँच पङ्क्तिमा उल्लेख गरिएको छ । जम्मा ९५ पृष्ठमा संरचित यस खण्डकाव्यमा पृष्ठ तीन देखि ३३ पृष्ठसम्म **'राष्ट्र-निर्माता'** खण्डकाव्य लेखिएको छ । त्यसपछि ३५ र ८६ पृष्ठमा **'धरती माता'** खण्डकाव्य समावेश गरिएको छ । त्यसपछि ८८ देखि ९५ पृष्ठसम्म **'पृथ्वीसूक्त'** भनी चर्चा गरिएको छ । यसरी यस खण्डकाव्यमा अन्य खण्डकाव्यहरु समावेश भए पनि यस शोध प्रबन्धको मूल उद्देश्य

**'राष्ट्र-निर्माता'** केन्द्रित रहेको छ । लघु आकारको यस कृतिमा सामान्य कागजको प्रयोग छ । टङ्कनको रुपमा धागोको प्रयोग नभई स्टिज पिनको प्रयोग गरिएको छ । प्रथम सर्ग पाँच देखि १० पृष्ठ सम्म संरचित छ भने द्वितीय सर्ग ११ देखि १५ सम्म संरचित छ । त्यसैगरी तृतीय सर्ग १६ देखि २१ सम्म छ भने चतुर्थ सर्ग २२ देखि २६ पृष्ठसम्म संरचित हुनुका साथै पञ्चम सर्ग २७ देखि ३३ सम्म संरचित भएको छ ।

## ५.३.२.आन्तरिक संरचना/विधातत्त्वका आधारमा 'राष्ट्र-निर्माता' खण्डकाव्य

विधातत्त्व भन्ने वित्तिकै हरेक साहित्यिक विधा निर्माण गर्नका निम्ति चाहिने उपकरण भन्ने बुझिन्छ । यस्ता उपकरण बिना कुनै पनि साहित्यिक कृतिको निर्माण सम्भव नै छैन । साहित्यका प्रमुख चार विधा काव्य, आख्यान, निबन्ध र नाटक हुन् । यी चार विधाका तत्त्वहरू आ-आफ्नै किसिमका छन् । काव्य विधाको एउटा वर्ग पर्ने खण्डकाव्य कविताको मध्यम रुप हो । कविता विधाको तत्त्वसँगै सम्बन्ध राख्ने खण्डकाव्यका केही तत्वहरू कवितासँग मिले पनि खण्डकाव्य साहित्यको एउटा स्वतन्त्र विधा भएकाले यसका आ-आफ्नै तत्त्वहरू रहेका छन् । यसै शोधपत्रको दोस्रो परिच्छेदमा उल्लेख भए अनुसार खण्डकाव्य तत्त्वहरू शीर्षक, आख्यान, पात्र, परिवेश, रस वा भाव, केन्द्रीय कथ्य, लय, कथन

पद्धति, विम्बप्रतीक विधान, भाषाशैली र सर्गबद्धता गरी एघारवटा देखा पर्दछन् । यिनै तत्त्वको सेरोफेरोमा **'राष्ट्र-निर्माता'** खण्डकाव्यको अध्ययन तल गरिएको छ ।

## ५.३.२.१. शीर्षक

शीर्षक भन्नाले कृतिको शिरानमा लेखिने पद, पदावली हो । यस्ता शीर्षकले सिङ्गो कृतिलाई बोकेका हुन्छन् । खण्डकाव्यको शीर्षक पात्रविशेषका नाम, विषयवस्तु वा भाव र पात्रका नाम र विषयवस्तुको मिश्रण र तिनैलाई मिलाएर राखिन्छ (अवस्थी,२०६४:४८) । प्रस्तुत खण्डकाव्यको शीर्षक **राष्ट्र-निर्माता** रहेको छ । प्रस्तुत पदावलीमा प्रयुक्त 'राष्ट्र र निर्माता' शब्दमा राष्ट्र भन्नाले एउटा मूलुक वा देश भन्ने बुझिन्छ र निर्माता भन्नाले निर्माण

गर्ने बुझिन्छ । यसरी सग्लो रुपमा हेर्दा राष्ट्रको निर्माण गर्ने व्यक्तित्व नै 'राष्ट्र-निर्माता' हो । यहाँ शीर्षकले 'राष्ट्र-निर्माता' भन्नाले सिङ्गो नेपालको चाहना बोकी नेपाल एकीकरण अभियानमा लागेका व्यक्ति पृथ्वीनारायण शाहलाई जनाएको छ । तसर्थ शीर्षक ऊनै पृथ्वीनारायण शाहको चरित्रमा आधारित भएकाले प्रस्तुत खण्डकाव्यको शीर्षक प्रतीकात्मक रुपमा पात्रविशेषका नामबाट राखिएको छ । छोटो शीर्षक भएकाले प्रस्तुत शीर्षकले पाठकमा कौतूहलता जगाएको छ । इतिहास प्रसिद्ध व्यक्ति पृथ्वीनारायण शाह कस्ता व्यक्ति थिए र उनले कस्तो अदम्य साहसले आधुनिक नेपालको निर्माण गरे भन्ने कुरालाई बोकेकोले शीर्षक चयनका दृष्टिले खण्डकाव्य उत्कृष्ट देखिन्छ ।

## ५.३.२.२ आख्यान

प्रस्तुत खण्डकाव्यमा झिनो आख्यानको प्रयोग गरिएको छ । कथा र उपन्यासमा आख्यान अनिवार्य भए पनि खण्डकाव्यका निम्ति आख्यान सूक्ष्म र स्थूल रुपमा आएको हुन्छ । यस खण्डकाव्यमा प्रयोग भएको कथावस्तुको विषयवस्तुको स्रोत ऐतिहासिक हो । खण्डकाव्यमा आख्यानको चाप बढी हुनुहुँदैन । यो खण्डकाव्य कथावस्तुका दृष्टिले त्यति सम्पन्न छैन । यस काव्यमा प्रस्तुत भएको कथावस्तु मञ्चमा खुलेर नआई पर्दापछाडि झल्याकझुलुक मात्र देखिन्छ (पोखरेल,२०५६:८३)। वि.स.१८२५ तिरको प्रसङ्गलाई यस काव्यले आफ्नो विषयवस्तु बनाएको छ ।पृथ्वीनारायण शाहले सानो गोरखा राज्यलाई बढाएर ठूलो राज्य बनाएपछि आफ्ना भाइ दलमर्दन शाहलाई विशाल हिमालको

महिमा सुनाउँछन् । पृथ्वीनारायण शाहले आफू पनि विशाल बनेको र यस्तै विजय सङ्घर्षमा लागि रहने इच्छा भाइलाई प्रकट गर्छन् तर भाइ यस कुरामा मञ्जुर हुँदैनन् । युद्ध गर्दा गर्दा थाकिसकेको र विशालतामा नै आकर्षण हुनुपर्छ भन्ने छैन किनभने सानातिना भेक पनि उत्तिकै आकर्षण हुन्छन् भने निष्कर्ष दलमर्दन शाहले दाजुलाई भन्छन् । त्यसैगरी विजय प्राप्त गरेका स्थानहरू ठूलो बनाउँदा समाल्न गाह्रो पर्ने भएकाले दाजुलाई युद्ध छाडी भएका भूभागमा सुरक्षित भएर बस्न दलमर्दन शाह आह्वान गर्दछन् । किन्तु विशाल नेपालको तस्वीर अङ्कीत गरेका राष्ट्र-निर्माता पृथ्वीनारायण शाह त्यो कुरा मान्न कदापी तयार हुदैनन् र नयाँ नेपाल र विशाल नेपाल युगको आकाङ्क्षा हो भन्छन् ।

उनी ऋग्वैदिक, पौराणिक तथा ऐतिहासिक कालदेखिको विभूति र महिमाले सम्पन्न भएको नेपालको महत्व प्रस्तुत गर्दै त्यसको विराट् सौन्दर्यद्वारा आफूमा पनि विराट् विशालताका झुल्का भरिँदै गएकाले अविश्रान्त अघि बढेर जाने दृढ इच्छा प्रकट गर्छन् । तर यो कुरा भाइ दलमर्दन शाहलाई मन पर्दैन र भोगवादी चिन्तनबाट ग्रस्त हुँदै अंशियार भाइका नाताले जितिसकेका भू-भागबाट आफ्नो अंश छुट्याएर दिनुपर्छ भन्छन् र आफू गोरखालाई छुट्टै राज्यका रुपमा भोग गर्न चाहने भाव व्यक्त गर्दछन् । तर यस कुरालाई पृथ्वीनारायण शाह स्वीकृति दिँदैनन् । व्यक्तिगत स्वार्थमा अडिएको वर्तमान सुख भोगलाई जति राम्रो भनिए पनि अखण्ड राष्ट्रनिर्माणमा पाइने आदर्शता, महानता र दूरदर्शिताजस्ता कुराहरू पाउन नसकिने कुरा पृथ्वीनारायण शाह बताउँछन् (निरौला,२०६६:१७४) । राज्य सिकारीले मृग मारेर सबैलाई बराबर सिकार बाँडेझैँ अखण्ड राष्ट्रलाई खण्ड-खण्ड राष्ट्रमा बिलो जस्तै वस्तुका रुपमा विभाजन गर्न नहुने कुरालाई पृथ्वीनारायण शाह यसरी बताउँछन् :-

खेलेर ऐह्रा मृग एक मारी
बाँडी कलेजो जति छन् शिकारी
बिलो लिए झैँ शरमा उनेर
यो राज्य बाँड्ने चिज हैन हेर (घिमिरे,२०४९:२७)

पृथ्वीनारायण शाह भाइ दलमर्दन शाहको राज्य बाँडेर भाग लगाउने विचारलाई पूर्ण अस्वीकार गर्दै भन्छन् :-

पारिन्छ सत्ता जब खण्ड-खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड
थुतिन्छ पत्ता जब खात खात

सिद्धिन्छ शोभा अनि फूलबाट (घिमिरे,२०४९:२९)

पृथ्वीनारायण शाह आफ्ना भाइको खण्डित ध्येयको पूर्ण खण्डन गरी राष्ट्र एउटा 'अखण्डनीय तत्त्व'हो भन्दै पारस्परिक एकतामा आबद्ध स्वतन्त्र राष्ट्रको सुनौला भविष्यमाथि विशेष जोड हाल्छन् ( रिसाल,२०५८:२३५) । राष्ट्र टुक्राएर राज्यको नामेट हुने कुरा व्यक्त गर्दै उनी राष्ट्रको विखण्डनका पक्षमा छैनन् जसरी सूर्यले हिमाल चुम्छ ठीक त्यसैगरी सिङ्गो रुपमा राष्ट्रको

उपभोग सबैले गर्नुपर्छ भन्दै काव्यको समाप्ति हुन्छ । ऐतिहासिक प्रसङ्ग रहेको प्रस्तुत काव्यमा झिनो कथानक छ । आदि, मध्य र अन्त्यको संरचना त्यति परिपुष्ट छैन । काव्यको आदि भाग वा वीच भाग पहिलो सर्गको पहिलो पंक्ति नै देखिन्छ । त्यसैगरी कथानकको विकास तेस्रो सर्गको बीसौं र  तेइसौं पंक्तिमा भएको छ । जस्तै :

बढ्ने सधैँ जीवनको कहानी
महानदी बन्दछ मूलपानी (३:२०)

.......................................

सुर्यास्त कैल्यै नहुने हिमाद्रि

मैलाई खोज्ने युगको म यात्री
अहो अविश्रान्त बढेर जाऊँ
कहाँ किनारा यसको म पाऊँ (घिमिरे,२०४९:२०)

वीज र विकासको परिणति पाँचौ सर्गमा देखिन्छ ।जस्तै :

विच्छिन्न विच्छिन्न हुने प्रवृत्ति
सहन्न भाई ! म त एक रत्ति
विशाल नेपाल म रच्छु रच्छु
कहाँ छ मृत्युञ्जयलाई मृत्यु (घिमिरे,२०४९:२९)

यस काव्यमा प्रयुक्त ऐतिहासिक कथानकले नेपाल -निर्माणको महान गाथा वा नेपाल राष्ट्र जन्मिन लाग्दाको महाकथा चलमलाउन खोज्छ र यही चलमल प्रभाव नै यस काव्यको आख्यान हो ।

**५.३.२.३ पात्र**

खण्डकाव्यमा प्रयोग गरिएको आख्यानलाई गतिशील तुल्याउने चीज नै पात्र हो । खण्डकाव्यमा पात्रहरू मानवीय र मानवेत्तर गरी दुई प्रकारका हुन्छन् । यस खण्डकाव्यमा
पात्रहरू पृथ्वीनारायण शाह र दलमर्दन शाह गरी दुई पात्रहरू देखा परेका छन् ।

## ५.३.२.३.१ पृथ्वीनारायण शाहको चरित्र

यस काव्यमा पृथ्वीनारायण शाहको चरित्र वा व्यक्तित्व उदात्त प्रकृतिको छ, उनी धीरोदात्त नायकका रुपमा चित्रित छन् :

प्रस्तुत काव्यले पृथ्वीनारायण शाहलाई विशाल नेपालका स्वप्नद्रष्टा,दूरदर्शी व्यक्तित्व, अखण्ड नेपालका स्वप्नद्रष्टा,महापुरुष र त्यसका भोक्ता कुशल राजनीतिज्ञको रुपमा प्रस्तुत गरेको छ ।....पृथ्वीनारायण शाहलाई विशाल अखण्ड नेपालका युगवोधक स्वप्न द्रष्टाको रुपमा चिन्न सकिन्छ । महान् उत्साह र महोद्देश्य नभैकन यस्ता जीवनको वरण नै हुन सक्तैन । ...... उनको धीरोदात्त प्रकृतिअनुरुपको महान् उद्देश्य उनका हृदयमा विराजमान थियो , दरवारिया सुखमा लटपटिनु उनको लागि हेय वस्तु हो ।

वस्तुतः **राष्ट्र-निर्माता** काव्यमा पृथ्वीनारायण शाहको व्यक्तित्व प्रभावशाली रहेको छ, उनको चरित्रलाई महनीय बनाइएको छ । पृथ्वीनारायण राज्यविस्तारवादी युद्धवीर मात्र नभई युगसचेत सांस्कृतिक धार्मिक नायक पनि देखिएका छन् । उनमा राज्यविस्तारक सामन्तमा पाइने क्रुरताको गन्ध पनि छैन । उनी राज्यविस्तार मात्र गरिरहेका छैनन्, मूलतः हिमवत्खण्डको ऋग्वैदिक कालदेखिको स्वत्व, निजत्व वा स्वकीय आर्षपरम्परा वचाउने उद्देश्यले शक्तिसञ्चय गरिरहेका छन् । विशाल भूभाग र विशाल जनसमूहलाई एकसुत्रमा आवद्ध गर्ने उद्देश्यको माध्यमको रुपमा मात्र युद्ध गर्नुपरेको हो वा विधर्मी शक्तिसित जुध्न सक्ने सामर्थ्यको आर्जनका निमित्त नै एकिकरणको अभियान चलाउनुपरेको हो भन्ने उनको ठनाइ छ । पूर्वको प्रीति घुरेर वस्ने शान्ति, शदभावना र आर्य सभ्यताका प्रतीक कपोतद्वन्द्व को

हृद्ध्वनिका आह्वानमा यो अभियान चालिएको हो, वस्तुतः हिमाली जाति र जनचेतनाको आह्वानमा अर्थात् हिमाली जनजातीय चैतन्यले गराउन लाएर, यो काम गर्न थलिएको हो, जुन काम जसले अघि सरेर गरे पनि हुन्थ्यो, त्यो काम गर्न हामी (गोरखाली) अघि सर्यौं राम्रै भयो भन्ने उनी ठान्दछन् । आफ्ना

भाइहरुलाई जग्गा-जमीन वढाइदिएर धनी सामन्त बनाउने वा आफु महासामन्त वनेर ऐस-आराम गर्ने उद्देश्य देखिँदैन । स–साना टुक्रे राज्यमा छरिएर निस्तेज एवं शिथिल भईरहेको शक्ति सँगाली पुर्वीय प्राचीन परम्पराको रक्षागर्न सामर्थ्य सङ्कलन गर्नु र त्यसलाई महानदीको रुपमा  अनवरत प्रवाहित राखी उत्तरोत्तर शक्तिशाली हुँदै जाने अखण्ड राष्ट्रको रचना गर्नु उनको उद्देश्य रहेको छ । स्व धर्म,स्वसंस्कृति र स्वकीय जातीय भावनाको चिरसंरक्षण गर्नु यी शाहको मूल ध्येय रहेको छ । सारांशमा, यस काव्यमा जातको आधारमय साम्प्रदायिक विभाजन चाहने प्रवृत्तिको विरुद्ध जातीय एकता अखण्ड राख्न र जातपातवाट जातिमा परिणत हुनुपर्छ भन्ने युगानुकूल चिन्तनको संरक्षण गर्न एकिकरणको अभियान चलाउने दूरदर्शी–पारदर्शी युगनेताका रुपमा पृथ्वीनारायण शाहको चरित्र स्पष्टिन पुगेको छ ।

## ५.३.२.३.२ दलमर्दन शाहको चरित्र

प्रस्तुत काव्यले दलमर्दन शाहलाई उस्तो अनुदात्त पनि होइन, पर्याप्त उदात्त पनि होइन, वरु सरदर असल-अशलै सामान्य मान्छेको रुपमा प्रस्तुत गर्न चाहेको छ, यद्यपी उनलाई साम्प्रदायिक विभाजन चाहने र व्यक्तिगत स्वार्थका निम्ती काम गर्न तयार हुने व्यक्तिका रुपमा  पनि चिनाउन खोजेको छ । वस्तुतः उनी आफ्नो किसिमले जीवनलाई अर्थ्याउँछन्, छोटकरीमा भन्नुपर्दा दलमर्दन धीरोद्धात प्रकृतिका उपनायक छन् । गोरखामा जन्मिएका त्यही बढेका र त्यहाँको सीमित परिवेशअनुरुपकै ह्दय पाएका दलमर्दन शाह छन् ।... उनी त्यो दाजु र आफुले आर्जेको सुदूर प्रान्तको रेखदेख आफुबाट हुन नसक्ने एकातिर सम्झिन्छन् भने अर्कोतिर दरवारिया भोग, विलास, आराम आदिलाई सम्झेर त्यसका साथ आफ्नो वर्तमान(युद्धरत) जीवनको तुलना गरेर वाक्क हुन्छन् ।......धीरोद्धत प्रकृतिका दलमर्दन शाह जोशिला त अवश्य छन् तर उनको त्यो जोश स्थायी नभई क्षणिक छ र उनको प्रकृतिअनुरुप हृदयमा उत्साहको अभावले  गर्दा निरन्तर सङघर्षशील वनिरहने प्रेरणा उनलाई दिने कुनै तत्व उनको

हृदयमा निहित छैन र योद्धाको जीवनमा हुने भौतिक दुःख र दरवारिया  सुखको तुलनाले उनलाई आतुर बनाईदिन्छ । दलमर्दन शाहको व्यक्तित्वमा साम्प्रदायिक विभाजन चाहने प्रवृत्तिको छाया

उतारिएको छ तापनि उनी यथोचित सङ्घर्षपछि जीवन भोग्न चाहन्छन् । वास्तवमा दलमर्दन शाह सधैं सङ्घर्षरत हुन नसक्ने सर्वमान्य वा स्वभाविक यथार्थ मान्छेको प्रतिनिधित्व गर्छन,(दीर्घकालीन) जीवनव्यापी सङ्घर्षमय सधैं लागिरहने आदर्शका कुरामा उनको मन रम्दैन ।

वस्तुतः दलमर्दन शाह पृथ्वीनारायणको **राष्ट्र-निर्माता** व्यतित्वको तुलनामा स्वार्थी र छोटो मनोवृत्तिका खलनायकका रुपमा देखिए पनि मान्छेका रुपमा उनको चरित्र स्वाभाविक र यथार्थ छ–अधिकांश मात्र होइन वहुसङ्ख्यक मानिसहरु दलमर्दन शाहकै अनुरुप सोच्तछन् । यसैले व्यक्तिको रुपमा दलमर्दनलाई कृष्ट एवं नीच तुच्छ भन्न मिल्दैन । विशाल राष्ट्रको निर्माण गर्ने , त्यसको अखण्डता अक्षुण्ण राख्ने महायज्ञमा समर्पित हुने विराट् स्वार्थ र आदर्शका दृष्टिले चाहिँ उनी कमजोर देखिन्छन । अतएव कविले पनि राष्ट्रिय स्वार्थ वा जातीय अखण्डताको दृष्टिले मात्र दलमर्दनलाई गिराएका छन् वा केहि कमजोर व्यक्तित्व ठहराउने छिद्र दिएका छन् , अन्य दृष्टिले दलमर्दनका जीवनदृष्टिसित कविले उत्तिकै सहानुभूति राखेका छन् । हुन पनि दलमर्दनको केहि पुरुषार्थ गरेपछि भोग चाहने जुन जीवन चिन्तन छ त्यो शाश्वत एवं मनुष्य मात्रमा पाइने कुरा हो ।

दुवै पात्रको चरित्र मोटामोटी रुपमा केलाइसकेपछि के निष्कर्षमय पुगिन्छ भने राष्ट्रनिर्माताका रुपमा तथा जातीय अखण्डताको संवरण सम्भरण गर्ने महामहिम व्यक्तिका रुपमा पृथ्वीनरायण श्रद्धेय छन्, आदर्श छन् तर त्यस्ता आदर्श महापुरुषहरु थोरै हुन्छन । यसैले सरदर मनुष्यका जीवनचिन्तन वा आमलोकधारणाको प्रतिनिधित्व पृथ्वीनाराणवाट भएको छैन–जीवनवोधको सन्दर्भमय ।  वरु सरदर मान्छेका चारित्रिक प्रवृत्तिको  प्रतिनिधित्व दलमदर्नवाट भएको छ । यी दुवै पात्र आफ्ना–आफ्ना किसिमले क्रमशः एकाध महामानव र वहुसङ्ख्यक सरदर मानवको प्रतिनिधित्व गर्छन । कुनै एक पात्र ( पृथ्वीनारायण) लाई उच्च देखाउने धुनमा अर्को पात्र (दलमर्दन) लाई ज्यादै गिराउने प्रयत्न यहाँ गरिएको छैन । यसर्थ राष्ट्रनिर्माता काव्यका दुवै चरित्र आआफ्ना किसिमले उच्च र प्रभावशाली नै देखिन्छन् भन्न कर लाग्छ र प्रस्तुत काव्य चरित्रचित्रणका दृष्टिले पर्याप्त शक्तिशाली वन्न पुगेको छ ।

तर यसको पात्रविधान वा चरित्राङ्कन पनि कथानकजन्य कार्यव्यापारमय पूर्णतः प्रभावित हुन नसकेकोले काव्यको प्रभावोत्पादकतामा

धेरै सहयोग पुर्‍याउन सकिनरहेको भने प्रतीत हुन्छ ।

## ५.३.२.४ परिवेश

कृतिमा पात्रहरूले भूमिका निर्वाह गर्ने स्थान नै परिवेश हो । यस काव्यको भौगोलिक परिवेश गोरखा हो र नेपाल एकीकरणका बेलाका अन्य स्थानहरू रहेका छन् । यस काव्यको स्थानिक र भौगोलिक परिवेश नेपालको पूर्वोत्तर प्रान्तीय हिमाली-पहाडी भेक हो । यस काव्यमा पृथ्वीनारायण शाहको एकीकरण समय अङ्ग्रेजी साम्राज्य विस्तारको अवधि छ । हुन त यस काव्यको कालिक परिधि अङ्ग्रेजी साम्राज्यको विस्तार काल र नेपाल एकीकरण कालदेखि लिएर तदानिन्तन ( यस काव्यको समागल २०२३) राष्ट्रिय अन्तर्राष्ट्रिय युगबोध र अन्तर्राष्ट्रिय युगबोधसम्म फैलिन पुगेको छ ( पोखरेलःऐजन८७) । यस काव्यमा ऋतुचक्रका दृष्टिले शरद ऋतुको वर्णनका अतिरिक्त प्रात-काल, सन्ध्या, निशा, दिवा, वर्षा, हिउँद आदिको उल्लेख गरिएको छ । त्यस्तै नेपालमा मालसिरी- चाँचरी जस्ता लोकभाकाको सुमधुर ध्वनि सुनिने गरेको अवस्था र नेपालीहरूको धार्मिक-साँस्कृतिक चेतना विकसित भएको सन्दर्भ पनि छ (निरौला,२०६६:१७६) । खण्डकाव्यकारले इतिहासलाई तत्कालिन ऐतिहासिक सन्दर्भकै चापमा लिएर पनि वर्तमान कालीन सन्दर्भलाई अत्यधिक प्रभावित पारेका छन् । यसर्थ **राष्ट्र-निर्माता** को कालिक परिवेश दीर्घायतनव्यापी र विस्तृत हुन पुगेको छ (पोखरेल,२०५६:८८) ।

## ५.३.२.५ रस वा भाव

साहित्य आस्वादन गर्ने साधन भएकाले साहित्यमा रस अन्तर्निहित हुन्छ । **राष्ट्र-निर्माता** खण्डकाव्यमा वीरतापूर्ण राष्ट्रनिर्माणको अभियानलाई व्यक्त गरेकाले यहाँ उत्साह भावको प्रधान छ । यहाँ शमभाव स्वल्पमात्रामा चलमलाए पनि विस्मयभाव पर्याप्त प्रबल बनेको देखिन्छ । प्रकृतिका रहस्यहरू उद्घाटित गर्न खोजिएका स्थलहरूमा आदभूतिकता अनुभव हुन्छ र विस्मय दशामा पुगिन्छ ( पोखरेलःऐजन) । यस काव्यमा पृथ्वीनारायण शाहभित्र रहेको अदम्य उत्साह, कर्मशीलता र उदात्त

भावनाका कारण उत्साहभावले विकसित हुने मौका पाएको छ । वीर रसको उपजीव्य आधार उत्साहभाव नै यहाँ अङ्गीभावको रुपमा प्रतिष्ठित रहेको छ तर

भावले जुन रुपमा दीप्ति र पुष्टि पाएर रसमा परिणत हुनु पर्थ्यो सो यहाँ हुन सकेको छैन । तर पनि काव्यरसिकहरूको भनाइ हेर्दा यहाँ वीर रस पाइन्छ । पात्रमा वीररसमूल कार्यकलाप देखाएको छैन । तर काव्यमा वर्णित केही पंक्तिहरूले वीरभाव वहन गरेको छ । जस्तै :-

होमिन्छु मै, होम्दछु वीर मेरा

म घेर्छु एकै चुलि सात फेरा

जुधी जुधी वादल क्या कमाल

निकाल्दछन् कात्तिकमा हिमाल (पोखरेल,२०४९:३३)

यो माथिको पंक्तिमा वीररस सगवगाउन खोजे पनि अझ तीव्र रुपमा जगाउन सकेको छैन । प्रस्तुत काव्यमा विस्मयबोधक पर्याप्त भए पनि अद्‌भूत रस निष्पन्न भएको छैन : अन्य रस मान्नै सकिन्न, रस नै मान्नुपर्दा वीर रस नै मान्नु पर्छ (पोखरेल, २०५२:९०) । यस काव्यमा अङ्गी रसको रुपमा वीर रस नै रहेको छ । एउटै मात्र रस वा भावको संरचनाबाट काव्यले पूर्णता नपाएको पृष्ठभूमिमा उत्साह भावलाई राष्ट्रविषयक रतिभाव, राज्यभोग विषयक मोहभाव र प्रसङ्गानुसार उत्पन्न हुने विर्तक, मति, गर्व, चिन्ता, ग्लानिजस्ता भावहरूद्वारा वीररसलाई व्यक्त गर्ने उत्साहभाव नै प्रमुख रुपमा प्रकट भएको अनुभूति गर्न सकिन्छ (निरौला,२०६६:१७८) । यो काव्य राष्ट्र विषयक रतिभावमा केन्द्रित उत्साह स्थायीभावको अङ्गका रुपमा देखा पर्दछ र वीररसको आस्वादनका लागि सामर्थ्य देखिन्छ ।

## ५.३.२.६ केन्द्रीय कथ्य

इतिहासका पात्र पृथ्वीनारायण शाहलाई वर्तमान परिवेशमा खण्डकाव्यकारले उतारेका छन् । राष्ट्रवादी स्वरलाई सशक्त रुपमा प्रस्तुत गरिएको छ । उदारवादी र भोगवादी द्वन्द्ववीच भोगवादी व्यक्ति क्षणिक हुने र उदारवादी प्रवृतिले मानिस सदा अमर हुने भाव पनि छ । राष्ट्रिय अखण्डताको महत्त्व ,सार्वभौमसत्तासम्पन्न, सम्प्रभुतायुक्त विशाल राष्ट्रको अस्तित्वमा नै सम्पूर्ण राष्ट्रवासीको अस्तित्व रहने

हुँदा राष्ट्रिय अखण्डताका सामु कुनै पनि कुरा महत्वपूर्ण नहुने अखण्ड राष्ट्रवादी चिन्तनलाई देखाउनु नै यस काव्यको केन्द्रीय अभिव्यक्ति बन्न पुगेको छ ।

टुक्रे राज्यमा राष्ट्रवासीको अस्तित्व नहुने हुँदा जातीय वा अंशियारका रुपमा राज्य विभाजन गर्नु राम्रो होइन भन्ने भाव यस काव्यमा लुकेको छ ।यसै सन्दर्भमा प्रस्तुत भनाइलाई हेर्न सकिन्छ :-

पारिन्छ सत्ता जब खण्ड खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाट (घिमिरे,२०४९:२६)

राष्ट्र विभाजन गर्ने वस्तु र शिकारीको शिकार नभएकाले यसलाई नबाँड्न आग्रह पनि छ । जस्तैः

खेलेर ऐह्रा मृग एक मारी
बाँडी कलेजो जति छन् शिकारी
बिलो लिए झैँ शरमा उनेर
यो राज्य बाँड्ने चिज होइन हेर! (घिमिरे,२०४९:२७)

यसरी हेर्दा राष्ट्रवासीको अस्तित्वका लागि त्यो राष्ट्रलाई कहिल्यै विभाजन नगर्ने आह्वान छ ।

### ५.३.२.७ लय

लय प्रयोगका दृष्टिले यो खण्डकाव्य उत्कृष्ट छ । वर्णमात्रिक वर्गको उपजाति छन्दलाई यस काव्यमा अत्यन्त सफलताका साथ नचाइएको छ । उपजाति छन्दलाई घिमिरेले नेपाली छन्द बनाउन पुगेका छन् । नेपाली खण्डकाव्यमा देखा परेको बद्धलयमा यो काव्य संरचित छ । बद्धलयको वर्णमात्रिक छन्दमा रचना गरिएको यस काव्यमा छन्दले भावलाई च्यापेको छैन बरु छन्द भावासित आएको छ । एघार/ एघार अक्षरका पाउ हुने इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दका मात्र जम्मा सात श्लोक र उपेन्द्रवज्रा छन्दका मात्र पाँच श्लोक पर्न गएका छन् तापनि १२८ श्लोकको काव्यमा तिनको सङ्ख्या नगण्य छ र यस काव्यलाई कुनै पाउ इन्द्रबज्राका र कुनै पाउ उपेन्द्रबज्राका मिसिएर श्लोक पूरा हुने उपजाति छन्दको कृति मान्नु पर्ने हुन्छ (पोखरेल,२०५८:९५) । उपजाति छन्दमै काव्यका अधिकतम पद्यहरू निर्मित छन् ।थौरे

स्थानहरूमा मात्र इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दको प्रयोग भएको पाइन्छ । जस्तै :-

परिन्छ सत्ता जब खण्ड  खण्ड

SSI  SSI  ISI  SS  – इन्द्रवज्रा

रहन्छ के राष्ट्र त्यहाँ अखण्ड

ISI  SSI  ISI  SS  – उपेन्द्रवज्रा

यो काव्य स्वच्छन्द वेगमय छन्दोविधानको काव्य नभए पनि मन्दमन्द गतिले भुलमुलाउने अन्तःप्रेरणाका भुल्काहरू कै परिष्कार-चैतन्यका चाल्नीमा छानिएको रचना हो । छन्दविधान निर्माण चातुर्यको दीप्तिले पर्याप्त आलोकित भएर पनि प्राकृत, अकृत्रिम सहजताको स्तरमा उक्लिएको छ ।

## ५.३.२.८ कथनपद्धति

**राष्ट्र-निर्माता** खण्डकाव्यमा कविको प्रत्यक्ष उपस्थिति छैन । यो काव्य कविकथन र आख्यानीकृत कथन दुवै किसिमको कथनपद्धतिमा तयार भएको छ । काव्यको प्रारम्भ नै कविनिबद्ध पात्रहरूका माध्यमबाट भएको छ भने अन्त्य चाहिँ कवि स्वयमद्वारा भएको हुँदा यहाँ कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति कथन दुवै रहेको कुरा स्पष्ट हुन्छ (निरौला,२०६६:१६४)। कवि आफू प्रत्यक्षतामा केही भन्दैनन् र यहाँ पात्रहरू मात्र बोल्छन् त्यसैले यो काव्य कविनिबद्धवक्ताका प्रौढोक्ति सिद्ध पद्धतिमा रचिएको छ । यो काव्य पृथ्वीनारायण र दलमर्दनका कथोपकथनमा समाप्त भएको छ । यी दुई पात्र कवि कल्पित पात्र हुन् ।   एक /एक सर्ग एक /एक पात्रले बोलेकोमा बाँधिएको छ । यी पात्र इतिहासका हुबहु पात्रहरू नभएर कवि मनका पृथ्वीनारायण र दलमर्दन शाह हुन् । तेस्रो पुरुष दृष्टिविन्दुमा संरचित यस काव्यमा अन्तिम सर्गलाई छोडेर वाँकी सर्गमा कविले उपस्थित गराएका पात्रहरूको सुन्दर उक्ति सर्वत्र देख्न सकिन्छ (निरौला:ऐजन) । राजा महेन्द्रले टङ्कप्रसाद आचार्यको नेतृत्वमा बन्ने नयाँ मन्त्रीमण्डलमा जातीयताको कुरा उठेपछि कविमा नेपाल जातीयताका आधारमा विखण्डन हुने भयो भन्ने भाव जाग्यो । त्यही भावसँग मिल्दो कथावस्तु र त्यसको नायक इतिहास प्रसिद्ध व्यक्ति पृथ्वीनारायण

शाहलाई कविले आफ्ना राष्ट्रवादी विचारहरू बोल्न लगाएका छन् । राष्ट्र विभाजन गर्ने तत्व होइन भन्ने आग्रह गर्दै राष्ट्र अविभाज्य वस्तु रहेको र त्यसमै राष्ट्रको अस्तित्व सुरक्षित रहेको कुरा पनि सुन्दर दृष्टान्तका साथ प्रस्तुत गरिएको छ :-

खेलेर ऐह्रा मृग एक मारी
बाँडी कलेजो जति छन् शिकारी
बिलो लिए झै शरमा उनेर
यो राज्य बाँड्ने चिज हैन हेर । (घिमिरे,२०४९:२७)

समग्रमा भन्नुपर्दा नाटकीय शैलीको न्यून प्रभाव भएको यस काव्यमा कविनिबद्ध वक्तृप्रौढोक्तिसिद्ध कथन छ ।

## ५.३.२.९ विम्बप्रतीक विधान

साहित्य र गैरसाहितियिक विधा भनेर छुट्ट्याउने प्रमुख तत्व भनेकै बिम्बप्रतीक विधान हो । बिम्ब साहचार्य वस्तु एवम् शब्दको छाया हो भने प्रतीक अमूर्त वस्तुलाई बुझाउन प्रयोग गरिने माध्यम हो ।त्यसैगरी यस **राष्ट्र निर्माता** खण्डकाव्यमा विम्ब प्रतीक अलङ्कारको प्रयोग छ । शीर्षक नै प्रतीकात्मक रुपमा प्रयोग भएको छ । **राष्ट्र-निर्माता** शीर्षकले मूलत राष्ट्र निर्माण गर्ने व्यक्ति विशेषलाई बुझाएको छ । अलङ्कारको प्रयोगले काव्य अझ सुन्दर बनेको छ । अलङ्कार भनेको आभूषण हो । यसले काव्यलाई सुन्दर र आकर्षक बनाउँछ, शब्दअलङ्कार र अर्थालङ्कारको प्रशस्त प्रयोग शब्दालङ्कारहरूले ध्वनि माधुर्य र साङ्गीतिक अनुगुञ्जनलाई सशक्त र प्रभावकारी तुल्याएका छन् । शब्दालङ्कार भन्दा अर्थालङ्कारको उपस्थिति यसमा उच्च छ । शब्दालङ्कारका अनुप्रास, यमक र श्लेष अलङ्कारको चमत्कारपूर्ण प्रयोगबाट नै यो काव्य प्रभावित छ । शब्दालङ्कारको रुपमा रहेको यमक अलङ्कारको उदाहरण तल प्रस्तुत गरिएको छ :-

भविष्य हेर्छन् लहरी उठेर
रहस्य घेर्छन् लहरी जुटेर
को लाग्छ यौटे लहरी लुटेर
लाखौं लघार्छन लहरी छुटेर (घिमिरे,२०४९:३१)

यस खण्डकाव्यमा पृथ्वीनारायण शाह र दलमर्दन शाहका बीच संवादका क्रममा व्यक्त विचारहरू अन्तर्गत अर्थालङ्कारका अनेकौं प्रयोगहरू स्वाभाविक रुपले प्रयोग भएका छन् । अतिशयोक्ति अलङ्कारको प्रयोग भएको एउटा पंक्तिलाई तल प्रयोग गरिएको छ :-

यौटा न यौटा चुलिमा जरुर
हालीरहेको रविले सिन्दुर
थालीनसक्ने कहिल्यै कहानी
नेपालको सुन्दर जिन्दगानी (घिमिरे,२०४९:२०)

प्रस्तुत माथिको पंक्तिमा उपमेय नेपाली पहाडमा सूर्यका किरणहरू पर्नुलाई र उपमान रविले सिँदुर हाल्नुका रुपमा अध्यवसानपूर्वक आरोप गरिएका कारण अतिशयोक्ति अलङ्कार उत्पन्न भएको छ । यसबाट नेपालको पहाडी क्षेत्रमा सधैं उज्यालो रहने गरेको तथा नेपाली जनजीवन जहिलेसुकै सुखदायी रहेको कुरा प्रष्ट हुन्छ (निरौला,२०६६:१८२) ।

उपमा अलङ्कारको प्रयोग भएको सुन्दर पंक्तिलाई तल प्रस्तुत गरिएको छ :

परन्तु दाज्यै! अब पाउनेर
म गर्छु बिन्ती धनु झैं झुकेर
भो लड्न छाडौं अब बढ्न छाडौं
यही बलीयो ध्वजदण्ड गाडौं । (घिमिरे,२०४९:१४)

प्रस्तुत पंक्तिमा उपमेय म (दलमर्दन शाह),उपमान धनु, साधारण धर्म झुक्नु र वाचक झैं आदिको प्रयोगका कारण उपमा अलङ्कार छ । यसबाट पौराणिक एवम् सांस्कृतिक परम्पराअनुसार चलिआएको ठूलाबडा प्रतिको अभिवादन प्रक्रियाअनुसार दलमर्दन शाहले आफ्नो व्यवहार प्रकट गरेको कुरा स्पष्ट हुन्छ । यस काव्यमा अर्थालङ्कारका अतिशयोक्ति, उत्प्रेक्षा, उपमा, रुपक, कारक, दीपक, दृष्टान्त, अर्थान्तरन्यास, विरोधाभास, समासोक्ति, पर्यायोक्ति अलङ्कारहरूको प्रयोग भएको छ । यी अलङ्कारहरूका प्रयोगले काव्यको महत्व अझ बढ्न गएको छ । बिम्ब शब्दहरूको चित्र भएकाले यहाँ प्रयोग भएको हरेक पंक्तिले आफ्नै किसिमको तस्वीर उतारेको छ । यसका लागि तलको पंक्तिलाई लिन सकिन्छ :-

भाइ! शरद् सुन्दर घाम लाग्यो

उघ्रयो झरी,झल्मल घाम लाग्यो

हिमालको दर्शन बल्ल पाएँ

विशालको दर्शन तुल्य पाएँ

प्रस्तुत माथिको पंक्ति हेर्दा शरद् ऋतुमा प्रकृतिमा कस्तो परिवर्तन देखा पर्दछ । त्यो परिवर्तित रुप हाम्रो मष्तिष्कमा तस्वीर बनेर बस्छ झरी परेर घामलाग्दाको अवस्था, त्यस झरीका कारण विशाल हिमाल कैयौँ दिनसम्म देख्न नपाएर देख्न पाउँदा हर्षित मानव मनको चित्रण छ । यसरी विम्ब प्रतीक अलङ्कारले काव्यलाई अझ रसिक तुल्याएकाले ती सबै बिम्ब प्रतीक, अलङ्कारको प्रयोग उचित रुपमा यस काव्यमा छ । यही उचित संयोजनले काव्यको महत्त्व अझ  बढ्न गएको छ ।

## ५.३.२.१० भाषाशैली

भाषाशैलीका हिसाबले हेर्दा **राष्ट्र-निर्माता** खण्डकाव्यमा सरल सहज भाषाको प्रयोग गरी कवि घिमिरेले कलात्मक शैलीको प्रयोग यसमा गरेका छन् । परिस्कृत भाषाशैलीका कारण हरेक पंक्ति-पंक्तिमा कवितात्मकता, चारुता, लालित्य र भावगाम्मीर्यको छटा देख्न पाइन्छ । यस काव्यमा तत्सम-तद्भव-समान्वित शब्द स्वरुप छ । श्रुतिरम्य र बौधगम्य प्रौढ भाषिक शिल्पको सफलतामय प्रस्तुति नै **राष्ट्र-निर्माता** खण्डकाव्यको उल्लेखनीय पक्ष हो (निरौला,२०६६:१७९) । हैमी, मिलिन्द मकरन्द, स्वान्त, श्यामल, हिमाद्रि जस्ता तत्सम पद, झलमल, कलकल, झिलिमिली जस्ता अनुकरणात्मक शब्दको प्रयोग छ । वेदोपनिषद्का यथावत्, उद्धृत गरिएका, जीवेम भूयःशरदःशताच्च तथा सहनौ भुनक्तु जस्ता सूक्ति, धूप खिल्छ, रुप खिल्ब, झाँकी जस्ता आगन्तुक शब्दले काव्य दुरुह हो भन्ने लागे पनि भाववोध स्पष्ट हुने भएकाले त्यो स्पष्ट छ । कालिदासको उपमाको प्रयोग नेपालीमा पौड्यालपछि घिमिरेले नै उत्कृष्ट रुपमा गरेकाले शैली चातुर्यताका दृष्टिले अघि छन् । दुई पात्रहरू उपस्थित यस खण्डकाव्यमा नाटकीय संवादात्मक ढाँचा अर्थात नाटकीकृत शैलीमा प्रथमपुरुष दृष्टिविन्दु अन्तर्गत **राष्ट्र-निर्माता** खण्डकाव्यको निर्माण भएको छ । प्रस्तुत काव्यको कविता कौशल्या निर्मितभित्रको स्वाभाविकता, आक्षरिक,

समानुपातिक शब्दको लगभग समरुपी विन्यास वर्णसङ्गति र व्यञ्जनाचारुता आदिद्वारा जुन चटक मटक र तरलता प्राप्त भएको छ त्यो नेपाली कविता परम्पराकै उल्लेखनीय प्राप्त बन्न पुगेको छ । यस काव्यमा प्रसाद, माधुर्य र आवश्यकतानुसार ओज गुण पनि समावेश गरिएको छ ।

## ५.३.२.११ सर्गबद्धता

खण्डकाव्य जीवनको एकांशताको चित्रण गरिएको कृति भएकाले र कविताको मध्यम रुप भएकाले यसमा बढीमा सात सर्ग सम्म हुन्छ । खण्डकाव्यकार घिमिरेले 'सर्ग' नामले विभाजन गरेअनुसार यसमा जम्मा पाँच सर्ग  छन् । प्रथम सर्गमा पच्चीस, द्वितीय सर्गमा बाइस, तृतीय सर्गमा पच्चीस, चतुर्थ सर्गमा तेइस र पञ्चम सर्गमा तेत्तीस श्लोक गरी जम्मा एकसय अठाइस श्लोकहरू छन् । पृथ्वीनारायण शाह र दलमर्दन शाह पात्र रहेका प्रस्तुत खण्डकाव्यमा प्रमुख पात्र पृथ्वीनारायण शाहका कथनबाट पहिलो सर्ग प्रारम्भ भएको छ । दोस्रो सर्गमा दलमर्दन शाहको कथन छ । तेस्रो सर्गमा पृथ्वीनारायण शाहको कथन छ । चौथौ सर्गमा दलमर्दन शाहको कथन र पाँचौ सर्गमा पुनः पृथ्वीनारायण शाहकै कथन छ । पहिलो सर्ग पृथ्वीनारायण शाहको मुखबाट शरद्कालीन हिमालको वर्णनबाट प्रारम्भ गरिएको छ र उनकै मुखबाट शारदीय हिमशैलको उल्लेख गर्दै सहनौ भुनक्तु भन्ने वांक्याशमा काव्यको अन्त्य गरिएको छ । संवादकै ढाँचामा प्रकृति, युद्ध र योद्धा, राष्ट्र र राष्ट्राध्यक्ष बारेमा तथा जीवनजगत्का कतिपय गम्भीर प्रश्नहरूका बारेमा कविका अनुभूति चिन्तनहरू बुनिएका छन् ।

## ५.३.२.१२.निष्कर्ष

पाँच सर्गमा विभाजित प्रस्तुत खण्डकाव्यमा खण्डकाव्यकार घिमिरेले शास्त्रीय छन्दलाई नेपाली प्रकृति चित्रण र राष्ट्रियताका हिसाबले नेपाली करण गरेका छन् । कविले पृथ्वीनारायण शाहको उदात व्यक्तिŒव एकातिर चित्रण गरेका छन् र अर्कोतिर उनका पृथकतावादी भाइ दलमर्दन शाहको व्यक्तिवादी सिद्धान्तको प्रतिपादन गर्न कवि सफल छन् । नेपाली साहित्यअनुसार भानुपछिको राष्ट्रिय कविहरूमा बलियो स्तम्भ चाहिँ घिमिरे हुन् । जति घिमिरेका

काव्यमा राष्ट्रप्रतिको चेतना सलबलाएको अरुमा छैन । पृथ्वीनारायण शाहको एकीकरण अभियान पछि नेपालको सुरक्षाका लागि बाउन्न क्षेत्रका प्रहरीहरू सुरक्षाका लागि खिया नलाग्ने खुकुरी लिएर बसाउनु वैचारिक ध्वनि काव्यमा छ । बुद्ध धर्मको प्रवेशपछि सम्राट अशोकले खुकुरीमा धार लगाउने कामलाई बिर्सिएर फलतःएकदिन त्यो दिन पनि आयो र भारत गुलाम भयो (न्यौपाने,२०३०:३३) । वीर रस अङ्गीरस र शृङ्गार शान्त आदि अङ्ग रसको रुपमा प्रयोग गरिएको यस काव्यमा पृथ्वीनारायण शाहले

गरेको राष्ट्रियताको शङ्खघोष गरिएको छ । यस खण्डकाव्यमा विशाल, व्यापक, राष्ट्रिय स्वार्थ र

| क. सं. | आधार पात्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेत | आसन्नता | आवद्धता |
|---|---|---|---|---|---|---|---|---|

सङ्कुचित हुने प्रवृति वीचका द्वन्द्वको माध्यमबाट कविद्वारा राष्ट्रको जीवनमा बेलाबखत आइ पर्ने चुनौतिहरुप्रतिको सचेतता प्रस्तुत गरिएको छ ।

## ५.४. निष्कर्ष

यस परिच्छेदको मुख्य शीर्षक **'राष्ट्र–निर्माता'** खण्डकाव्यको अध्ययन र विश्लेषण रहेको छ । यस परिच्छेदमा **राष्ट-निर्माता** खण्डकाव्यको परिचय स्पष्ट रुपमा दिइएको छ । यसै परिच्छेदमा कविले **'राष्ट्र–निर्माता'** खण्डकाव्य रचनाको प्रेरणा र प्रभाव पनि खुलाइएको छ । विधातŒवका आधारमा राष्ट्र निर्माता खण्डकाव्यलाई शीर्षक संरचना पक्ष, आख्यान, पात्र, परिवेश, रस वा भाव केन्द्रीय कथ्य, लय , कथन पद्धति, विम्व प्रतीक विधान भाषा शैली सर्गवद्धता र निष्कर्षका आधारमा चर्चा गर्नुका साथै निष्कर्ष लेखी यस परिच्छेदलाई पनि टुङ्ग्याइएको छ ।

| | | पु. | स्त्री. | प्रमुख | साहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | व्यक्तिगत | वर्गगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पृथ्वीनारायण शाह | + | | + | | | + | | | + | + | | + | | + | |
| २ | दलमर्दन शाह | + | | + | | | | + | + | | | + | + | | + | |
| ३ | पधेर्नी | | + | | | + | + | | | + | | + | | + | | + |
| ४ | मुकुन्दसेन | + | | | | + | | + | | + | | + | | + | | + |

**५.३.२.३.१ ‘राष्ट्र–निर्माता ’ खण्डकाव्यका पात्रको शैली वैज्ञानिक वर्गीकरण तालिका**

# परिच्छेद-छ

## उपसंहार एवम् निष्कर्ष

### ६.१ उपसंहार

प्रस्तुत शोधपत्रको शीर्षक '**राष्ट्र-निर्माता खण्डकाव्यको कृतिपरक अध्ययन**' रहेको छ । प्रस्तुत शोधपत्रलाई व्याख्या विश्लेषण गर्ने क्रममा छ परिच्छेदमा विभाजन गरिएको छ । शोधपत्रको पहिलो परिच्छेद शोध परिचयको रुपमा रहेको छ । यस खण्डमा शोधपत्रको शीर्षक, प्रयोजन, समस्याकथन, शोधपत्रको उद्देश्य, पूर्ववार्यको समीक्षा, शोधको महत्व, शोधको सीमाङ्कन सामग्री सङ्कलन विधि, शोधको सैद्धान्तिक ढाँचा र विश्लेषण विधि र शोधपत्र जम्मा ६ परिच्छेदको हुने रुपरेखा यस खण्डमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदको शीर्षक **खण्डकाव्यको सैद्धान्तिक स्वरुप र विधातत्त्व** रहेको छ । यस खण्डमा खण्डकाव्यको शब्द निर्माण प्रक्रिया, खण्डकाव्यको परिभाषा र चाहिने पूर्वीय ,पश्चिमी र नेपाली साहित्यमा खण्डकाव्यलाई कसरी चिनाइएको छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी खण्डकाव्यलाई पूर्वीय, पश्चिमी र नेपाली काव्यशास्त्रीहरूले परिभाषित गरेको कुरालाई पनि चर्चा गरिएको छ । कुनै पनि साहित्यिक कृति निर्माणका निम्ति निश्चित अवयवहरू चाहिने भएकाले खण्डकाव्य पनि कविता विधाको एउटा मध्यम रुप हो ।

कविता विधासँग नजिकै रहेको खण्डकाव्यका तत्त्वहरूलाई पनि यस परिच्छेदमा चर्चा गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदको शीर्षक **नेपाली खण्डकाव्यको विकासक्रम र राष्ट्र-निर्माताको उदय** रहेको छ । यस खण्डकाव्यमा नेपाली खण्डकाव्यको लेखन कहिलेदेखि थालियो र नेपाली खण्डकाव्यको इतिहासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालमा बाँडेको कुरालाई चर्चा गरिएको छ । नेपाली खण्डकाव्यको प्राथमिक काल लेखोटको युग, माध्यमिक काल मुद्रणको युग र आधुनिककाल पश्चिमी साहित्यसँग अन्तर्घलन भएको युग हो भन्ने चर्चा गरिएको छ । आधुनिक नेपाली खण्डकाव्यका परिस्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी र उत्तरप्रयोगवादी गरी पाँच

चरणहरू देखा परेका छन् । यी पाँच चरणमध्ये **'राष्ट्र-निर्माता'** खण्डकाव्य स्वच्छन्दतावादी धारा अन्तर्गत देखा परेको खण्डकाव्य हो । यो खण्डकाव्य माधव घिमिरेले आफ्ना अग्रज साहित्यस्रस्टाहरू लैखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाका मध्यमार्गी भएर ऐतिहासिक विषयवस्तुमा आधारित भएर लेखेको खण्डकाव्य हो ।

चौथो परिच्छेदको शीर्षक **माधव घिमिरेको खण्डकाव्य यात्रा र योगदान** रहेको छ । यस खण्डमा माधव घिमिरेको जन्म वि.स.१९७६ मा भएको र उनको काव्यलेखन १९९२ सालदेखि हालसम्म निरन्तर अघि बढेको कुरालाई चर्चा गरिएको छ। कविता, खण्डकाव्य, गीत, बालगीत, गीतिनाटकजस्ता विधामा कलम चलाएका जीवनको ९४ औँ वसन्त पार गरेका राष्ट्रकवि घिमिरे अहिलेसम्म पनि नेपाली साहित्यको भण्डारनमा तन,मन र वचनले लागेको कुरा चर्चा  गरिएको छ । वि.सं. १९९२ सालदेखि प्रारम्भ भएको उनको काव्यलेखन हाल २०७० सम्म हेर्दा पाँचवटा चरण देखा परेको छ । यस चरणमा उनले लगभग नौवटा जति खण्डकाव्य सार्वजनिक रुपमा प्रकाशनमा ल्याएको र ५/७ वटा अप्रकासित नै रहेको कुरालाई पनि यस खण्डमा चर्चा  गरिएको छ । संख्यात्मक र गुणात्मक रुपमा ती खण्डकाव्यहरू नेपाली साहित्यमा ज्यादै मूल्यवान् भएको कुरा पनि यस खण्डमा भनिएको छ । यस शोधपत्रको मेरुदण्डको रुपमा रहेको पाँचौ परिच्छेदमा **राष्ट्र-निर्माता** खण्डकाव्यको अध्ययन खण्डकाव्यका तत्त्वहरूको आधारमा गरिएको छ । यस क्रममा सर्वप्रथममा **राष्ट्र-निर्माता** खण्डकाव्यको सामान्य परिचय दिइएको छ । त्यसपछि खण्डकाव्यकार घिमिरेले **राष्ट्र निर्माता** खण्डकाव्य लेख्नुका कारण पनि

उल्लेख गरिएको छ । अर्थात घिमिरेले राजा महेन्द्रले जातीयताका आधारमा २०१९ सालमा मन्त्रीमण्डल गठन गर्न खोजे पनि कवि मनमा नेपाल जातीयका आधारमा विभाजन हुने भो भन्ने चस्का पस्छ । त्यही भएर खण्डकाव्यकारले इतिहास प्रसिद्ध नायक पृथ्वीनारायण शाहलाई केन्द्रविन्दुमा राखी राज्य शिकारीको शिकार होइन अंशियार होइन भन्ने भाव व्यक्त गर्दै **राष्ट्र-निर्माता** खण्डकाव्य लेखेको चर्चा छ ।

यस शोधपत्रको अन्तिम परिच्छेद शोध निष्कर्ष अर्थात यही खण्ड रहेको छ । यसका खण्डमा सिङ्गो शोध-प्रबन्धको निष्कर्ष दिनुको साथसाथै **राष्ट्र-निर्माता** खण्डकाव्यका बारेमा केही विचारहरूलाई

बुँदागत रुपमा पनि प्रस्तुत गरिएको छ । त्यसपछि सन्दर्भग्रन्थसूचीलाई लेखकको यसअनुरुप वर्णानुक्रममा प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत शोधपत्रलाई ६ खण्डमा विभाजन गरी सहज रुपमा अध्ययन गरिएको छ । **राष्ट्र-निर्माता** खण्डकाव्यले आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहको नेपाल एकीकरणको विजय अभियानलाई आफ्नो विषयवस्तु बनाएको छ । राज्य र फूल एकै हुन्, फूलबाट पत्रपत्र चुँड्दा फूलको अस्तित्व नभए झैँ सिङ्गो राज्यबाट जात, धर्म र वर्गका आधारमा अन्य राज्य निर्माण गर्ने हो भने त्यो राज्य अस्थिपञ्जर जस्तो हुने भावलाई व्यक्त गरिएको छ ।

## ६.२ निष्कर्ष

माधव घिमिरे नेपाली साहित्य बगैँचाका सुगन्धित फूल हुन् । माधव घिमिरेले नेपाली साहित्यमा आफ्ना मणिरुपी मगजले हालसम्म पनि नेपाली साहित्यको श्रीवृद्धि गर्ने काम गरिरहेका छन् । खण्डकाव्य लेखनको क्रममा वि.स.२०२३ सालमा प्रकाशनमा आएको **राष्ट्र-निर्माता** खण्डकाव्य घिमिरेको **राजेश्वरी** र **गौरी** पछिको तेस्रो उत्कृष्ट खण्डकाव्य हो । यस खण्डकाव्यमा भोगवादी र कर्मवादी विचारका बीच द्वन्द्व देखाइएको छ । इतिहासका पात्र गोरखाका महाराज नरभूपाल शाहका जेठा छोरा पृथ्वीनारायण शाहको केन्द्रीयतामा कथानक ढाँचा तयार गरिएको छ । क्षीण कथानक भएको प्रस्तुत खण्डकाव्यमा खण्डकाव्यकारले इतिहासका पात्र पृथ्वीनारायण शाहलाई हुबहु नउतारेर आफ्ना मनका पृथ्वीनारायण शाहलाई

उतारेका छन् र आफ्ना राष्ट्रवादी विचारहरू उनलाई बोल्न लगाएका छन् जुन केन्द्रीय कथ्यका रुपमा काव्यमा आएको छ । विशाल नेपालको तस्वीर अङ्कीत गरेका पृथ्वीनारायण शाह र उनका भाइबीच राज्य बाँड्ने कुरामा प्रस्तुत खण्डकाव्य घुमेको छ । पाँच सर्ग १२८ श्लोक, उपजाति छन्द र वीर रस अङ्गीरस, मानिएको रस खण्डकाव्यमा नाटकीकृत शैली अपनाउन खोजिएको छ । नेपाल एकीकरणको परिवेशलाई प्रस्तुत गरिएको यस खण्डकाव्यमा टुक्रे राज्यमा राष्ट्रवासीको अस्तित्व नहुने हुँदा जातीय वा अंशीयारका रुपमा राज्य विभाजन गर्नु राम्रो होइन भन्ने भाव पनि यस काव्यमा लुकेको छ । शब्दालङ्कार अर्थालङ्कारको प्रयोग गरिएको यस काव्यमा कविकथन र आख्यानीकृत कथन दुवै समावेश भएको छ । तत्सम्, तद्भव र आगन्तुक शब्दको प्रयोग भएको यस काव्यमा क्लिष्ट र ओज गुणको

प्रयोग नभई प्रह्लाद, मार्धुय र पाञ्चाली रीतिको प्रयोग गरिएको छ । मुक्तलयको वर्णमात्रिक उपजाति-छन्दको प्रयोग गरिएको यो खण्डकाव्य राष्ट्रवादी स्वर सुसेलेको उत्कृष्ट कृति हो । माथि उल्लेख गरिएका कुरालाई निम्नलिखित बुँदाहरूमा प्रस्ट पार्दा अझ राम्रो देखिन्छ :-

१. माधव घिमिरेले आफ्नो खण्डकाव्य यात्राको चौथो चरणमा लेखेको **राष्ट्र-निर्माता** खण्डकाव्य २०२३ सालमा सर्वप्रथम प्रकाशनमा आएको रचना हो ।

२. २०१९ सालको राजा महेन्द्रको भोजमा जाँदा कविमा परेको प्रभाव स्वरुप राष्ट्र निर्माताको उदय भएको हो ।

३. यस खण्डकाव्यको विषयस्रोत उत्पाद्य र ऐतिहासिक विषयवस्तु रहेको छ ।

४. गोरखाका राजा पृथ्वीनारायण शाह र दलमर्दन शाह गरी दुई पात्र रहेका यस काव्यमा झिनो आख्यानको प्रयोग गरिएको छ ।

५. ऋग्वैदिक, पौराणिक तथा ऐतिहासिक कालदेखिको विभूति र महिमाले सम्पन्न भएको नेपालको महत्वलाई काव्यमा प्रस्तुत गरिएको छ ।

६.सुनौलो नेपाल देखेका पृथ्वीनारायण शाह विराट् नेपालमा सुन्दरता देख्छन् तर भाइ विशालतालाई समात्न गाह्रो हुने बताउँछन् र राज्य विभाजन गरी आफू गोरखाको राजा बन्न चाहन्छन् ।

७. पृथ्वीनारायण शाह राज्य बाँड्ने कुरा होइन भनी भाइलाई सम्झाउँछन् ।

८. यस खण्डकाव्यमा पाँच सर्ग र एकसय अठार श्लोक छन् ।

९. पहिलो, तेस्रो र पाँचौ सर्गमा पृथ्वीनारायण शाहको उपस्थिति छ भने दोस्रो र चौथो सर्गमा दलमर्दन शाहको उपस्थिति छ ।

१०.वीर रसलाई अङ्गीरस बनाइएको खण्डकाव्यमा अन्यरस अङ्ग रसका रुपमा आएका छन् ।

११. पृथ्वीनारायण शाहको कथनबाट प्रारम्भ भएको खण्डकाव्य पृथ्वीनारायण शाह कै सहनौ भुनक्तु भन्ने पदावलीमा टुङ्गिएको छ ।

१२.तत्सम, तद्भव,आगन्तुक र वैदिक सुक्तले खण्डकाव्यलाई अझ राम्रो बनाएको छ ।

१३.हालसम्म लगभग नौवटा जति खण्डकाव्य लेखेको माधव घिमिरे परिस्कारवादी र स्वच्छन्तावादी धाराको मध्यममार्गीमा काव्य सृजना गर्छन् । त्यही परिणति स्वरुप **राष्ट्र-निर्माता** जन्मेको हो ।

१४.माधव घिमिरे नेपाली साहित्यमा लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटा पछिका उल्लेख्य कवि प्रतिभा हुन् ।

# सन्दर्भ ग्रन्थसूची

## पुस्तकहरू


अवस्थी,महादेव - आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श, काठमाडौ, इन्टेलेक्च्यूअल्स बुक प्यालेस २०६४ ।

उपाध्याय,केशवप्रसाद - तीन कविका तीन काव्य, ललितपुर साझा प्रकाशन, २०५६

____________ - विचार र व्याख्या दो.सं., ललितपुर साझा प्रकाशन, २०५०

एटम, नेत्र (सम्पा.) - राष्ट्रकवि, घिमिरेको समीक्षात्मक अवलोकन,काठमाडौ, तन्नेरी प्रकाशन, २०६०

खनाल ,यदूनाथ - समालोचनाको सिद्धान्त, साझा प्रकाशन,२०४९

घिमिरे, माधव - राष्ट्र-निर्माता, ललितपुर, साझा प्रकाशन, २०४९

जोशी, रत्नध्वज - साहित्यको अध्ययन, दो. स., ललितपुर, साझा प्रकाशन,२०४१

त्रिपाठी, वासुदेव - पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १, पाँ. सं.,ललिलपुर साझा प्रकाशन २०५८

____________ - नेपाली कविता भाग ४, चौ.स.ललितपुर साझा प्रकाशन २०६०

निरौला, लेखप्रसाद - राष्ट्रकवि घिमिरेको खण्डकाव्यकारिता, काठमाडौँ, सनराई प्रकाशन, २०६६

नेपाल, घनश्याम - आख्यानका कुरा, सिलगढी, नेपाली साहित्य प्रचार समिति, इ.१९८७

नेपाल, शैलेन्द्रप्रकाश - राष्ट्रकवि माधव घिमिरे, काठमाडौँ, गण्डकी सामाजिक गुठी, २०६१

पोखरेल, भानुभक्त - सिद्धान्त र साहित्य, विराटनगर ,श्याम पुस्तक भण्डार, २०४०

____________ - कवि घिमिरे र उनका काव्य चिन्तन, दो.सं., ललितपुर, साझा प्रकाशन२०५०

____________ - माधव घिमिरेका विशिष्ट खण्डकाव्य, ललितपुर, साझा प्रकाशन, २०५६

रिसाल , राममणि - नेपाली काव्य र कवि, पाँ.सं.,ललितपुर,साझा प्रकाशन २०५८

सुवेदी,अभि - पाश्चात्य काव्य सिद्धान्त काठमाडौँ, ने.रा.प्र.प., २०३०

## ख पत्रपत्रिकाहरू

त्रिपाठी, वासुदेव - ‘कवि घिमिरेको काव्ययात्रा र राजेश्वरी खण्डकाव्य’ रुपरेखा (वर्ष १२, अङ्क २१, पूर्णाङ्क १६७, २०५३ कार्तिक

न्यौपाने, दैवज्ञराज - ‘कवि घिमिरेको राष्ट्र निर्माता, मधुपर्क (वर्ष ६,अङ्क ६, २०३० कार्तिक)

पोखरेल, भानुभक्त - माधव घिमिरेका काव्ययात्राको विकासक्रमिक अनुरेखाङ्कन, गरिमा (वर्ष १४,अङ्क२१,पूर्णाक १६७,२०५३ कार्तिक

भट्टराई, घटराज - ‘माधव घिमिरेको व्यक्ति र कृत्ति,मधुपर्क (वर्ष ११, अङ्क १, २०३५ जेठ)

भट्टराई, तुलसी - ‘राष्ट्र-निर्माता’ खण्डकाव्यः मधुपर्क (वर्ष ९, अङ्क १२,२०३४ वैशाख)

भट्टराई, भरतकुमार - ‘कवि घिमिरेको काव्ययात्रा, कुञ्जिनी (वर्ष ४,अङ्क १,२०५३)

शर्मा त्रिपाठी, जगन्नाथ - ‘राष्ट्र निर्मातालाई यसो हेर्दाः मधुपर्क (वर्ष १०,अङ्क ३,२०३४ साउन )

## ग) अप्रकाशित शोधपत्र

गौतम, तारानाथ - कवि माधवप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ,त्रिभुवन विश्वविद्यालय,२०३४

दाहाल-धनश्याम - ‘राजेश्वरी खण्डकाव्यको कृतिपरक अध्ययन अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालयय, २०५५

निरौला,लेखप्रसाद - माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार योजना,अप्रकाशित,विधापरिधि शोधग्रन्थ, महेन्द्र संस्कृत विश्वविद्यालय, २०६३

पौडेल,अम्बिका - माधव घिमिरेका खण्डकाव्यको बस्तुस्रोत, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय २०६८